CC-0. In Public Domain. Digitization by eGangotri

# बैंकको मायाजाल

रवि कोहाड़



अनुवादक:
दिपेन्द्र पुरूष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# बैंकको मायाजाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तक : बैंकको मायाजाल

लेखक : रवि कोहाड

अनुवादक : दिपेन्द्र पुरुष

प्रकाशक : दिपेन्द्र पुरुष

प्रकाशन मिति : २०७८, चैत्र

प्रकाशन प्रति : १००० प्रति

मुल्य : रू. १००/–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## लेखकको भनाई

किशोरावस्थादेखि नै आफ्नो आसपास हरेक प्रकारको विसमता गरिबी, युद्ध र अपराध देख्दा मैले सोच्ने गर्थे कि यो सबै किन भइरहेको छ ? के यसलाई सदाको लागि अन्त्य गर्न सकिँदैन ? मैले यसमा ध्यान दिन थालें र थाहा पाएँ कि धेरै समाजसेवी, प्रशासनिक कर्मचारी, राजनेता, आन्दोलनकारी, बुद्धिजीवी, आदि इमान्दार र समर्पित व्यक्तिहरू यी तमाम समस्याहरूलाई आफ्नो आफ्नो तरिकाले पहिचान गर्ने र यसको समाधान खोज्नमा दिलोज्यानले जुटेका छन् । तर फेरि पनि समस्या घट्नुको सट्टा उल्टै बढ्दै गइरहेको छ :

जब उच्च शिक्षाको लागि म भारतीय प्रद्योगिकी संस्थान (IIT) दिल्लीमा भर्ना भएँ तब मैले मेरो ध्यान अर्थव्यवस्था र समाजको अध्ययनमा लगाएँ । एकपटक शिलशिला सुरु भएपछि पाइला अघि बढ्दै गयो । यस बिचमा धेरै किताब पढें, धेरै सोचे, धेरै व्यक्तिहरूसँग भेटें । यस प्रक्रियाबाट थाहा पाउन थालें कि हामीले आफ्नो आसपास भोगिरहेको समस्या वास्तवमा एक विशाल राक्षस जस्तै रहेछ । त्यो राक्षसको आकार यति ठूलो छ कि प्राय हामी त्यस राक्षसको एउटा दुइटा अंग मात्रै देखेका छौं । समाजलाई खुसहाल (सम्पन्न) बनाउनको लागि त्यस राक्षस रूपी समस्यासँग जुधिरहेका धेरै सज्जनहरू त्यस एक अंगलाई नै पुरा राक्षस मानेर बसेका छन् र त्यससँग लगातार भिड्दै आफ्नो उर्जा गुमाइरहेका छन् ।

आफ्नो अध्ययनमा मैले पाएँ कि वास्तवमा समस्या जनसंख्या वृद्धि गरिबी, भोकमरी, स्रोत साधनको कमी, पर्यावरण असन्तुलन, भ्रष्टाचार, कालो धन आदिको नभएर यस पुँजीवादी अर्थव्यवस्थाको मूल अर्थात मुद्रा व्यवस्था (Currency System) मा रहेछ । यो एक जटिल तर खोक्रो तानावाना छ, जसलाई बुझ्न एकदम सरल छ तर थाहा छैन कि यो सबैकुरा अनेक विद्वान, समाजसेवी, आन्दोलनकारी आदि यसलाई बुझिरखेका छैनन् ।

मुद्राको चलन एक शोषणकारी सोचको परिणति हो । जसको माध्यमले चलाख पुँजीपतिले मिहेनत कर्ता मानिसको श्रम, प्राकृतिक स्रोतसाधन, अनेक प्रकारका उत्पादन र यहाँसम्म कि हाम्रो सोच-विचार र बुद्धिलाई समेत खरिद गर्दछन् । आभासी समृद्धिको एक यस्तो मायाजाल यस मुद्रा व्यवस्थाको कारणले सिर्जना हुन्छ, जसलाई पाउनको लागि विश्वका अर्वौं मानिसहरू दिनरात मेहनत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छन्, सपना देख्छन्, तर न त आफ्नो जीवनलाई न त आफ्नो समाज वा देशलाई सुखी खुसी बनाउन पाउछन् । हाम्रो यस पुस्तकको माध्यमले म यस दुश्चक्रलाई तपाईंको अगाडि राख्ने एक विनम्र प्रयास गर्दै छु ।

यस अर्थ व्यवस्थाको मर्म अथवा मुद्रा प्रणालीलाई परिवर्तन नगरेसम्म भ्रष्टाचार, कालो धन, महंगी, भोकमरी, गरिबी आदि जस्ता समस्याहरूबाट मुक्ति पाउनु असम्भव छ ।

म एक साधारण युवा हुँ, जो यस किताबको माध्यमले त्यो सत्य तपाईंसँग बाड्न चाहन्छु, जसलाई मैले आफ्नो अध्ययन र अनुभवद्वारा महसुस गरेको छु । यदि तपाईं आफ्नो, समाजको, देशको र दुनियाँको भलाई होस् भन्ने चाहनुहुन्छ भने तपाईंसँग मेरो विनम्र अपेक्षा छ कि केही समय निकालेर यो किताब पढ्नुहोस् । आफ्नो विचारले मलाई अवगत गराउनुहोस्, ताकी कुनै कमी कमजोरी छ भने सुधार गर्न सकुँ, कुनै प्रश्न छ भने त्यसको जवाफ दिने कोसिस गर्न सकुँ ।

**- रवि कोहाड**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## अनुवादकको कलम

समस्यालाई त्यसै छोड्नु भन्दा आफ्नो बुद्धि, विवेक र शक्तिले भ्याएसम्म समाधान गर्ने कोसिस गर्ने मेरो चरित्र हो । त्यस क्रममा जानी नजानी कुनै गल्ती भएमा आफूले गरेको गल्ती नलुकाउने बरु स्वीकारेर सुधार्ने बानी पनि मेरो छ । यसै बिचमा जब कोरोना भाइरस सुरु भयो अरू जस्तै म पनि साह्रै डराएँ । केही समय सारा प्रोटेकल पालन पनि गरैं । तर केही समयपछि केही यस्ता खतरनाक तथ्यहरू फेला परे जसले फरक तरिकाले सोच्न बाध्य बनायो । विस्तारै थाहा भयो यो कोरोना प्राकृतिक महामारी त होइन भन्ने । विगत १८ महिना यता यस्तो कुनै दिन भएन जहाँ मैले यस समस्याको बारेमा अध्ययन नगरेको होस् । हरेक दिन यस्ता धेरै तथ्यहरू फेला पर्दै गए । समस्या देखेपछि समाधानको कोसिस पनि गर्ने चरित्र भएकाले समाधानका उपायहरू पनि खोजी गरें । मिडिया, स्वास्थ्य संस्था, स्थानीय तह सबैतिर सम्पर्क गर्दा पनि कसैले पनि यस अपराधको विरुद्ध एक शब्द बोल्ने हिम्मत गरेनन् । मिडियाले त यो कुरा नदेखाउन र जनतामा आतंक फैलाउन कै लागि भनै उग्र रूपले लागी परे । पछि अध्ययन कै क्रममा यो थाहा भयो कि मिडिया खुलेका नै जनताको हितमा नभई मानसिकता तोडमोड गर्ने र त्यस्तै उल्झनमा फसाइराख्न हो भन्ने तथ्य पनि फेला पऱ्यो ।

यस १८ महिनाको अन्तरालमा सयौं यस्ता पुस्तकहरू पढें हजारौं यस्ता अध्ययन सामाग्रीहरू अध्ययन गरें, जुन मिडियाले हमेसा लुकाइरहे । समस्याको समाधानको सबै बाटो बन्द भएपछि रवि कोहाडको बैंकको मायाजाल पुस्तक अनुवाद गरेर यसमा अन्य तथ्यहरू थपेर मानिसहरूलाई सचेत गराउनुपर्छ भन्ने उद्देश्यले यो पुस्तक तयार पारिएको हो । यसबिचमा धेरै कुराहरूमध्ये स्वास्थ्यकै क्षेत्रमा कुरा गर्नुपर्दा विरामी भएको होइन, जति पनि देशमा बिरामीहरू छन् त्यो बिरामी एक डिजाइन । निकै घिनलाग्दो षड्यन्त्रको माध्यमले बिरामी बनाइएको तथ्य पनि थाहा भयो । हामी बिरामी हुनुको पछाडि २७ खर्ब १० अर्ब डलरको उद्योग लुकेको छ र हरेक वर्ष यो रकम तीव्र गतिमा बढ्दै छ । किनकि उनीहरूले हामीलाई बिरामी बनाउने क्रम झन् बढेको छ । यस पुस्तक हाम्रो यथार्थ चित्रणको चरण हो र यसपछिको चरण नेपाललाई रोगमुक्त नेपाल बनाउने चरण हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेडिकल माफियाहरूले हामी जिउदो रहेसम्म तपाई हाम्रो रगत पसिनाको कमाई चुसिरहने र जब सम्पत्ती सकिन्छ अनि मार्ने यति घिन लाग्दो मानिसहरूको लास माथि गरिएको षड्यन्त्रको पर्दाफास गर्नुपर्छ । त्यसको लागि तपाईं हामी सबैको हातेमालो जरुरी छ । तपाईंहरू यो पुस्तक ध्यान दिएर पढ्नुहोला र पछाडि एउटा फारम दिइएको छ, सल्लाह सुझावको साथमा त्यो फारम पनि भरेर पठाउनुहोला । यस पुस्तकमा सुधार्नुपर्ने पक्षहरू पनि भए औंल्याइदिनु होला

*धन्यवाद !*

**– दिपेन्द्र पुरुष**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# विषयसूची

प्रस्तावना ..... १

## खण्ड (क): बैंकको मायाजाल

१. कसको दुनियाँ ? कसको शासन ? कसको पैसा ? ..... ३
२. बदलियो गुलामीको तरिका ..... ३
३. नोटको रहस्य/नोट पैसा होइन रसिद हो ? ..... ५
४. बैंकको जन्म ..... ६
५. आधुनिक पैसाको प्रक्रिया ..... ८
६. पैसा बन्छ कसरी ? ..... १३
७. क्रेडिट कार्ड स्किम ..... १८
८. नयाँ पैसालाई मूल्य कसले दिन्छ ? ..... १८
९. अदालतमा चुनौती ..... १८
१०. केन्द्रिय बैंक ..... १९
११. मन्दी के हो ? ..... २०
१२. ब्याज कहाँबाट आउछ ? ..... २१
१३. बेरोजगारी, भोकमरी र लालच किन ? ..... २२
१४. आत्महत्या ..... २२
१५. आत्महत्या वा हत्या ? ..... २३
१६. ऋण (कर्जा) को जाल ..... २३
१७. बन्धुवा मजदुरी ..... २३
१८. बजेट २०७८/२०७९ ..... २४
१९. सरकारलाई कर दिनु भनेको वेवकुफी हो ..... २४
२०. हरेक वर्ष अर्वौं को लुट ..... २४
२१. विश्व नियन्त्रणको इतिहास ..... २५
२२. बैंकिङ किंग रोथशिल्ड परिवारको कहानी ..... २६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२३. अमेरिकाको कहानी ..... २८
२४. स्वतन्त्रताको लडाँइ (सन् १७७६) ..... २८
२५. अमेरिकाको शुरुवाती केन्द्रिय बैंक ..... २९
२६. द्वितीय केन्द्रिय बैंक र राष्ट्रपति ज्याक्सन माथि हमला ..... ३०
२७. अब्राहम लिंकनको चमत्कार र उनको हत्या (१८६३-६५) ..... ३१
२८. राष्ट्रपति गारफिल्डको हत्या (१८८१) ..... ३२
२९. ठूलो खेलको सुरुवात ..... ३२
३०. फेडेरल रिजर्भ एक्ट १९१३ ..... ३३
३१. फेडेरल रिजर्भको मालिक को हो ? ..... ३३
३२. रकफेलर र मोरगन को कहानी ..... ३४
३३. प्रथम विश्वयुद्ध (१९१४-१८) ..... ३५
३४. रुसको क्रान्ति (१९१७) ..... ३६
३५. संस्थाहरूको स्थापना ..... ३८
३६. महामन्दी (१९२९-३३) ..... ३९
३७. गोल्ड स्ट्याण्डर्ड को अन्त्य (१९३३) ..... ४०
३८. जोन एफ. केनेडीं (१९६१-६३) ..... ४०
३९. जर्मनी (१९१९-४५) ..... ४१
४०. हिटलर (१९३३-४५) ..... ४२
४१. दोस्रो विश्वयुद्ध (१९३९-४५) ..... ४३
४२. आजाद हिन्द सरकारको मुद्रा ..... ४४
४३. भारतको कहानी ..... ४४
४४. भारतको भूमि अधिग्रहण: किसान मुक्त भारत ..... ४७
४५. कोरोना कालमा पनि किसान आन्दोलन ..... ४७
४६. भारतमा नोटबन्दीको खेल ..... ४७
४७. नेपालको कहानी ..... ४८
४८. राजा महेन्द्रको हत्या ..... ५०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४९. दरबार हत्याकाण्ड ..... ५१
५०. इकोनोमिक हिटम्यान ..... ५३
५१. इरान (१९५३) र ग्वाटेमाला (१९५४) ..... ५४
५२. सुलेमानी देशभक्त की आतंकारी ..... ५५
५३. ग्वाटेमाला (१९५१) ..... ५७
५४. चिली (१९७३) ..... ५७
५५. इक्बाडोर (१९८१) ..... ५९
५६. पानामा (१९८१) ..... ६०
५७. भेनेजुएला (२००२) ..... ६१
५८. इराक (२००३) ..... ६१
५९. सिरिया, लिविया र सुडानको परिदृष्य ..... ६२
६०. मानसिक गुलामी ..... ६३
६१. तान्जानियाका राष्ट्रपतिको हत्या (कोरोनाकालमा): ..... ६३
६२. अफगानिस्तान र अमेरिकी भूमिका ..... ६५
६३. वर्तमान परिदृश्यः युक्रेन र रसिया ..... ६८
६४. प्रमुख उद्देश्यः एक नयाँ विश्व व्यवस्था ..... ६९
६५. समाधान ..... ६९
६६. गरंसीको अनुभव ..... ७०
६७. छ मागहरू ..... ७१
६८. भविष्यको नेपाल र रणनीति ..... ७१
६९. सीधा कुरा ..... ७२

## खण्ड (ख): कोरोनापछिको आगामि विश्व

७०. एजेन्डा -२१: फाँसीवादी सिद्धान्त ..... ७३
७१. रोथशिल्डले तयार गरेको नयाँ विश्व व्यवस्था (सन् १७७३) ..... ७७
७२. कोरोना फैलाउने योजना धेरै अगाडि तय भएको थियो ..... ८०
७३. कोरोना गाइडलाइनको रहस्य ..... ९६
७४. कोरोना भ्याक्सिन र आगामी दुनिया ..... ९८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७५. कोरोना भ्याक्सिनको सन्दर्भमा केही विशेषज्ञहरूको चेतावनी जुन कुरा मुलधारका मिडियाहरूले सधैँ हामीबाट लुकाए..... १००
७६. डेविड क्यारोलीको हत्या.....१०१
७७. सन्दर्भ सामाग्री.....१०४
७८. फारम ..... १०५
७९. बैंकको मायाजाल पुस्तकका बारेमा केही प्रख्यात व्यक्तित्वहरूको विचार/धारणा.....१०६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## प्रस्तावना

आज नेपालको लगभग ३ करोड जनसंख्या र पुरा दुनियाको लगभग (७५० करोड) ७.५ अर्ब जनसंख्या जुन भयावह (भयानक) स्थितिबाट गुज्रिरहेको छ । त्यस स्थितिलाई देखेर कुनै पनि जागृत व्यक्ति आफ्नो घरमा चुप लागेर बस्न सक्दैन ।

आज पुरा विश्व गरिबी, बेरोजगारी, शोषण र आथिएक विषयता देखि लिएर हिंसा, आतंकवाद र धार्मिक असहिष्णुता जस्ता संवेदनशील समस्याहरूबाट गुज्रदै पुरा विश्व विनाशको संघारमा खडा भएको छ ।

विश्वमा हरेक दिन लगभग ३४००० बच्चा भोक र कुपोषणबाट मर्ने गर्छन् र सय करोड (१ अर्ब) जनाको आसपास हरेक रात भोकै सुत्छन् । हिंसा, युद्ध र आतंकवादको कारणले हरेक वर्ष लाखौं मानिसहरूले आफ्नो ज्यान गुमाउछन् । यदि नेपालकै कुरा गर्ने हो भने लगभग ८० लाख जना रोजगारी देशमा नपाएर विदेशिएका छन् । र, हरेक दिन यो संख्या बढ्दै गएको छ ।

यदि शोषण र आर्थिक विषमताको कुरा गर्ने हो भने विश्वको ७% व्यक्तिहरको ८५% संसाधनमा पूर्ण रूपले कब्जा छ । जल, जंगल र जमिनमा कर्पोरेट घरानाको कब्जा दिनानुदिन बढ्दै गएको छ । किसान र आदिवासी जस्ता मानिसहरूलाई दिनदिनै उनीहरूको मूलभुत अधिकारहरूबाट वञ्चित गरेर जल जंगल र जमिन खोजिदै छ । दुनियाको आधारभूत आर्थिक, राजनैतिक र सामाजिक समस्याहरूलाई सुल्झाउनमा लगभग सबै विचारधारा जस्तैः पुँजीवाद, सामन्तवाद, समाजवाद र साम्यवाद, पूर्णरूपले असफल भइसकेका छन् ।

शरीरको माथिल्लो भागमा देखिने समस्या (घाउ) रोगको लक्षण हुन सक्छ तर त्यसको कारण होइन । त्यस्तै तरिकाले देश र दुनियामा हिंसा आतंकवाद, गरिबी बेरोजगारी, भ्रष्टाचार इत्यादि जस्ता समस्याहरू बिमारीको लक्षण हो तर त्यसको कारण होइन ? त्यसो त यी सबै समस्याहरूको बारेमा तपाईलाई कोही न कोहीले बताउँदै आएको होला तर कसैले पनि यी सबै समस्याहरूको पछाडिको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूलजराको विषयमा कुरा गर्दैन र त्यसैले तपाईं यस किताबमा यी सबै समस्याहरूको जराको विषयमा जान्नुहुनेछ र समाधान तपाईं हामी सबै मिलेर नै गर्ने हो– त्यसैले किताबलाई पढौं र समाधान तर्फ छिटो भन्दा छिटो लागौं किनकी समय एकदम कम छ यदि एक पटकमा बुझ्नुभएन भने पटक पटक पढ्नुस् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# खण्ड (क): बैंकको मायाजाल

## कसको दुनियाँ ? कसको शासन ? कसको पैसा ?

यी तीन यक्ष प्रश्न हुन्, जो दुनियामा एकदम कम मानिसले बुझ्दछन् र जसलाई नबुझी व्यवस्था परिवर्तन एक असम्भव चुनौती हो ।

a) यो दुनियामा कसले शासन गर्दछ ?

b) दुनियामा यति धेरै अन्याय, अत्याचार गरिबी, बेरोजगारी, हिंसा, युद्ध, इत्यादी किन छ ?

c) दुनियाको हरेक देश र लगभग सबै व्यक्ति ऋणमा छन् ।

यो ऋण हो कसको ? पैसा के हो र ऋण दिनको लागि यसलाई कसले छाप्छ वा बनाउछ ?

## बदलियो गुलामीको तरिका

पहिले हामी स्वतन्त्र थियौं त्यस समय भारत लगायत अन्य धेरै मुलुक अंग्रेजको गुलाम थिए । तर अहिले अंग्रेजको शासन गर्ने तरिका बदलिएको छ र हामी पनि अहिले गुलामीमा नै बाचिरहेका छौं यो याद राख्नु जरुरी हुन्छ कि सबैभन्दा पहिले ति व्यक्ति गुलाम बन्छन् जसलाई यो भ्रम हुन्छ कि उनीहरू स्वतन्त्र छन् । (जो स्वतन्त्र छु भन्ने ठान्छ ऊ सबैभन्दा पहिले गुलाम हुन्छ किनकी उसले समस्या बुझ्न नै चाहदैन)

१८६२ मा ब्रिटिश बैंकिङ्गद्वारा अमेरिकी बैंकर्सको लागि एक सुझाव "म र मेरा युरोपियन साथीहरूलाई यो जानेर खुशी भयो कि गृहयुद्ध पश्चात अमेरिकामा जातीगत गुलामी समाप्त हुनेछ, किनकी यसमा मालिकले गुलामको सारा जिम्मेबारी पनि उठाउनुपर्छ । जबकी सबैभन्दा सरल तरिका यो हो कि पुँजीद्वारा मानिसको आम्दानी नियन्त्रित गरेर उनीहरूलाई नियन्त्रित गर्न सकिन्छ ? र यो सबै गर्न सकिन्छ पैसालाई नियन्त्रित गरेर ।

तल देखाइएको पिरामिडमा शीर्ष स्थानमा विश्वको शासन विराजमान छन् र विलकूल तल हामी शोषित जनता छौ, जो निरन्तर अभावमा बाचिरहेका छौ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनतामा नियन्त्रण गर्नको लागि दुनियाको हरेक देशमा सरकार विराजमान छ । जसले आमरूपमा जनताको हितमा होइन बरु विश्वको शासकको लागि काम गर्छ । मिडिया र शिक्षा व्यवस्था सरकारको सहयोगले विश्वको शासकको पक्षमा जनताको मानस निर्माण/मानसिक गुलामीको काम गर्छन् । शोषणको विरोधमा उठ्ने मानिसहरूलाई दमन गर्नको लागि खुफिया संस्था, सेना, प्रहरी, अदालत ( कोर्ट) जेल इत्यादीको व्यवस्था गरिएको छ । सरकार भन्दा माथि बहुराष्ट्रिय कम्पनीहरू बसेका छन् । जसले विश्वको सबै संसाधनहरू नियन्त्रित गर्दछन् । अधिकतम मानिसहरूलाई यो लाग्छ कि बहुराष्ट्रिय कम्पनीहरू नै स्वतन्त्र रूपले विश्वलाई चलाउछन् । तर यिनीहरूभन्दा माथि एउटा यस्तो व्यवस्था छ जो बास्तवमा विश्वको आर्थिक नियन्त्रण व्याज, कर (Tax), राजस्व केन्द्रिय बैंक, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष (I.M.F.) र बैंक अफ इन्टरनेशनल सेटलमेन्ट (Bank of International and setllement) जस्ता संस्थाहरूको माध्यमबाट गरिन्छ ।

व्यवस्था परिवर्तनको नाममा मानिसहरू कुनै कानुनको परिवर्तन चाहन्छन् र वहस गर्छन् कि कडा भन्दा कडा कानुन बनाउने हो भने समस्याहरूको समाधान हुनेछ ।






Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जबकी ति व्यक्तिहरू यो जान्दैनन् कि व्यवस्था को ढाँचा अर्कै छ र सरकार नै स्वतन्त्र छैन । यस व्यवस्थालाई चलाउनको लागि केही व्यक्तिहरूले एक रणनीतिकार समूह बनाएका छन्, जो षड्यन्त्रकारी ढंगबाट गुप्त तरिकाले विश्वको दशा र दिशा तय गर्छन् । यसभन्दा माथि ३०० व्यक्तिहरूको एक आयोग बनाएका छन् जो विश्वको सबैभन्दा धनी र शक्तिशाली उप-परिवार हुन् । यसभन्दा माथि १३ जनाको शीर्ष परिषद् छ जो विश्वको सबैभन्दा शक्तिशाली परिवार हो र उनीहरू विश्वको शासकको मन्त्रीको रूपमा काम गर्दछन् र उनीहरू सबै आफ्नो एक-एक जना प्रतिनिधि लण्डन शहरको परिषद सदस्यको रूपमा नियुक्त गर्दछन् । यी १३ जनाको आयोगमा रोथसिल्ड परिवार, रकफेलर परिवार, मोर्गन परिवार, स्किफ परिवार प्रमुख हुन् ।

प्रसिद्ध फोर्ड कम्पनीका संस्थापक हेनरी फोर्डले यस व्यवस्थाको बारेमा भनेका थिए "यो राम्रो हो कि देशका जनता हाम्रो बैंकिङ्ग र मौद्रिक प्रणाली बुझ्दैनन् । यदि बुझे भने मलाई विश्वास छ कि भोली बिहान हुनुभन्दा पहिले क्रान्ति हुनेछ ।"

ल अब सोच्नुस् के होला त्यस्तो कुरा जसलाई देशका मानिसले बुझे भने क्रान्ति निश्चित छ । यो कुरा बुझ्नको लागि हामीले बैंकिङ्ग प्रणालीको साथसाथै यो पनि बुझ्नु आवश्यक छ कि आखिर यो पैसा के हो ?

## नोटको रहस्य/नोट पैसा होइन रसिद हो ?

अहिलेको नोट एकदेखि एक हजारको नोट नेपाल सरकारले होइन नेपाल राष्ट्र बैंकले जारी गर्छ । 'यसमा लेखिएको हुन्छ' नेपाल सरकारबाट जमानत प्राप्त र तपाईंसँग भएको नोट निकालेर हेर्नुस् त्यसमा लेखिएको हुन्छ "यसको रूपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रूपैयाँ .... तुरुन्त पाइनेछ ।" र यसको तल नेपाल राष्ट्र बैंक को गभर्नरको हस्ताक्षर हुन्छ । यस्तो तपाईंले नेपाल राष्ट्र बैंकले जारी गरेको सबै नोट १- १००० सम्ममा देख्न सक्नुहुनेछ ।

यसको मतलब यो हो कि यो नोट (१०० रूपैयाँ होइन । सिर्फ १०० रूपैयाँको रसिद हो । जसलाई सन्. १९३३ भन्दा पहिले तपाईले नेपाल सरकार वा नेपाल राष्ट्र बैंकमा लिएर जानुभयो त्यसको बदलामा सुन र चाँदी पाउनुहुन्थ्यो तर अहिले पाउनुहुन्न । यसै कुरालाई अगाडि विस्तृत रूपमा बताइनेछ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## बैंकको जन्म

पश्चिमी देशमा पहिले मानिसहरू सुनारसँग आफ्नो सुन-चाँदी सुरक्षित राख्थे । त्यसको बदलामा सुनारले उनीहरूलाई रसिद दिन्थ्यो । जब कुनै व्यक्ति सुनारसँग १०० तोला चाँदीको सिक्का अथवा १०० रूपैया जम्मा गराउन जान्थ्यो तब सुनार त्यसको प्रमाणको रूपमा एक कागजको रसिद बनाएर आफ्नो मोहर (छाप) लगाएर दिन्थे, जसमा लेखिएको हुन्थ्यो 'म धारकलाई १०० तोला चाँदी दिने बचन दिन्छु' वा रसिद लिएर १०० तोला चाँदी माग्न आएमा तुरुन्त पाइनेछ । त्यो रसिद आजको नोट जस्तै हुन्थ्यो, जुन रसिद त्यो व्यक्तिले सुनारलाई फिर्ता दिएमा उसले १०० तोला चाँदी पाउँथ्यो । विस्तारै यस रसिद मानै मानिसहरूको विश्वास बढ्न थाल्यो किनकी कुनै पनि व्यक्ति यस रसिद लिएर आएमा त्यसको सट्टामा उसले त्यती चाँदी पाउछ । यसप्रकार यही रसिद प्रतिकात्मक मुद्राको रूपमा प्रयोग हुन थाल्यो र एकदम कम मानिसहरू असली चाँदी सुनारसँग माग्न जान थाले । आम रूपमा त्यो चाँदी फिर्ता लिन एक समयमा १० प्रतिशत भन्दा पनि कम मानिस आउथे । यो देखेर सुनारले १०% आफूसँग राखेर बाँकी सुन वा चाँदी अन्य मानिसहरूलाई ऋणमा दिन थाले । यस प्रकार सुन वा चाँदी अब अरू-अरू मानिसहरूसँग पनि एक पछि अर्को हुँदै फेरि सुनारसँग नै जम्मा हुन आउन थाल्यो । त्यसको पनि १०% राखेर अरू ९०% फेरि पनि ब्याजमा दिन थाले । यही तरिकाले उति नै सुन चाँदी कैयौं पटक ऋणको रूपमा ब्याजमा दिन थालियो । यस प्रक्रियालाई बैंकिङ्ग भाषामा अंश रिजर्भ बैंकिङ्ग (Fraction Reserve Banking) भनिन्छ । यो काम गर्ने व्यक्तिहरूलाई मनी चेंजर भनिन्थ्यो ।

सुनारहरूले यस्तो व्यवस्था बनाए की जब कोही व्यक्ति (१०% मानिस) रसिदको सट्टा सुन वा चाँदी माग्न आउछ उनीहरूलाई उनीहरूको सुन वा चाँदी फिर्ता गर्ने र बाँकी सुन वा चाँदी (लगभग ९०%) जम्मा गरिएको सुन/चाँदी त्यसको असली मालिकलाई नसोधिकन नै ऋणमा दिएर व्याज कमाउथे ।

| Deposit (जम्मा राशी) | Receipt (रसिद) | Money supply (पैसाको मात्रा) | Reserve (रिजर्भ) | Loan (ऋण) | Interest (ब्याज | Moey Supply (पैसाको मात्रा) |
|---|---|---|---|---|---|---|
| १०० | १०० | १०० | १० | ९० | ५.४ | १९० |



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानी लिनुस कुनै शहरमा कुल १०० तोला चाँदी छ जो एक सुनारसँग जम्मा गरिएको छ । यसमा उसले १० तोला फिर्ता दिनको लागि रिजर्भको रूपमा राख्छ र बाँकी ९० तोला ऋणको रूपमा ब्याजमा दिन्छ । ब्याजको दर यदि ६% वार्षिक भए ९० तोला चाँदीको वार्षिक ब्याज ५.४ तोला हुन्छ । यसमा सबैभन्दा ठूलो धोकाधडी यो भयो की शहरमा पैसाको (चाँदीको) मात्रा जुन १०० थियो । त्यो अब १९० भयो । एक तरिकाले ९० तोलाको रकम सुनारले जादुगरी तरिकाले बनाइदियो । तर यो धोकाधडी यहीँ रोकिएन । ऋणमा ९० तोला चाँदी लिने व्यक्तिले पनि त्यो खर्च गर्‍यो होला । यही तरिकाले त्यो चाँदी बजारमा घुम्दै अन्तत उही सुनारकोमा जम्मा हुन पुग्छ । जसको बदलामा सुनारले फेरि बचनको एक रसिद काटेर दिन्छ । त्यसको पनि १० % राखेर बाँकी पैसा(चाँदी) ऋणको रूपमा दिन्छ, जसमा ऊ अरू ब्याज लिन्छ र पैसाको मात्रा फेरि बढ्छ ।

| Deposit (जम्मा राशी) | Receipt (रसिद) | Money supply (पैसाको मात्रा) | Reserve (रिजर्भ) | Loan (ऋण) | Interest (ब्याज) | Money supply (पैसाको मात्रा) |
|---|---|---|---|---|---|---|
| १०० | १०० | १०० | १० | ९० | ५.४ | १९० |
| ९० | ९० | १९० | ९ | ८१ | ४.८६ | २७१ |

माथि टेवलमा तपाईंले देख्नु हुनेछ कि ९० तोला चाँदीमा ९ तोला राखेर ८१ तोला ऋणको रूपमा दिइएको छ, जसमा ४.८६ तोला ब्याज पाइयो र पैसाका (चाँदीको) मात्रा फेरि बढेर २७१ भयो ।

| Deposit (जम्मा राशी) | Receipt (रसिद) | Money supply (पैसाको मात्रा) | Reserve (रिजर्भ) | Loan (ऋण) | Interest (ब्याज) | Money supply (पैसाको मात्रा) |
|---|---|---|---|---|---|---|
| १०० | १०० | १०० | १० | ९० | ५.४ | १९० |
| ९० | ९० | १९० | ९ | ८१ | ४.८६ | २७१ |
| ८१ | ८१ | २७१ | ८.१ | ७२.९ | ४.३६ | ३४३.९ |
| ७२.९ | ७२.९ | ३४३.९ | ७.३ | ६५.६ | ३.५४ | ४०९.५ |



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

| Deposit (जम्मा राशी) | Receipt (रसिद) | Money supply (पैसाको मात्रा) | Reserve (रिजर्भ) | Loan (ऋण) | Interest (ब्याज) | Money supply (पैसाको मात्रा) |
|---|---|---|---|---|---|---|
| ६५.६ | ६५.६ | ४०९.५ | ६.६ | ५९ | ३.५४ | ४६८.५ |
| ५९ | ५९ | ४६८.५ | ५.९ | ५३.१ | ३.१८ | ५२१.६ |
| इत्यादी | इत्यादी | इत्यादी | इत्यादी | इत्यादी | इत्यादी | इत्यादी |
| इत्यादी | इत्यादी | इत्यादी | इत्यादी | इत्यादी | इत्यादी | इत्यादी |
| इत्यादी | इत्यादी | इत्यादी | इत्यादी | इत्यादी | इत्यादी | इत्यादी |
| इत्यादी | इत्यादी | इत्यादी | इत्यादी | इत्यादी | इत्यादी | इत्यादी |
| १००० | १००० | १००० | १०० | ९० | ५४ | १००० |

यसै तरिकाले यो प्रक्रिया पटक–पटक चलिरहदा अन्तमा असली चाँदी १०० तोला हुँदाहुँदै पनि १००० तोला जम्मा राशी (पैसाको मात्रा) को रूपमा देखिएको छ । जसको सट्टामा १००० तोलाको रसिद देशमा फैलिएको छ । जसबाट पैसाको मात्रा १०० वाट बढेर १००० भएको छ, जबकी कुल १०० तोला चाँदी अझै पनि रिजर्भ को रूपमा सुनारले आफूसँग राखेको छ । (कृपया यो कुरा ध्यान दिनुस कि सुनारद्वारा जारी चाँदीको रसिद बजारमा प्रतिकात्मक मुद्राको रूपमा प्रयोग भइरहेको छ ।) १०० तोला चाँदी हुँदाहुँदै पनि सुनारले ९०० तोला चाँदी रहस्यमय ढंगले ऋणमा दिइरहेको छ । जसको ऊ ५४ तोला चाँदी वार्षिक ब्याजको रूपमा असुल्छ । परन्तु असलियतमा यो प्रक्रिया कुनै अरू ढंगबाट घटित हुन्छ, जुन हामीलाई कुनै पनि अर्थशास्त्रको किताबमा पढाइदैन । यसलाई यसभन्दा पछाडिका अध्यायमा बुझाउने कोशिश गरिएको छ ।

## आधुनिक पैसाको प्रक्रिया

१९६० को दशकमा शिकागो फेडरल रिजर्भद्वारा आधुनिक पैसाको प्रक्रिया (Modern Money Mechanics) नामक एक पुस्तिका प्रकाशित गरेको थियो जसमा स्पष्ट लेखिएको छ कि बैंक वास्तवमा जम्मा गरेको पैसा ऋणको रूपमा दिँदैन । यदि बैंक यस्तो गर्छ भने कुनै अतिरिक्त पैसा बन्दैन । उनीहरू ऋण दिँदा ऋणकर्ताको लेनदेन खातामा क्रेडिटको बदलामा बचत नोट स्वीकार गर्दछन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसको अर्थ यो हो कि जब तपाईं ऋण लिन जानुहुन्छ तब बैंक पहिले जम्मा भएको पैसा ऋणको रूपमा दिँदैनन्, बरु तपाईंसँग भन्छन् कि तपाई हामीलाई यो बचन (प्रतिज्ञा) दिनुहोस् कि तपाई जति पैसा ऋण लिनुहुन्छ, त्यसलाई तपाईं ब्याज सहित फिर्ता गर्नुहुनेछ । तपाईंको यस प्रतिज्ञा को बदलामा बैंकले एक रसिद काटेर दिन्छन्, जसलाई तपाईं पैसा मान्नुहुनेछ । सुनार पनि यस्तै गर्थे जसलाई पहिले बताइएको थियो ।

| Deposit (जम्मा राशी) | Receipt (रसिद) | Money supply (पैसाको मात्र) | Reserve (रिजर्भ) | Loan (ऋण) | Interest (ब्याज) | Money supply (पैसाको मात्रा) |
|---|---|---|---|---|---|---|
| १०० | १०० | | १०० | | | १०० |

हामीले पहिले जुन प्रक्रिया देख्यौ त्यसमा सुनार १०% रिजर्भ रखनेर बाँकी ९०% सुनचाँदी ऋणमा दिन्थ्यो तर असलियतमा ऊ सबका सब सुनचाँदी रिजर्भको रूपमा राख्थ्यो । अहिले पैसाको मात्रा १०० नै थियो जसमा माथिको चित्रमा देखाइएको छ ।

त्यसपछि को प्रक्रियामा जब कोही सुनारसँग पैसा (सुनचाँदी) ऋण लिन जान्थ्यो तब सुनार उसँग वचन (प्रतिज्ञा) लेखाएर लिन्थ्यो कि त्यो व्यक्ति ऋण लिएको पैसाको ब्याज सहित फिर्ता गर्नेछ । यस प्रतिज्ञालाई आफ्नो सम्पत्ति मानेर सुनार त्यति पैसा नहुदानहुँदै पनि उसलाई त्यति पैसा दिने कुरा गर्दथ्यो । किनकी वास्तवमा त्यति सुनचाँदी (पैसा) त सुनारसँग नै थिएन, तब ऊ भन्थ्यो कि मैले तपाईंलाई जो पैसा ऋणको रूपमा दिएको छु त्यो मैले जम्मा गरिदिएको छु । यसको बदलामा ऊ त्यो व्यक्तिलाई एक रसिद काटेर दिन्थ्यो । जसलाई मानिसहरूले पैसा (प्रतिकात्मक मुद्रा) को रूपमा स्वीकार गरेका थिए ।

यसरी सुनारद्वारा जारी गरिएको रसिदमा मानिसहरूले विश्वास भएको कारण उसको घरमा एक तरिकाले पैसा बनाउने मेसिन आयो । जसलाई ऊ आफ्नो मनमर्जी सँग प्रयोग गर्थ्यो । सुनारसँग जति सुनचाँदी राखिएको हुन्थ्यो, ऊ त्यसको दश गुना रसिद दिने गर्थ्यो (पैसा छाप्ने गर्थ्यो) । जसको दशौं हिस्सा त सही



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तरिकाले उसलाई बनाउने अधिकार थियो तर बाँकी को नौ हिस्सा ऊ आफ्नो मनमर्जीले बनाएर ऋण दिएर ब्याज असुल्थ्यो । तल दिइएको चित्रमा तपाई यसलाई बुझ्न सक्नुहुनेछ ।

| Deposit (जम्मा राशी) | Receipt (रसिद) | Money supply (पैसाको मात्र) | Reserve (रिजर्भ) | Loan (ऋण) | Interest (ब्याज) | Money supply (पैसाको मात्रा) |
|---|---|---|---|---|---|---|
| १०० | १०० | | १०० | | | १०० |
| | | ९०० | | ९०० | | |
| ९०० | ९०० | | | | ५४ | १००० |

यस तरिकाले सुनार असली पैसा (सुनारसँग जम्मा सुनचाँदी वास्तविक मुद्रा) भन्दा नौ गुना पैसा ऋण दिने गर्थ्यो । यदि त्यसमा ६% वार्षिक ब्याज पनि लगायो भने त्यो ६% नरहेर (९ × ६% = ५४%) ५४% हुन्छ । ५४% वार्षिक ब्याजको अर्थ हो दुई वर्षमा सारा सुनचाँदी उसको हुन्छ । तर सबै मानिसहरूले आफ्नो पैसा सुनारसँग राख्दैन थिए त्यसैले दुई वर्षको ठाउँमा यस काम हुन कैयौं वर्ष लाग्यो । दुनियाको लगभग सबै सुनचाँदी जब उनीहरूको भयो तब दुनियालाई लुट्नको लागि अब किन सुनचाँदीको आधारमा, त्यसै पैसा छापेर ऋणमा दिने निर्णय गरे । सन् १९३३ मा गोल्ड स्ट्याण्डर्ड समाप्त गरे । जसको मतलब यो थियो कि रसिदको सट्टा अब तपाईंले बैंकमा जम्मा गरिएको सुन–चाँदी (वास्तविक मुद्रा) पाउनु हुन्न । यो दुनियाको आजसम्मको सबैभन्दा ठूलो लुट हो । धेरै मानिसहरूलाई अझै पनि एउटा भ्रम छ कि कुनै पनि देश आफूसँग राखेको सुनचाँदीको आधारमा पैसा बनाउन सक्छ । अब सुनारहरूले कागजको नोट बनाउने अधिकार त केन्द्रीय बैंक जस्तै, नेपाल राष्ट्र बैंक (NRB), भारतीय रिजर्भ बैंक (RBI), फेडरल रिजर्भ बैंक आदि हरेक देशको केन्द्रीय बैंकलाई दिए परन्तु दुनियाको अधिकांश केन्द्रीय बैंक प्राइभेट छन् र ती बैंक यिनीहरूकै सम्पत्ती हुन्, जस्तैः फेडरल रिजर्भ बैंक, Bank of England आदि । जुन केन्द्रीय बैंक सरकारी छन् जस्तै, नेपाल राष्ट्र बैंक भारतीय रिजर्भ बैंक आदि यिनीहरूकै व्यवस्था अन्तर्गत छन् र सरकारको केन्द्रीय बैंकमा नियन्त्रण न्यूनतम छ अझै सबै सरकारमा नै उनीहरूको नियन्त्रण छ । यस कारण तपाईं नेपाल राष्ट्र बैंकको नोटमा देख्नुहुनेछ



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कि नेपाल सरकारको जमानत प्राप्त वा नेपाल सरकारले यसमा ग्यारेन्टी दिएको छ ताकी मानिसहरूको यस कागजमा विश्वास रहिरहोस् । जुन दिन यसमा सरकारले ग्यारेन्टी दिँदैन त्यसदिन यो रसिद समग्रमा कागज मात्र हुनेछ ।

अब सुनारले हरेक ठाउँमा आफ्नो बैंक बनाएका छन् र जसरी उनीहरू पहिले सुनचाँदी राखी कागजी रसिद काटेर दिन्थे, अहिले केन्द्रिय बैंकले बनाएको पैसा राखेर दश गुना पैसा ऋणको रूपमा दिन्छन् । जुन सिर्फ मानिसहरूको बैंक खातामा लेखिएको हुन्छ, जबकी असलियतमा बैंकसँग त्यति पैसा नै हुँदैन जति उनीहरूले ऋणको रूपमा दिएका छन् । जबसम्म सुनचाँदी थियो तबसम्म उनीहरू सिमित पैसा बनाउन सक्थे तर अहिले उनीहरू कागजको नोट राखेर अनन्त पैसा बनाउन सक्छन् । **अंश रिजर्भ बैंकिङ्ग (Fraction reserve Banking) को यस प्रक्रियाबाट दुनियाको ९०-९५% पैसा केन्द्रिय बैंक होइन व्यावसायिक बैंकले बनाउछन्** । एक प्रकारले पैसा बनाउने असली अधिकार कुनै केन्द्रीय बैंक जस्तैः नेपाल राष्ट्र बैंक, भारतीय रिजर्भ बैंक, आदि र सरकारसँग नभएर कुनै चोक वा गल्लीहरूमा स्थापित व्यवसायिक बैंकसँग छ जस्तैः नविल बैंक, सिभिल बैंक, एनआइसि एसिया बैंक आदि र यिनीहरूकको लगाम विदेशी शक्तिहरूसँग छ ।

आजको समयमा जब कोही व्यक्ति बैंकमा आफ्नो पैसा जम्मा गराउन जान्छ भने बैंक तपाईंको खातामा पैसा लेखेर तपाईंलाई एउटा पासबुक/चेकबुक या कागजको नोट दिन्छ जस्तो कि तल चित्रमा देखाइएको छ ।

| Deposit (जम्मा राशी) | Receipt (रसिद) | Money supply (पैसाको मात्र) | Reserve (रिजर्भ) | Loan (ऋण) | Interest (ब्याज) | Money supply (पैसाको मात्रा) |
|---|---|---|---|---|---|---|
| १०० | १०० | | १०० | | | १०० |
| | | ९०० | | ९०० | | |
| ९०० | ९०० | | | | ५४ | १००० |

जब कसैलाई ऋणको जरुरत पर्छ तब बैंक सुनारहरूले जस्तै तपाईंसँग एक प्रतिज्ञा लेखाउछन् कि तपाईंले ब्याज सहित ऋण फिर्ता गर्नुपर्ने हुन्छ । जसको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बदलामा उनीहरू तपाईंलाई ऋण दिने कुरा गर्छन् तर असली पैसा नभएको कारणले उनीहरू तपाईंको खातामा लेखिदिन्छन्, जसमा उनीहरू तपाईंसँग ब्याज असुल गर्दछन् ।

अब यदि कसैलाई एक लाख रूपैयाँ ऋणको रूपमा चाहियो भने बैंकले दिन्छन् र तपाईंको खातामा लेखिदिन्छन् । लेखिएको पैसाको १०% अथवा १०,००० रूपैयाँ रिजर्भको रूपमा राख्नुपर्छ, जसलाई उनीहरू केन्द्रीय बैंकबाट उधारो लिन्छन् । यस व्यवस्थालाई तपाईं तल दिइएको तस्बिरबाट बुझ्न सक्नुहुन्छ ।

| Deposit (जम्मा राशी) | Receipt (रसिद) | Money supply (पैसाको मात्र) | Reserve (रिजर्भ) | Loan (ऋण) | Interest (ब्याज) | Money supply (पैसाको मात्रा) |
|---|---|---|---|---|---|---|
| १०० | १०० | | १०० | | | १०० |
| | | ९०० | | ९०० | | |
| ९०० | ९०० | | | | ५४ | १००० |
| | | १००,००० | | १००,००० | | |
| १००,००० | १००,००० | | | | ६००० | १०,००० |
| | | | १०,००० | | -६०० | |

यस पुरा प्रक्रियामा पैसाको मात्रा एकदम धेरै बढ्न जान्छ त्यही नै महंगीको मुख्य कारण हो । यसलाई यसभन्दा पछाडि विस्तार सँग बताइएको छ ।

केन्द्रिय बैंकको उद्देश्य यति मात्र हो कि जति पैसा बनाएर बैंक ऋणको रूपमा दिन्छन् त्यसको १०% बैंकले आफूसँग रिजर्भ राख्नुपर्ने हुन्छ । जुन पैसा या त मानिसहरूले जम्मा गरेको पैसाले हुन्छ र यदि भएन भने व्यावसायिक बैंक (वाणिज्य बैंक) केन्द्रिय बैंकसँग एकदम सस्तो ब्याजमा ऋण लिने गर्छन् । **एक तरिकाले बैंकवालाको घरमा पैसाको रूख हुन्छ जुन रुखबाट पैसा टिपेर जति पनि पैसा ऋणको रूपमा दिन सक्छन् ।**



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(बुझ्न केही कठिन भइरहेको छ ? सम्झनुस हेनरी फोर्डले के भनेका थिए ।) तपाईं पढ्दै जानुस् पुरा बुझ्नुहुनेछ । तपाईं हामी कसरी बलिको बोका बनिरहेका छौं ।

## पैसा बन्छ कसरी ?




जब नेपाल सरकारलाई पैसाको आवश्यकता पर्दछ तब सरकार जनतामा कर लगाउछ र आवश्यकता पुरा नहुँदा नेपाल सरकार आफ्नो पैसा नबनाई ऋणमा पैसा लिन्छ । मानी लिनुस् कि नेपाल सरकारलाई १००० रूपैयाँ चाहिएको छ तब सरकार केन्द्रिय बैंकसँग यो प्रतिज्ञा गर्छ कि त्यो रकम ब्याजसमेत फिर्ता गर्नेछु । यस प्रतिज्ञालाई सरकारी प्रतिभुति (वण्ड) भनिन्छ । यस बण्ड नेपाल सरकारको अर्थ मन्त्रालयबाट नेपाल राष्ट्र बैंकमा लिएर जान्छन् र त्यसको बदलामा नेपाल राष्ट्र बैंकले १००० रूपैयाँको नोट छापेर नेपाल सरकारलाई दिन्छ ।




अब मानौं कि नेपाल सरकार इमान्दार मानिसहरूद्वारा सञ्चालित छ र कुनै प्रकारको भ्रष्टाचार गर्दैनन् भने त्यो सबै पैसा जनकल्याणको योजनामा खर्च



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिदिन्छ । पैसा जनताको हातमा पुग्छ र जनता यस १ हजार रूपैयाँलाई व्यवसायिक बैंक जस्तैः नविल बैंक, सिभिल बैंक एनआईसी एसिया बैंक आदि मा जम्मा गराउछन् र यसको सट्टामा बैंक उनीहरूको खातामा पैसा लेखिदिन्छ ।




अब यस एक हजारको नोट राखेर व्यावसायिक बैंक ९ गुणा पैसा ऋणमा दिन सक्छ । नेपालमा त यो २४ गुणासम्म छ पैसाको मात्रा बढेको कारण आएको महंगीलाई रोक्ने हवाला दिएर अब केन्द्रिय बैंक यस एक हजार रूपैयाँको बण्डलाई व्यावसायिक बैंकलाई १ हजार रूपैयाँमा बेचिदिन्छ जसलाई ओपन मार्केट अपरेशन भनिन्छ ।




अब तपाईं देखिरहनु भएको छ कि केन्द्रीय बैंकद्वारा बनाइएको उसको १००० को नोट केन्द्रीय बैंकमा नै फिर्ता आएको छ, यस प्रकार केन्द्रिय बैंक पैसा नबनाई सिर्फ एक विचौलियाको काम गरिरहेको छ केन्द्रिय बैंक विना तस्बिर यस्तो हुन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri




लाइनलाई सीधा गरिदियो भने स्पष्ट देखिन्छ कि जब नेपाल सरकारलाई ऋणको आवश्यकता पर्छ तब केन्द्रिय बैंकको माध्यमबाट व्यवसायिक बैंकलाई ऋणको बण्ड दिन्छ र व्यावसायिक बैंकसँग कुनै पैसा नहुँदा नहुँदै पनि व्यावसायिक बैंक त्यति पैसा नेपाल सरकारको खातामा लेखिदिन्छ । खर्च गर्दा त्यो पैसा नेपाल सरकारको खाताबाट अब जनताको खातामा लेखिएको हुन्छ, यसलाई तपाईं यसपछि को तस्बिरमा स्पष्टसँग बुझ्न सक्नुहुनेछ ?




केन्द्रीय बैंकको काम सिर्फ खातामा लेखिएको पैसालाई रिजर्भ राख्नको लागि बैंकलाई आवश्यक पैसाको आपूर्ति गर्नु हो । तपाईं तस्बिरमा हेर्न सक्नुहुन्छ कि यसलाई बैंक ऋणको रूपमा लिन्छ यसलाई हामीले पहिले पनि बुझिसकेका छौं ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri




फेडरल रिजर्भ बोर्डका अध्यक्ष मेरिनर ऐकिलिस १९३५ मा यस प्रक्रियाको बारेमा लेख्छन्– "सरकारी बण्डको खरिदमा बैंकिङ्ग प्रणालीले विलकुल नयाँ पैसा बनाउछ । जब बैंकले सरकारद्वारा जारी गरिएको १ अरब डलरको बण्ड खरिद गर्छ तब उसले सरकारी खातामा १ अरब डलर लेखी दिन्छ । यस तरिकाले बैंक सिर्फ खातामा लेखेर १ अरब डलर निर्माण गर्छ ।"

यस प्रक्रियालाई थप सजिलो तरिकाले यस चित्रबाट बुझ्न सकिन्छ ।






Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा जब नेपाल सरकार वा देशको जनतालाई ऋण लिनको लागि पैसाको आवश्यकता पर्छ तब तपाईं ब्याज समेत पैसा फिर्ता गर्ने प्रतिज्ञा लेखेर व्यवसायिक बैंकमा जानुहुन्छ, जसको सट्टामा व्यवसायिक बैंक त्यति नै रकम तपाईंको खातामा चढाइदिन्छ । जसको लागि वार्षिक लाखौं करोडौं ब्याज माग्छ । खातामा लेखिएको पैसाको १०% रिजर्भ को रूपमा हुनुपर्छ, जसलाई व्यावसायिक बैंक नेपाल राष्ट्र बैंकबाट ऋणमा लिन्छ । यस तस्विरमा तपाई यसलाई बुझ्न सक्नुहुनेछ ।




यस तरिकाले देशको ९५% प्रतिशत पैसा बनाउने काम व्यावसायिक बैंकको हो । जो सिर्फ खातामा मात्रै बन्छ र लेखिएको हुन्छ । नेपाल राष्ट्र बैंक मात्र ५% पैसा मात्र बनाउछ, जुन कागजको नोटको रूपमा देखिन्छ ।

यस विषयमा अर्थशास्त्री जोन केनेथ गोलब्रेथ भन्छन्, 'बैंकको पैसा बनाउने प्रक्रिया यति सरल छ कि दिमाग घुमाइदिन्छ ।" दिमाग यसकारण घुम्छ किनकी हामीलाई अरू नै सिकाइएको छ ।

रोबर्ट वी एन्डरसन, अमेरिकाका वित्त सचिव (१९५९), "जब एक बैंकले ऋण दिन्छ तब बैंक केवल ऋणको राशी बैंक एकाउण्टमा लेखी दिन्छ । त्यो पैसा बैंक कोही अरूको जम्मा गरिएको पैसाबाट लिएर दिँदैन । त्यो पैसा ऋण लिने वाला (ऋणकर्ता) को लागि बैंकले नया बनाएर दिएको हुन्छ ।"



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## क्रेडिट कार्ड स्किम

क्रेडित कार्डबाट खरिद गर्दा कार्ड स्वाइप (Swipe) गरेपछि तपाईं एक पर्चीमा आफ्नो हस्ताक्षर गरेर व्यापारीलाई दिनुहुन्छ । पर्चीमा हस्ताक्षर गरेपछि त्यो पैसा बन्छ, त्यो पर्ची क्रेडिट कार्ड कम्पनीमा पठाइन्छ, जसको बण्डल बनाएर उनीहरू बैंकमा पठाउछन् । बैंक तपाईंलाई एक स्टेटमेन्ट पठाउँछ जसको तपाईं भुक्तानी गर्नुहुन्छ । यो पुरा प्रक्रियामा कहीं पनि बैंकले तपाईंलाई आफ्नो पकेटबाट वा आफ्नो जम्मा खाताबाट कुनै पैसा दियो ? बरु बैंक तपाईंको चार्ज स्लिपमा गरेको प्रतिज्ञालाई आफ्नो सम्पत्ति देखाएर क्रेडित कार्डमा बदलिदिन्छ । **तपाईंको प्रतिज्ञा नै पैसा हो । यदि तपाईं कसैलाई पैसा ऋण दिनुहुन्छ भने तपाईंको सम्पत्ती घट्छ तर ऋण दिँदा बैंकको सम्पत्ती बढ्छ । तपाईंको प्रतिज्ञा बैंकको सम्पत्ती बन्छ, जसको सट्टामा बैंक तपाईंको खातामा त्यति अंक लेखि दिन्छ, जसलाई तपाईं पैसा भन्नुहुन्छ ।**

## नयाँ पैसालाई मूल्य कसले दिन्छ ?

मानौ कुनै चिज १०० रूपैयामा आउछ र अब बैंकले नयाँ पैसा बनाएर ऋण दियो, जसको कारणले देशको पैसाको मात्रा १०% बढछ । अब त्यो चिजको मूल्य ११० रु. पर्छ । बैंक हाम्रै खल्तीबाट मूल्य चोरेर ऋणको पैसा दिने गर्छ । यस चोरीलाई महंगी भनिन्छ । हरेक वर्ष हाम्रो पैसा हामीलाई नै ऋणमा दिएर बैंक व्याज र महंगीबाट लाखौं करोडौं लुट्ने गर्छन् ।

**"महंगी यहि बैंकिङ्ग प्रणालीको नतिजा हो । कुनै पनि व्यक्ति देशको प्रधानमन्त्री बनोस् अथवा जुनसुकै दलको सरकार बनोस, यस व्यवस्थालाई नबदली महंगी नियन्त्रण गर्न असम्भव छ ।"**

## अदालतमा चुनौती

अमेरिकामा १९६७ मा डेली नामको व्यक्तिले घर बनाउनको लागि १४००० डलरको ऋण (होम लोन) यो भनेर फिर्ता गर्न अस्वीकार गऱ्यो कि बैंकले उसलाई कुनै असली पैसा नै दिएन । अदालतमा पहिले त सबैलाई यो बहस एक वकवास लागिरहेको थियो । तर बैंकको मालिक जे.पि. मोर्गानले स्वीकार गरे कि "बैंक त ऋणको पैसा हावामा बनाउछ ।" तब न्यायाधिस मार्टिन महोने ले चकित भएर भने "यो मामिला मलाई धोकाधडि (Fraud) लागिरहेको छ र फैसला डेलीको पक्षमा सुनाइदिए । पुरा बैंकिङ्ग व्यवस्थाको लागि यो खतरा हुने थियो यदि सबैले आफ्नो ऋण दिनबाट अस्वीकार गरिदिए भने त पछि न्यायधीश मार्टिन महोनेले जब यस



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरा वैकिङ्ग व्यवस्थालाई चुनौती दिने कोशिश गरे तब ६ महिनाभित्र रहस्यमय तरिकाले विषको कारणले उनको मृत्यु भयो अथवा भनौं उनलाई बिष दिएर मारियो ।

**केन्द्रिय बैंक**




केन्द्रिय बैंकको एक महत्त्वपूर्ण काम देशमा पैसाको मात्रा (Money supply) नियन्त्रित गर्नु हो जसलाई उसले ओपन मार्केट अपरेशनको अलावा दुई महत्त्वपूर्ण प्रक्रियाद्वारा गर्दछ ।

(a) ब्याज दर या रिजर्भ रेसियो घटाएर

(b) ब्याज दर या रिजर्भ रेसियो बढाएर

जब केन्द्रिय बैंक ब्याज दर वा रिजर्भ रेसियो घटाइदिन्छ तब सस्तो ब्याज हुनाले वा बैंकसँग धेरै पैसा हुनाले देशमा मानिसहरू धेरै ऋण लिन्छन् । यसकारणले पैसाको मात्रा बढ्छ । धेरै पैसा हुनले महंगी बढ्छ । बैंक मानिसहरूसँग व्याजबाट र सस्तो पैसा लगानी गरेर खुब धेरै कमाउछन् । जब पैसाको मात्रा बढ्छ तब बैंक महंगी कम गर्ने टनिक दिएर ब्याज दर या रिजर्भ रेसियो बढाइदिन्छ, जसबाट एकाएक देशमा पैसाको अनिकाल हुनेगर्छ । कम पैसा (शर्ट मनी) हुनाले मन्दीको समय आउछ र जसमा यिनीहरू मानिसहरूको माल सामान/सम्पत्ति कौडीको भाउमा खरिद गरी लुट्छन्, जसलाई यसभन्दा पछाडि बुझाइएको छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## मन्दी के हो ?

जब बैंकले पैसाको कमी गरिदिन्छ तब बजारमा बस्तु र सेवाको माग घट्छ । वस्तु वा सेवा पनि हुन्छ र मानिसहरूको जरुरत पनि हुन्छ तर पैसा नहुनाले मानिसहरू त्यस वस्तु वा सेवा खरिद गर्न सक्दैनन् । बिक्री नहुनाले हरकोहीको काम धन्धा ठप्प हुन जान्छ । यसबाट लाखौं मानिसहरूको जागिर गुम्छ । पढेलेखेको हुँदाहुँदै पनि युवाहरूले रोजगारी पाउदैनन् । जसमा उनीहरू कि त आफूले आफैलाई दोषी मान्छन् या त भगवानलाई दोशी ठान्छन् ।

लाखौं करोडौं मजदुरले पनि कुनै काम पाउँदैनन्, किनकी कामधन्धामा मन्दीको कारणले काम दिने व्यक्तिहरूसँग पनि पैसाको कमी हुन्छ । पैसाको अभावमा देशमा खाना पर्याप्त हुँदाहुँदै पनि कसैले एउटा टुक्रा रोटी पनि खान पाउदैन । लाखों करोडौं मानिसहरू हरेक दिन भोकै सुत्न बाध्य हुन्छन् र यसबाट हुने कुपोषणको कारणले हुने विमारीले हरेक दिन हजारौं बच्चाले ज्यान गुमाउछन् । खानाको मागमा कमी हुनाले किसानको कृषि उत्पादन अन्न, फलफूल साज सब्जीको कुनै मूल्य रहदैन । एक तरिकाले पुरा व्यवस्थाको चक्का जाम हुन्छ । बाध्यतामा किसान आफ्नो जमिन र उद्योगपति आफ्नो उद्योग, व्यावसायी आफ्नो व्यवसाय सस्तोमा बेच्नको लागि बाध्य हुन्छन् । ५० हजारको आशा राख्ने पढेलेखेको युवा ५ हजारमा, मजदुर सस्तो भन्दा सस्तो ज्यालामा काम गर्न बाध्य हुन्छन् । भारतको उडिसाको कालाहाण्डीमा त यति सम्म भयो कि खानेकुराको अभावमा एउटी आमाले आफ्नो सानो बच्चा २० रूपैयाँमा बेच्न समेत बाध्य भइन् । समग्रमा भन्नुपर्दा मन्दीको कारण हरकोही व्यक्ति वर्वाद हुन्छन् । नेपालमै खान नपाएर छोराछोरीसहित आत्महत्या गरेको सुन्नुभएकै होला ।

रोबर्ट एच.हयाम्फिल, फेडेरल रिजर्भ बैंकका प्रबन्धक (१९३४) –"हामी वाणिज्य बैंकमा पूर्ण रूपले निर्भर छौं ।" हामीमध्ये कसै न कसैले हर हालतमा नगद या क्रेडिटमा पैसा ऋण लिनुपर्छ । यदि बैंक पर्याप्त मात्रामा पैसा बनाउछन् भने हामी समृद्ध हुन सक्छौं यदि बनाएन भने हामी भोकै मर्छौं ।

फेडरल रिजर्भ बोर्डका अध्यक्ष म्यारिनर एक्लिस (१९४१) –यदि हाम्रो पैसाको व्यवस्थामा ऋण हुँदैन थियो भने देशमा एक पैसा पनि हुँदैनथ्यो । किनभने पैसा नै ऋण हो र ऋण नै पैसा हो ।"



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## ब्याज कहाँबाट आउछ ?

पुरा बैंकिङ व्यवस्था सिर्फ मुल धन बनाउछ ब्याज बनाउदैन । अब पश्न उठ्छ कि आखिर ब्याज कहाँबाट आउछ ? यसलाई बुझ्नको लागि एउटा उदाहरण हेरौं :

मानौं कुनै बैंकले १०० व्यक्तिलाई १००-१०० रूपैयाँ ऋण दियो र मानौं कि सरकारले पनि बैंकबाट १०,००० ऊ ऋण लियो । यसरी कुल ऋण भयो २०,००० रूपैयाँ, यसमा १०% वार्षिक ब्याज लगाएको छ, अन्तमा एक वर्षपछि हामीले बैंकलाई २२,००० रूपैयाँ फिर्ता गर्नुपर्ने हुन्छ । तर बैंकले कुल २०,००० रूपैया मात्र जारी गरेको छ, जसको कारणले चलनमा कूल २०,००० रूपैया मात्र छ यस स्थितिमा ब्याजको २००० रूपैया फिर्ता गर्नु असम्भव छ ।

यो प्रक्रिया त्यो कुर्सीको खेल जस्तो हुनेछ जसमा कुर्सी कम हुन्छ र बस्न चाहने व्यक्ति धेरै हुन्छ । ताली बजाउने बित्तिकै सबै जना कर्सीमा बस्न चाहन्छन् तर कुर्सी कम हुने कारणले सबैजना कुर्सीमा बस्न पाउँदैनन्, कुनै एक व्यक्ति त सधैं उभिनु नै पर्छ । र यो खेल निरन्तर चलिरहन्छ ।

भनिन्छ प्रेम, युद्ध र कम्पिटिसन (प्रतिस्पर्धा) मा सबै चिज जायज हुन्छ । यो व्यवस्थाले प्रतिस्पर्धा सृजना गर्छ । यसकारण पुरा समाज पागल भएर, आफ्नो धर्म र कर्तव्य भुलेर एक चिजमा लागेको छ- धेरै भन्दा धेरै धन कमाउन । हरेक व्यक्ति भन्छ कि कलियुग आयो, मानिस लालची भए, मानिस खराब भए, अब सुधार हुनै सक्दैन । केही व्यक्तिले हार मान्छन् परन्तु केही समाजसेवी, सन्त-महात्मा यो सम्झाउन लागिरहेका छन् कि धनको संग्रह (जम्मा) नगर जुन यस व्यवस्थामा कहिल्यै पनि हुँदैन । धेरै मानिसहरू यस अभियानमा लागेका छन् कि यदि पुँजीपतिहरूको आफ्नो सबै धनसम्पत्ति गरिबहरूमा बाँडियो भने गरिबी निवारण हुन्छ तर यस व्यवस्थामा यो असम्भव छ । सबैजना आफ्नो वर्गको शोषणको कारण कुनै अर्को वर्गलाई देखाउछ । व्यापारी, मजदुर, किसान एक अर्कामा दोषारोपण गरिरहन्छन् कि यिनीहरूले हामीलाई लुटिरहेका छन् तर सच्चाइ यो हो कि यस व्यवस्थाको चक्रब्यूहमा हरेक व्यक्ति लुटिदै गइरहेको छ र लुट्ने लुटेरा कोही अरू नै छ । जसलाई सत्संग र प्रचवनद्वारा सही गर्न सकिदैन ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## बेरोजगारी, भोकमरी र लालच किन ?

युरो सिस्टमको निर्माणमा सहायक रहेका 'वर्नाड लिएटर' लेख्छन्, "लालच र प्रतिस्पर्धा अपरिवर्तनीय मानव स्वभावको कारणले होइन बरु लालच र अभाव को डर लगातार सिर्जना गरिन्छ, जुन हाम्रो प्रयोग गरिरहेको पैसा (प्रतिकात्मक मुद्रा) को एक सिधा परिणाम हो । सबैलाई खुवाउनको लागि पर्याप्त खानाको तुलनामा हामी अधिक उत्पादन गर्न सक्छौ र दुनियामा हर कोही को लागी पर्याप्त काम निश्चित रूपमा छ, तर यी सबैलाई भुक्तानी गर्नको लागि पर्याप्त पैसा छैन । कमी हाम्रो राष्ट्रिय मुद्रामा छ । वास्तवमा केन्द्रिय बैंकले काम नै मुद्राको कमी गर्ने र त्यो कमीलाई निरन्तर कायम राख्ने हो । यसको सिधा परिणाम यो हो कि हामी जिवित रहनको लागि एक अर्कासँग लड्नु, भिड्नुपर्छ ।"

वर्नाड लिएटर

यस व्यवस्थामा जो इमान्दार व्यक्ति अर्कोलाई लुट्न वा मार्न सक्दैन उनीहरूसँग यस व्यवस्थासँग सम्झौता गर्नु वा आत्महत्या गर्ने विकल्प मात्र बाँकी रहन्छ । यस व्यवस्थामा इमान्दार व्यक्तिको लागि कुनै ठाउँ छैन ।

## आत्महत्या

बचपनमा भविष्य सुरक्षित गर्नको लागी पढाइको दवावमा परीक्षामा अनुतिर्ण भएको कारणले, युवावस्थामा जागिर नपाएको कारण युवायुवतीको विवाहमा समस्या आउछ, यस निराशामा सयौं युवाहरू आत्महत्या गर्दछन् । यस व्यवस्थामा सबैको लागि ठाउँ छैन । बैंकद्वारा सिर्जना गरिएको यो कृत्रिम अभाव, गरिबी र प्रतिस्पर्धाले मानिसहरूलाई चोरी, लुट, हत्या, धोकाधाडि र आत्महत्या गर्नमा बाध्य बनाउछ । हरेक वर्ष औसत नेपालमा ८६४० हुने गरेको थियो तर कोरोनाको नाममा भएको लकडाउन तथा मन्दीले यो संख्या झनै बढाएको छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## आत्महत्या वा हत्या ?

एक समुदायमा मासु खानको लागि जनावरको हत्या गर्न मनाहि गरिएको थियो । मासु खानको लागि केही व्यक्तिहरू एउटा ठूलो कराइमा पान उमाल्थे र त्यसमाथि एउटा फल्याक राखी बाखालाई त्यस फल्याकमा उकालेर दुवैतर्फ बाट बाटो. बन्द गरिदिन्थे । केही समयपछि त्यो बाखा गर्मी सहन नसकेर त्यो फल्याकबाट हाम फारेर आत्महत्या गर्थ्यो अनि ती व्यक्तिहरू बाखाले आत्महत्या गऱ्यो । हामीले हत्या गरेको होइन भनेर त्यसको मासु खान्थे ।

**अब तपाई भन्नुस् त्यो हत्या हो वा आत्महत्या ?**

नेपालको संविधानको भाग-३ मौलिक हक र कर्तव्यमा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाच्न पाउने हक हुनेछ । यो व्यवस्था मानव अधिकारको उल्लंघन हो । किसान र जसले ऋणको कारणले आत्महत्या गरे त्यो आत्महत्याको कारण बैंक हो । जसलाई नेपालको संविधानको अनुसार मुद्दा चलाउनु आवश्यक छ ।

## ऋण (कर्जा) को जाल

ब्याज चुक्ता गर्नको लागि ऋण लिनुपर्ने हुन्छ र जब फेरी नयाँ ऋण लिइन्छ, तब त्यसमा थप ब्याज दिनुपर्छ, जसलाई चुक्ता गर्न फेरी ऋण लिनुपर्छ । यस तरिकाले हामी कर्जा (ऋण) को जालमा फस्दै गएका छौं । पैसा नै ऋण हो यसकारण यस व्यवस्थामा कहिल्यै पनि ऋणमुक्त हुनु असम्भव छ ।

यस व्यवस्थामा यदि सबै भएजति पैसा फिर्ता गरियो भने पनि हाम्रो ऋण बाँकी नै रहन्छ । किनकी देशमा जति पैसा छ त्यो भन्दा धेरै ऋण छ, जुन ब्याजको व्यवस्थाको कारणले भएको हो ।

## बन्धुवा मजदुरी

यदि ५ सिक्का (English Pennies) ५% वार्षिक ब्याजमा लियो भने १८५० सालमा (वर्षमा) ३२,३६,६६,४८,१५७ वटा पृथ्वी जत्रो ठूलो सुनले भरिएको गोला ब्याजको रूपमा दिनु पर्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरा जीवन हामी त्यो पैसाको ब्याज तिर्नको लागी काम गर्छौं जुन बैंकको हुँदै होइन र कहिल्यै तिरेर सकिन्न पनि । यस प्रकार यो एक तरिकाको बन्धुवा मजदुरी हो जुन नेपालको संविधानको भाग-३, मौलिक हक र कर्तव्य अन्तर्गतको स्वतन्त्रताको अधिकारको हनन हुनेछ ।

## बजेट २०७८/२०७९

विनियोजित रकम : १६ खर्व ४७ अर्व ५७ करोड

चालु खर्च : ६ खर्व ७८ अर्व ६१ करोड (४१.२%)

पुँजीगत खर्च : ३ खर्व ७४ अर्व २६ करोड (२२.७%)

वित्तीय व्यवस्था : २ खर्व ७ अर्व ९७ करोड (१२.६%)

देशको ऋण : १५ खर्व ८९ अर्व

यसको ब्याज : १०% मात्र भए पनि १ खर्व ५८ अर्व ९० करोड हामीले तिरेको कर कता खर्च हुन्छ ? हामीले तिरेको अधिकांश कर ब्याज तिर्नमा खर्च हुन्छ ।

## सरकारलाई कर दिनु भनेको वेवकुफी हो

हरेक वर्ष नेपाल सरकारले खर्वौं रूपैया ऋण लिन्छ । २०७८ सम्म को देशको ऋण १५ खर्व ८९ अर्व छ । यसको ब्याज मात्र १०% मान्ने हो भने पनि १ खर्व ५८ अर्व ९० करोड हुन्छ तर ब्याज १०% नभई १०% भन्दा बढी नै हुने गर्छ । सरकार ऋण माथि ऋण थप्दै गइरहेको छ यदि सरकारले आफ्नो पैसा आफैं बनाएको भए यसरी पैसा तिर्नु पर्दैनथ्यो र (हरेक नेपाली बच्चा जन्मिदा ६० हजार ऋण बोकेर जन्मिने गर्छ) हामी डिजेल, पेट्रोल, VAT आयकर देखि लिएर प्रत्यक्ष अप्रत्यक्ष रूपमा हजारौं ठाउँमा लाखौं Tax (कर) तिर्छौं । किन ? के हामी वेवकुफ हौं ? हामी गधा हौं ?

## हरेक वर्ष अर्वौं को लुट

पहिले हाम्रो १ रूपैया १ तोला चादी हुने गर्थो । अहिले १ तोला चाँदी = १२०० भन्दा माथि



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१ तोला चाँदी = १२००

१०० तोला = १०० × १२०० = १,२०,०००

१००/१२०,०००× १०० = ०.०८३३३% बाँकी

लुटिएको १००–०.०८३३३ = ९९.९१%

कुनै समय १ रूपैया भनेको १ तोला चाँदी थियो । आज चादी तोलाको रु १२०० छ यसलाई प्रतिशतमा $\frac{१}{१२००} \times १०० = ०.०८३३\%$ यसको मतलब अब हामीसँग अब ०.०८३३% मात्र सम्पत्ति छ, ९९.९६७% हाम्रो सम्पत्ति लुटिएको छ । अहिले पनि लुटिदै छ ।

विश्वलाई गुलाम बनाउने इतिहासको सुरुवात आजभन्दा लगभग ३४५ वर्ष पहिलेबाट भएको थियो ।

## विश्व नियन्त्रणको इतिहास

मनी चेन्जर्सको मदतले अघि बढेर विलियम तृतीय १६७७ मा राजकुमारी म्यारीसँग विवाह गरी १६८९ मा इंग्ल्याण्डको राजा बने । केही समयपछि नै फ्रान्ससँग युद्ध भयो र उनले मनी चेंजर्ससँग १.२ मिलियन (१२ लाख) पाउण्ड ऋण मागे । उसले निम्नलिखित शर्तहरूको साथ सिर्फ ब्याज फिर्ता गर्नुपर्ने थियो सावा होइन ।

(१) मनी चेंजर्सलाई इंग्ल्याण्डको पैसा छाप्नको लागि एक केन्द्रिय बैंक "बैंक अफ इंग्ल्याण्ड" (Bank of England) को स्थापना को अनुमति ।

(२) सरकार आफैंले पैसा नछाप्ने र बैंकले नै सरकारलाई पनि ८% वार्षिक ब्याजदरमा ऋण दिनेछ, जसलाई चुक्ता गर्ने ग्यारेन्टीको लागी सरकार जनतालाई कर लगाउने छ । सरकारको यस ऋण चुक्ता गर्ने प्रतिज्ञालाई बण्ड भनिन्छ । 'बैंक अफ इंग्ल्याण्ड' लाई सबै केन्द्रिय बैंकको 'जननी' भनिन्छ जसको स्थापना १६९४ मा भएको हो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## बैंकिङ किंग रोथशिल्ड परिवारको कहानी

एमसेल रोथशिल्ड

१६९४ मा 'बैंक अफ इंग्ल्याण्ड' को स्थापना कोही अरू व्यक्तिहरूले गरे तर पछि रोथशिल्ड परिवारको त्यस बैंकमा नियन्त्रण भयो । जर्मनीमा १७४४ मा एमशेल रोथशिल्डको जन्म भयो । जसलाई बैंकिङ किंग पनि भनिन्छ ।

उसको ५ वटा छोराहरू थिए । उसले ति पाँचजना छोराहरूलाई अलग अलग देशमा आर्थिक साम्राज्य खडा गर्नको लागि पठायो । एमशेल रोथशिल्डले १ मे १७७६ (1st May 1776) मा एडम वाइजप्ट (Adam Weishaupt) र अन्य केही यहुदी व्यक्तिहरूसँग मिलेर इल्यूमिनाटी (जागृत वा प्रबुद्ध) नामक एक गुप्त संस्था बनायो । यीं मानिसहरूलाई लाग्थ्यो कि दुनियाका सबै मानिसहरू भेडा-बाखा जस्तै हुन् र ईश्वरले यिनीहरूलाई सबैमा शासन गर्नको लागि पठाएका हुन् ।

एमशेलको तेस्रो छोरा (साहिलो छोरा) नेथन रोथशिल्ड (1777-1836) एकदम चलाख थियो । जसलाई उसले इंग्ल्याण्डमा पठाएको थियो । सन् १८१५ मा जब नेपोलियन र इंग्ल्याण्डको बिचमा युद्ध भयो तब उसँग 'बैंक अफ इंग्ल्याण्ड' को केही शेयर मात्र थियो । आफ्नो गुप्तचरहरूबाट उसले १ दिन पहिले नै सूचना पायो कि नेपोलियनले युद्ध हार्‍यो । उसलाई लाग्यो कि आज केही गर्ने मौका हो । तब उसले शेयर बजारमा एक अफवाह फैलाइदियो युद्धमा इंग्ल्याण्डले हार्‍यो भन्ने सबैलाई विश्वास दिलाउनको लागि नेथनले आफूलाई निराश देखाउँदै आफ्नो बैंक अफ इंग्ल्याण्ड' को शेयर बेच्न सुरु गर्‍यो । यदि साँच्चै इंग्ल्याण्डले युद्धमा हारेको भए बैंक अफ इंग्ल्याण्ड' को शेयरको मूल्य केही पनि रहने थिएन । यस डर र अविश्वासको माहोलमा फैलिएको अफवाहबाट मानिसहरूलाई उसको कुरामा यकिन भयो र हेर्दा हेर्दै 'बैंक अफ इंग्ल्याण्ड'को सबै शेयर धनीले आफ्नो सबै शेयर बेच्न सुरु गरे यसबाट करोडौं अर्बौं को शेयर कौडीको भाउमा आइपुग्यो, जसलाई नेथन रोथशिल्डले गुपचुप तरिकाले आफ्नो मानिसहरूद्वारा खरिद गरायो ।

नेथन रोथशिल्ड



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस तरिकाले एक अफवाहबाट, विना कुनै मूल्य चुकाएर ऊ एक दिनमै 'बैंक अफ इंग्ल्याण्ड' को मालिक बन्यो । जब मानिसहरूलाई थाहा भयो कि युद्धमा त नेपोलियनले हारेको रहेछ तब उनीहरू पछुताउनुको अलावा केही विकल्प बाँकी भएन ।

नेथन रोथशिल्ड भन्छ, "यदि देशको पैसा नियन्त्रित र जारी गर्ने अधिकार मलाई दिएमा मलाई केही फरक पर्दैन कि देशको कानुन कसले बनाउछ ।"

१८२० मा आफूमाथि गर्व गर्दै नेथन रोथशिल्ड भन्छ, "मलाई परवाह छैन कि कुन कटपुतलीलाई यस इंग्ल्याण्डको सिंहासजान बसाइएको छ जसको सूर्य कहिल्यै अस्ताउँदैन । ब्रिटेनको पैसाको मात्रा (Money supply) लाई जुन व्यक्ति नियन्त्रित गर्छ, ब्रिटिश साम्राज्यलाई पनि त्यही व्यक्ति नियन्त्रित गर्छ र म बिटेनको पैसाको मात्रा नियन्त्रित गर्छु ।"

ज्याकब रोथशिल्ड

यस प्रकारले पुरा दुनियासँग हरेक वर्ष करोडौं करोड रूपैया लुटेर जुटाइएको यस बैंकिङ्ग परिवारको सम्पत्तिको अनुमान ५०० ट्रिलियन डलर लगाइएको छ । यदि तपाईं यस रकमको हिसाब लगाउनु हुन्छ कि यो कति हो, भनेर भने सम्झनुस कि पुरा दुनियाको लगभग ७८० करोड मानिस मिलेर एक वर्षमा मात्रै ९४ ट्रिलियन डलर बनाउन सक्छन् । ५०० ट्रिलियन डलरलाई यदि रूपैयाँमा बदल्ने भए यो सम्पत्ति ६०००००००००००००० रूपैयाँ बन्छ । जुन रकम हर सेकेन्ड १ करोड को दरले खर्च गर्ने हो भने सकिन १९० वर्ष लाग्छ त्यो पनि यो सम्पत्ति बढेन भने तर उसको सम्पत्ति हरेक सेकेन्ड बढिरहेको छ । एमशेल रोथशिल्डले आफ्नो वसीयतमा यो स्पष्टसँग लेखेको छ कि परिवारको सम्पत्ति भागवण्डा लाग्दैन र परिवारको मुखिया नै यसको नियन्त्रित गर्नेछ । यस समय ज्याकब रोथशिल्ड यस परिवारको मुखिया छ । एक तरिकाले यो दुनियाको असली शासक रोथशिल्ड परिवार हो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## अमेरिकाको कहानी

१७२९ मा बेन्जामिन फ्यांकलिन एक युवा थिए र आफ्नो प्रिन्टिङ्ग प्रेस चलाउथे । त्यस समय उनले आफ्नो अखबारमा एउटा लेख लेखे कि अमेरिकाले सुन-चाँदी, को आधार विना कागजको ऋणमुक्त नोट बनाउनुपर्छ । मानिसहरूलाई यो लेख एकदम मन पऱ्यो र साँच्चै अमेरिकामा कागजको ऋणमुक्त पैसा बनाउन थालियो । पैसाको मात्रा बढनाले अमेरिकामा एकाएक समृद्धि आयो । यस कामबाट इंग्ल्याण्डमा रहेको बैंकर्सलाई आफ्नो साम्राज्य खतरामा पर्ने डर लाग्यो र उनीहरूले १७५१ मा इंग्ल्याण्डका राजा जर्ज द्वितीय (जसको गुलामीमा अमेरिका बाचिरहेको थियो) लाई दबाब दिएर यस प्रकारको अरू अधिक पैसा जारी गर्न प्रतिबन्ध लगाई दिए । जसबाट अमेरिकाको समृद्धिको बाटो बन्द भयो ।

१७६४ मा इंग्ल्याण्डमा एक पहिले जारी गरिएको कागजको नोट बन्द गरिदिने । एक अर्को कानुन बन्ने वाला थियो । यस कानुनलाई रोक्नको लागि जब वेन्जामिन फ्रयांकलिन राजा जर्ज तृतीयसँग कुरा गर्न लण्डन गए तब उनको भेट 'बैंक अफ इंग्ल्याण्ड' को निर्देशकसँग भयो । फ्रयांकलिनले लण्डनमा बेरोजगारी, गरिबी र धनीहरलाई अत्याधिक कर (Tax) लगाएको देखेर यसको कारण सोधे तब निर्देशकले बताए कि यहाँ मजदुर धेरै छन् । त्यसैले यस्तो छ यो जवाफ फ्रयांकलिनलाई अस्वभाविक लाग्यो । पछि 'बैंक अफ इंग्ल्याण्ड' का निर्देशकले अमेरिकाका गरिबहरूको अवस्थाको बारेमा सोध्दा फ्रयांकलिनले जवाफ दिए कि हाम्रो देशमा त गरिबी नै छैन, किनकी हामी आफ्नो पैसा आफै बनाउँछौं र त्यति मात्रामा बनाउछौ कि चिजहरू सजिलैसँग उत्पादकबाट ग्राहकसम्म पुगोस् । यस प्रकार आफ्नो पैसा बनाएर जनताको क्रयशक्ति (Purchasing Power) तय गर्छौं साथै हामीलाई ब्याज तिर्नु पनि पर्दैन ।

## स्वतन्त्रताको लडाँइ (सन् १७७६)

फ्रयांकलिनले राजा 'जर्ज तृतीय' सँग त्यो कानुन रोक्ने प्रस्ताव गरे । त्यसको बाबजुद पनि इंग्ल्याण्डका 'बैंकर्स' को दवावमा अमेरिकामा कानुन बनाएर कागजको पैसामा रोक लगाइदिए । यसबाट अमेरिकामा एकाएक गरिबी र बेरोजगारी बढ्यो र मन्दी आयो । जसबाट चिन्तित भएर अमेरिकाका किसानले विद्रोह गरे । धेरै व्यक्तिहरूले लेखेका छन् कि अमेरिकाको स्वतन्त्रताको लडाइको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछाडि मुख्य कारण राजाले उनीहरूको पैसा बनाउने स्वतन्त्रतामा रोक लगाएर उनीहरूलाई गरिब बनाएकाले हो । युद्धको दौरान पनि अमेरिकाले 'कन्टिनेन्टल' नामको कागजका मुद्रा जारी गरी शक्तिशाली भयो जसले गर्दा इंग्ल्याण्डलाई जितेर उनीहरू स्वतन्त्र भए । तर पछि फेरि बैंकर्सले त्यस्तै देखिने नोट बनाएर यसलाई पनि व्यर्थ सावित गरिदिए ।

अमेरिकाका राष्ट्रपति थोमस जेफरसनको अनुमान थियो २०० मिलीयन डलरको 'केन्टिनेन्टल मुद्रा' मा लगभग त्यति नै नक्कली पैसा बनाएर यसको मात्रा दोब्बर बनाई यसको मूल्य गिराइएको थियो । अब अमेरिका राजनैतिक रूपबाट त स्वतन्त्र थियो त केही हदसम्म आर्थिक रूपले पनि स्वतन्त्रै थियो तर बैकर्स अमेरिकाभित्र पनि एक केन्द्रिय बैंक स्थापित गर्न चाहन्थे, किनकी बैकर्सले यो बुझिसकेका थिए कि अब अमेरिकालाई दबाएर गुलाम बनाउन मुश्किल पर्छ । यसकारण अमेरिकाको अर्थव्यवस्था नियन्त्रण गरेर नै अमेरिकालाई फेरी गुलाम बनाउन सकिन्छ ।

## अमेरिकाको शुरुवाती केन्द्रिय बैंक

**प्रथम केन्द्रिय बैंक** (१७९१-१८११)

'कन्टिनेन्टल' मुद्रा षड्यन्त्रकारी तरिकाले व्यर्थ सावित गरेपछि यिनीहरूले अमेरिकाका नेताहरूबाट सम्झाए कि आफ्नो पैसा बनाएर काम चल्दैन र अमेरिकामा पनि 'बैंक अफ इंग्ल्याण्ड' जस्तै एक केन्द्रिय बैंक स्थापना गर्ने सल्लाह दिए । अमेरिकाको प्रथम केन्द्रीय बैंकको स्थापना २० वर्षको चार्टरमा १७९१ मा भयो । थोमस जेफरसन १८०१ मा अमेरिकाका राष्ट्रपति वने र उनी १८०९ सम्म राष्ट्रपति रहे । उनले यस व्यवस्थालाई राम्रोसँग बुझे र केन्द्रिय बैंक बन्द गराउनको लागि पुरा कोशिष गरे तर २० वर्षको चार्टर भएकाले यो बैंक १८११ सम्म चल्यो ।


थोमस जेफरसन

जेफरसन भन्छन् "यदि अमेरिकाले जनताले बैंकको माध्यमले पैसा नियन्त्रण हुन दिइरहे भने बैंक र उसको आसपास विकसित कर्पोरेसनले पहिले महंगीले फेरि त्यसपछि मन्दीबाट मानिसहरूलाई उनीहरूको सबै



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पत्तिबाट वञ्चित गरिदिन्छन् । जबसम्म उनीहरूका सन्तान आफ्नै पिताको अधिनमा भएको महादिपमा घरबारविहिन हुँदैनन् ।"

एक वयानमा उनी भन्छन् बैंकिङ्ग संस्थाहरू हाम्रो स्वतन्त्रताको लागि दुस्मनको सेना भन्दा पनि बढी खतरनाक हुन्छन् । (अथवा एकातिर बैंक र अर्कातिर दुस्मनको सेना छन् भने स्वतन्त्रताको. लागि पहिला बैंकमा हमला गर्नुपर्छ अनि मात्र दुस्मनको सेनामाथि) मुद्रा जारी गर्ने अधिकार बैंकसँग खोसेर जनतालाई दिनुपर्छ जो यस कामको सच्चा अधिकारी हुन् । र अर्को एक बयानमा उनी भन्छन्, "यदि मात्र संविधानमा एक बदलाव गर्न सम्भव होस् केन्द्र सरकारबाट पैसा ऋण लिने शक्ति खोस्न सकियोस् (यदि संविधानमा एक मात्र बद्लाव गरेर केन्द्र सरकारको पैसा ऋण लिन सक्ने अधिकार खोस्नुपर्छ ।")

## द्वितीय केन्द्रिय बैंक र राष्ट्रपति ज्याक्सन माथि हमला

अमेरिकाको पहिलो केन्द्रिय बैंक १८११ मा बन्द भयो तर ५ वर्षपछि नै १८१६ मा बैंकर्स आफ्नो द्वितिय केन्द्रिय बैंक स्थापित गर्नमा सफल भए । यसलाई पनि २० वर्षको चार्टर प्राप्त भयो । १८२९ मा एन्ड्रयु ज्याक्सन केन्द्रिय बैंक बन्द गर्ने घोषणा गर्दै राष्ट्रपति बने । बैंकर्सले आफ्नो पुरा कोशिश गरे कि उनलाई राष्ट्रपति बन्नबाट रोक्नको लागि तर उनी एकपटक होइन दुई पटक राष्ट्रपति बने । १८९६ मा बैंकको चार्टर समाप्त हुँदै थियो र ज्याक्सनले यसलाई अघि बढाउन दिएनन् ।

एन्ड्रयू ज्याक्सन

ज्याक्सन लेख्छन्, "यदि अमेरिकाका जनताले मुद्रा र बैंकिङ व्यवस्थाको अन्यायलाई बुझे भने भोलि बिहान हुनुभन्दा पहिले क्रान्ती हुनेछ । ज्याक्सनलाई २ पटक हत्या गर्ने कोशिश भयो तर उनी बाँच्न सफल भए । जनवरी १८३५ मा अन्तिम पटक अमेरिका आफ्नो ऋण चुकाएर ऋण मुक्त भयो र दोस्रो केन्द्रिय बैंकको अन्त्य भयो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## अब्राहम लिंकनको चमत्कार र उनको हत्या (१८६३-६५)

२७ वर्षको गोप्य योजनापछि बैंकर्स फेरि सक्रिय भए र १८६३ मा श्वेत र अश्वेत (गोरा र काला) बिच गृहयुद्ध गराउन सफल भए । लडाँइ जित्नको लागि सेनालाई पैसा चाहिएको थियो तर सरकारसँग पैसाको कमी थियो । जब राष्ट्रपति अब्राहम लिङकन यी बैंकर्ससँग ऋण माग्न गए तब उनलाई २४% देखि ३६% सम्म व्याज दिनुपर्ने बताए । निराश भएर लिंकन फर्किए । यदि युद्ध नलडे अमेरिका दुई टुक्रा हुने थियो र यदि ऋण लिएर युद्ध लडे ऋणको दलदलमा देश कहिल्यै नउठ्ने गरी फस्ने थियो ।

अब्राहम लिङकन

राष्ट्रपति लिंकनको अगाडि एक धर्मसंकट आइलाग्यो । पछि उनको सचिवले उनको निराशको बारेमा थाहा पायो र सोध्यो कि "तपाईं आफ्नै पैसा किन छाप्नु हुन्न ?" लिंकनले सोधे "के हामी साँच्चै आफ्नै पैसा छाप्न सक्छौं ?" जवाफमा सचिवले भने, "कसले रोकेको छ ?" केही समयमा नै लिंकनले ५०० मिलियन डलर छापे । त्यसको पछाडिको रंग हरियो भएको कारण त्यसलाई 'ग्रीन व्याक' भनियो । अब पैसाको अभाव नभएपछि लिंकनले युद्ध जिते । यस कुराले विश्वमा खलबली मच्चियो । लण्डन टाइम्समा १८६५ मा एउटा लेख आयो, "यदि उत्तरी अमेरिकाको यो चलाख वित्तिय नीति स्थिर हुन गयो भने सरकारले विना लागतको आफ्नै पैसा बनाउने छ । उसले आफ्नो सबै ऋण चुकाउने छ र ऋणमुक्त हुनेछ । आफ्नो कारोबार चलाउनको लागि ऊ सँग एकदम धेरै पैसा हुनेछ । यो दुनियाको सभ्य सरकारहरूको इतिहासमा उदाहरण र समृद्ध हुनेछ । सबै देशको धन र दिमाग अमेरिका पुग्नेछ । यसै कारण यस सरकारलाई नष्ट गरिदिनुपर्छ नत्र यसले दुनियाको हरेक राजशाही लाई नै नष्ट गर्नेछ ।" र १८६५ मा नै अब्रांहम लिंकनको हत्या भयो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## राष्ट्रपति गारफिल्डको हत्या (१८८१)

१८८१ मा जेम्स गारफिल्ड अमेरिकाका राष्ट्रपति बने र उनी साहसपूर्वक बैंकर्सको विरुद्धमा उभिए । यही कारण उनको हत्या भयो । एक वयानमा उनले भनेका थिए, "जसले देशमा पैसाको मात्रालाई नियन्त्रित गरेको छ, ऊ सबै उद्योग र वाणिज्यको पूर्ण स्वामी बनेको छ । जब तपाईं पाउनु हुनेछ की पुरा सिष्टम शीर्ष स्थानमा बसेका कोही शक्तिशाली मानिसहरूद्वारा सजिलै नियन्त्रित छ तब महंगी र मन्दी किन आउछ किन आउछ बताउने जरुरत नै पर्दैन ।"

जेम्स गारफिल्ड

राष्ट्रपति बनेको चार महिना भित्र नै उनको हत्या भयो । त्यसपछि अमेरिकामा एकदम ठूलो मन्दी आयो, जनता बेरोजगारी, गरिबी र भोकमरीको दलदलमा फस्दै गए । कृषि उत्पादन खेतमै सड्न दिइयो किनकी नत मजदुरलाई दिनको लागि पैसा थियो न त किन्नको लागि बजारमा कुनै ग्राहक थिए । देशमा सबथोक हुदाहुदै पनि गरिबी थियो किनकी व्यापारको चक्का चलाउनको लागि पैसाको कमी थियो । देशमा पैसाको धेरै आवश्यकता थियो तर बैंकर्सले सरकारले आफ्नै पैसा छाप्यो भने महंगी भनै बढ्नेछ भनेर सरकारलाई आफ्नो पैसा छाप्न दिएनन् ।

(यो सबै साना साना खेल हुन अब ठूलो खेलको सुरुवात हुदैछ यसभन्दा अगाडि हिम्मत गरेर पढ्नुहोला)

## ठूलो खेलको सुरुवात

बैंकर्सद्वारा अमेरिकामा एकपटक फेरि पनि केन्द्रिय बैंक बनाउने कोशिश तीव्र रूपमा सुरु भयो । १९०७ मा अफवाह फैलाइयो कि केही बैंक फेल भए भनेर, जसको कारणले मानिसहरूले बैंकबाट आफ्ना पैसा निकाल्न सुरु गरे र साँच्चै बैंकहरू फेल हुन सुरु भयो । समाधानको रूपमा बैंकर्सले सरकारलाई एक केन्द्रिय बैंक बनाउन सुझाव दिए र १९१० मा ज्याकल द्विपमा बैंकर्सले एक गुप्त बैठक बसेर एउटा कानुनको रूपरेखा बनाए जसलाई अमेरिकाको संसदबाट पास गराउनु थियो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## फेडेरल रिजर्भ एक्ट १९१३

बुड्रो विल्सनलाई राष्ट्रपति पदको लागि चुनावमा आर्थिक मदतको बदलामा फेडरल रिजर्भ एक्ट (Federal Reserve Act) नामको कानुन पास गर्न भनियो । नाममा 'फेडरल' शब्द भ्रमित गर्नको लागि लेखिएको थियो । ताकी जनतालाई लागोस् कि यसको सम्बन्ध केन्द्र सरकारसँग छ । २९ डिसेम्बर १९१३ मा जब सबैजसो मानिसहरू क्रिसमसको छुटीमा व्यस्त थिए, सरकारले अमेरिकाको गुलामीको यो कानुन पास गरिदियो ।

बुड्रो विल्सन

पछि राष्ट्रपति विल्सनले पश्चातापमा लेख्छन्, "हाम्रो महान औद्योगिक राष्ट्र क्रेडिटको प्रणालीद्वारा नियन्त्रित गरिन्छ । क्रेडिटको हाम्रो प्रणाली निजी स्तरमा केन्द्रित छ । यसकारण देशको विकास र हाम्रो सबै गतिविधिहरू केही मानिसहरूको हातमा केन्द्रित छ । हामी सभ्य दुनियाँमा सबैभन्दा नराम्रो तरिकाले शासित र नियन्त्रित सरकारमध्ये एक बनेका छौं । अब सरकार मुक्त र लोकतान्त्रिक हुनुको सट्टा एउटा सानो घमण्डी लुटेरा समूहको नियन्त्रणमा पुग्यो ।

## फेडेरल रिजर्भको मालिक को हो ?

अमेरिकाको केन्द्रिय बैंक फेडेरल रिजर्भ वास्तवमा एक स्वतन्त्र र निजी कम्पनी हो जसको लगभग १२ क्षेत्रीय फेडरल रिजर्भ बैंक छन् । यसको स्वामित्व व्यावसायिक बैंकको हातमा छ । फेडरल रिजर्भ बैंकको सबै सदस्य आफ्नो आकारको अनुपातमा आफ्नो हिस्सा राख्छन् र न्यूयोकको फेडरल रिजर्भ बैंकसँग पुरा फेडरल रिजर्भ सिस्टमको ५३ प्रतिशतको हिस्सेदारी छ । १९९७ मा न्यूयोर्क फेडरल रिजर्भको रिपोर्ट अनुसार चेजम्यानह्याटन बैंक, सिटी बैंक र मोरगन ग्यारेन्टी ट्रस्ट कम्पनी यसको ३ सबैभन्दा ठूला हिस्सेदार हुन् । सन् २००० मा जे.पि.मोरगान र चेजम्यानह्याटन एक भएर जे.पि. मोरगन चेज कम्पनी बन्यो । सिटी ग्रुप रकफेलर साम्राज्यको एक हिस्सा हो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## रकफेलर र मोरगन को कहानी

अमेरिकामा कैयौं ठूला दिग्गज लुटेरा थिए, परन्तु जे. पिरपोंन्ट मोरगन (John Pierpont Morgan) एण्ड्रयु कारनेगी र जोन डि. रकफेलर नै नेतृत्व गर्थे । मोरगनको दवदवा वित्तमा थियो । कार्नेगीको स्टील मा र रकफेलरको तेलमा थियो । मोरगनले आफ्नो व्यवसाय आफै तयार गरेको थिएन बरु अर्कोसँग खरिद गरेको थियो र उसलाई प्रतिस्पर्धासँग घृणा थियो । १९०१ म मोरगनले कारनेगीसँग खरिद गरेको मिलबाट अर्बौं डलरको पहिलो कम्पनी यु.एस.स्टिल (U.S. Steel) बनायो । रकफेलरले पनि आफ्नो प्रतिद्वन्द्वीलाई किनेर समाप्त गरिदियो र उसको कम्पनी स्ट्याण्डर्ड आयल सबैलाई उछिन्दै पहिलो ठूलो बहुराष्ट्रिय कम्पनी बन्यो ।

जे. पि. मोरगान

जोन डि. रकफेलर

प्रथम विश्वयुद्ध भन्दा पहिले अमेरिकाको वित्त र व्यवसायको आधार मोरगनको फाइनान्स र यातायात तथा एकफेलरको तेल कम्पनी नै थियो । यस तरिकाले यी कम्पनीहरूको आपसमा गठबन्धन बन्यो । यो भन्ने गरिन्छ कि आपसी तालमेलको कारणले अमेरिकाको लगभग पूरै अर्थव्यवस्थालाई यिनीहरूले नै नियन्त्रित गरिरहेका थिए । पहिले रकफेलर र मोरगन एक अर्काको दुस्मन थिए । यो प्रतिस्पर्धा राजनैतिक सत्ता प्राप्तिको लागि थियो । परन्तु उनीहरू दुइटैलाई ब्रिटिश वित्तदाता बाट अथवा रोथशिल्डबाट पुरा सहयोग मिल्ने गर्थो । चेजबैंक रकफेलरले खरिद गऱ्यो, जसलाई रोथशिल्डले वित्तीय सहयोग गरेको थियो । त्यो पैसा न्यूयोर्कको एक बैंकिङ्ग फर्म "कुहन, लोएन एण्ड कम्पनी" को मार्फतबाट आएको थियो । जुन जर्मनीको एक आप्रवासी ज्याकब स्किफको नियन्त्रणमा थियो । स्किफले यो हिस्सेदारी रोथशिल्डको वित्तीय सहयोगबाट बनाएको थियो । पछि उसले 'कुहन' खरिद गऱ्यो र 'लोएव'को सबैभन्दा ठूली छोरीसँग विवाह गऱ्यो । मानह्याटन कम्पनी पनि 'कुहन, लोएब र बारबर्ग्स' को बैंकिङ्ग परिवारको माध्यमबाट रोथशिल्डको नियन्त्रणमा आइसकेको थियो । यस प्रकार एउटा अर्को बैंकिङ्ग बंश स्पष्ट रूपले रोथशिल्डको भयो । १९५५ मा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रकफेलरको चेज बैंकको म्यानह्याटन कम्पनीमा विलय भयो र चेजम्यानह्याटन बैंक बन्यो ।

मोरगन परिवारको सबै बैंकिङ्ग गतिविधिहरू पनि सिधा रूपले इंग्ल्याण्डबाट पत्ता लगाउन सकिन्छ । वित्तीय संकटको खराब परिस्थितिमा पनि मोरगनको बैंक उच्च नाफामा रहने गर्थ्यो, यसले त्यो कुराको पुष्टि गर्छ । बैंकको खराब समय (१८७३, १८८४,१८९३ र १९०७) मा जब अन्य सबै बैंक घाटामा चलिरहेका थिए,, मोरगनको बैंकले हमेशा आफ्नो व्यवसायलाई राम्रोसँग चलाइ राख्यो र पैसाको व्यवस्था कायम राख्यो ।

## प्रथम विश्वयुद्ध (१९१४-१८)

प्रथम विश्वयुद्ध इंग्ल्याण्ड र जर्मनीमा सुरु भयो । अमेरिकाको यससँग कुनै लेनादेना थिएन । तर बैंकर्स आफ्नो बेहिसाब फाइदाको लागि अमेरिकालाई पनि युद्धमा मुछ्न चाहन्थे । अमेरिकाका राज्य सचिव विलियम जेनिग्सले भनेका थिए, "ठूला बैंकर्स विश्वयुद्धमा गहिरो रुची राख्थे, किनकी यसमा ठूलो फाइदाको लागि ब्यापक अवसर थियो ।"

यस युद्धबाट रकफेलर एक्लैले त्यस समय २० करोड डलर कमाए जबकी युद्धको खर्च ३००० करोड डलर आएको थियो र करोडौं मानिसहरू मारिए र वर्वाद भए । एक सम्वाद जुन ग्रे (इंग्ल्याण्डका विदेश सचिव) र हाउस (अमेरिकी राष्ट्रपति विल्सनका प्रमुख सल्लाहकार) को बिचमा भएको थियो जुन पछि सार्वजनिक भयो ।

ग्रे. इंग्ल्याण्डका विदेश सचिव अमेरिकाका मानिसहरू के गर्छन् यदि जर्मनीले एक समुद्रि जहाज डुबाइदियो भने जसमा अमेरिकाका नागरिक हुन् ?

हाउसः विल्सनका प्रमुख सल्लाहकार मलाई लाग्छ अमेरिकामा एक आक्रोशको लहर चल्नेछ र यो हामीलाई युद्धमा लैजानको लागि काफी हुन्छ ।

लुसिटेनिया नामको जहाजलाई योजनावद्ध तरिकाले जर्मनीको समुद्री सिमाना पठाइयो र जर्मनीहरूले त्यो जहाज डुवाइदिए, जसमा १२०० जना मारिए । यस बहानालाई लिएर अमेरिका पनि युद्धमा होमियो जबकी यसको पछाडीको षड्यन्त्र खेल बैंकर्सको थियो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र फेरि इंग्ल्याण्ड र जर्मनीको बिचमा सुरु भएको यस युद्धले विश्वयुद्धको आकार लियो । जबकी यसको पछाडिको खेल बैकर्सले खेलेका थिए । अमेरिकाका राज्य सचिव विलियम जेनिङ्गस भन्छन्– ठूला बैंकिङ्ग घराना विश्व युद्धमा गहिरो रुची राख्दथे । किनकी यसमा ठूलो फाइदाको लागि व्यापक अवसर थियो । स्कुल र कलेजमा प्रथम विश्वयुद्धको असली कारणको बारेमा कसैले कुरा गर्दैनन् । जबकी यस पुरा युद्धको पछाडिको असली खेल बैंकर्सले खेलेका थिए । लाखौं करोडौं सिपाही मारिए । जो आफ्नो देशको लागि लडिरहेको छु भने सोचेका थिए तर खेल अर्कै थियो ।

## रुसको क्रान्ति (१९१७)

सन् १९९१४ मा सुरु भएको विश्वयुद्ध दुई वर्ष पूरा हुँदै थियो । बैंकर्सद्वारा पैसा लगानी गरेर यस विश्वयुद्धलाई लगातार बढाउँदै थिए । बैंकर्सद्वारा अमेरिकामा पूर्ण रूपले नियन्त्रण भइसकेको थियो । यस कारण विश्वभरमा आफ्नो निरन्त्रण कायम गर्नको लागि अमेरिकालाई आफ्नो सबैभन्दा मुख्य मोहरा बनाउन सुरु गरिसकेका थिए । यदि कुनै पनि देश अमेरिकाभन्दा धेरै शक्तिशाली हुन सुरु भएमा ती बैंकर्स त्यस देशलाई आफ्नो नियन्त्रणमा ल्याउनका लागि षड्यन्त्र रचन सुरु गर्थे । यस्तै रुसको साथमा पनि भयो ।

सन् १९१६ मा रुस अमेरिका भन्दा बढी शक्तिशाली हुँदै थियो । रुस शक्तिशाली हुनुको पछाडि धेरै कारणहरू थिए । एउटा कारण यो थियो कि रुसमा त्यस बेलासम्म रुसका राजा जारको नै शासन थियो र अर्को कारण त्यस समय रुसभित्र तेल उत्पादन पनि अमेरिका भन्दा धेरै हुँदै थियो । बैंकर्स विश्वमा नियन्त्रण गर्नको लागि लिग अफ नेशंस (League of nations) बनाउन चाहन्थे । तर रुसको बढदै गरेको शक्ति देखेर बैंकर्सलाई चिन्ता हुन थाल्यो कि यदि रुस अमेरिका भन्दा धेरै शक्तिशाली भयो भने बैंकर्सको साम्राज्य खतरामा पर्न सक्थ्यो । यस कारण उनीहरूले पहिले त रुसका राजालाई आफूसँग मिलाउन चाहे र लिअफ नेशनस् बनाउने गोप्य योजना जारसँग राखे । परन्तु जब उनीहरूले यो गुप्त योजना रुसका राजा (जार) सँग सल्लाह गरे तर रुसका राजा (जार) ले यसमा समर्थन गरेनन् र यस गोप्य योजनालाई सार्वजनिक गरिदिए । यसबाट बैंकर्सले राजालाई बाधकको रूपमा लिन थाले । फेब्रअरी १९१७ मा रुसमा सरकारको विरुद्ध ठूलाठूला प्रदर्शन हुन थालेको थियो र एक शान्तिपूर्ण क्रान्तिले जन्म लियो । बैंकर्सले यसै मौकाको फाइदा उठाउँदै यस शान्तिपूर्ण क्रान्तिलाई थप भडकाउनको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागि जर्मनी सरकारको माध्यमले लेनिन र ट्रट्स्कीलाई क्रान्तिको लागि २ विलियन डलरको आर्थिक लगानी गरे । त्यसपछि नोबेम्बरमा रुसमा क्रान्ति र साम्यवाद (कम्युनिजम) को नाममा शान्तिपूर्ण र लोकतान्त्रिक क्रान्तिले हत्या हिंसाको क्रान्तिको रूप लियो र बैंकर्सको एजेन्ट नै सत्तामा आए ।

क्रान्तिको समयमा रुसका एक संवाददाता 'युजिन लियोन्स' लेख्छन्, "लेनिन, ट्रटीस्की र उनका साथीहरूले राजशाही (राजतन्त्र) लाई उजाडेका होइनन्, उनीहरूले रुसी इतिहासमा पहिले लोकतान्त्रिक समाजलाई उजाडेर फाले, जुन मार्च १९१७ मा भएको एक लोकप्रिय क्रान्तिको माध्यमले स्थापित गरिएको थियो ।" पार्टीले रुसी वाणिज्यलाई मुक्त व्यापारको लागि खुल्ला राख्यो र बैंकिङ्ग प्रणालीलाई निजी हेरफेरको लागि खुल्ला छोडिदियो ।

सत्तामा आएपछि कम्युनिष्ट पार्टीले त्यसैगरे जस्तो बैंकर्स चाहन्थें पार्टीले रुसी वाणिज्यलाई मुक्त व्यापारको लागि खुला छोडिदियो र बैंकिङ्ग प्रणालीलाई पनि निजी हेरफेरको लागि खुला गरिदियो । रूपमा स्थापित यस नयाँ सरकारले विस्तारै विस्तारै सबै नियम समाप्त गरिदियो ।

१९१७ मा देशको बैंकिङ्ग प्रणालीलाई राष्ट्रियकरण गरियो । तर यस प्रणालीलाई "पैसा विनाको अर्थव्यवस्था"को कम्युनिष्ट विचारको विरुद्ध गएर १९२० मा भंग रे । जसको बरोमा एडवर्ड ग्रिफिनले आफ्नो पुस्तक 'द क्रियचर फ्रम जेकैल आइल्याण्ड'मा लेख्छन, "१९२२ मा सोभियत संघले आफ्नो पहिलो अन्तर्राष्ट्रिय बैंकको गठन गऱ्यो । यसको स्वामित्व कम्युनिष्ट सिद्धान्त अनुसार राज्यको थिएन, बरु यो निजी बैंकर्सको एक गिरोहद्वारा संचालित थियो । यस गिरोहमा जारका पूर्व बैंकरका साथै स्वीडिश, जर्मन र अमेरिकी बैंकका प्रतिनिधि पनि शामेल थिए ।

विदेशी पुँजीको अधिकांश हिस्सा ईग्ल्याण्ड र ब्रिटिश सरकारबाट आएको थियो, नयाँ बैंकको विदेश विभागका निर्देशकको रूपमा नियुक्त 'म्याक्स मेइ' न्यूयोर्क मा मोरगनको 'ग्यारेण्टी ट्रस्ट कम्पनी'का उपाध्यक्ष थिए । अक्टुबर क्रान्तिको तुरुन्तै पछिल्लो वर्षमा ब्रिटिश र अमेरिकी कारोबारको लागि सोभियत संघद्वारा जारी गरिएको ठूला र आकर्षक गैर प्रतिस्पधी) ठेक्का को एक निरन्तर सिलसिला त्यहाँ देख्न सकिन्छ । अमेरिका, ब्रिटेन र जर्मन ब्वाँसाहरूले छिट्टै नै नयाँ सोभियत शासनको लाभको एक उपहार पाए ।"



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एन्टोनी सी. स्टनले आफ्नो किताब 'वालस्ट्रिट एण्ड द बोल्सेविक रिभोल्युसन' मा यसको सारा सवुत प्रस्तुत गरेका छन् । लेनिनको मृत्यु पश्चात स्टालिन सत्तामा आए र उनी साँच्चै कम्युनिष्ट थिए । सत्तामा आउने वित्तिकै उनले बैंकको राष्ट्रियकरण गरे र बैंकर्सलाई रुसमा नियन्त्रणमा राखे ।

## संस्थाहरूको स्थापना

प्रथम विश्वयुद्धपछि बैंकर्सको शक्ति निकै बढेको थियो । अब उनीहरूलाई आफ्नो विश्व नियन्त्रणको सपना सफलताको नजिकै लाग्दै थियो । विश्वको सबै देशहरूलाई आफ्नो नियन्त्रणमा राख्नको लागि बैंकर्सले रणनीति बनाए की सबै देशलाई मिलाएर केही संस्था बनाउने र देशहरूलाई यी संस्थाको अन्तर्गत राख्ने ताकी चाहेर वा नचाहेर सबै देश अन्तर्राष्ट्रियस्तरमा आफ्नो स्वतन्त्र निर्णय लिन नसकुन र यी संस्थाहरूको निर्णयमा बाँधिएर नै रहुन् । यस्ता संस्थाको बारेमा युरोपियन संघका योजनाकार जोन मान्नेटले एक पटक लेखेका थिए, "मनुष्य बिना केही पनि सम्भव छैन, तर संस्थानहरू बिना केही पनि स्थाइ हुँदैन जब मानव जाति असफल हुन्छ, तब राम्रा संस्थाहरूले यसलाई बचाउँछन् ।"

बैंकर्सले यस रणनीतिलाई मुर्त रूप दिए र १९१९ मा दुनियाको लगभग सबै देशहरूलाई लिएर "लीग अफ नेशंस" बनाए, जो सन् १९४५ मा गएर "संयुक्त राष्ट्र संघ बन्यो । अमेरिकाको विदेश नीतिलाई नियन्त्रित गर्नको लागि १९१९ मा नै काउन्सिल अन फरेन रिलेशन' (CFR) बनाए, जुन अमेरिका सरकारको नियन्त्रणमा नभएर बैंकर्सको एउटा गोप्य समूह थियो । यस तरिकाको षड्यन्त्रलाई प्रक्रियामा ल्याउनका लागि बैंठक हुन एकदम जरुरी हुन्छ र यसै प्रकारको एक गोप्य बैठक सन् १९५४ मा विल्डरवर्ग नामको होटलमा गरियो । आम रूपमा यस्तो बैठक कुनै संगठनको व्यानरमा गरिन्छ र त्यसको मुद्दा पनि प्रकाशित गरिन्छ । तर कुनै संगठनको व्यानर विना एउटा गोप्य बैठक चलिरहेको थियो । यस समूहको कुनै नाम थिएन यसकारण यसको नाम विल्डरवर्ग समूह नै भन्ने गरियो । यो बैंकर्सको दुनियाको सबैभन्दा गोप्य (खुफिया) समूह मानिन्छ । जहाँबाट दुनियाको दशा र दिशा तय हुन्छ । १९७३ मा जापान, अमेरिका र ब्रिटेनका बैंकर्सका एक ट्राइलेट्रल कमिशन (त्रिपक्षिय आयोग)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बन्यो, जसमा पछि अन्तराष्ट्रिय बैंकर्स, मिडिया, राजनेता, बुद्धिजीवी र बिशिष्ट सरकारी अधिकारीहरू जोडिए । यस तरिकाका केही अरू खुफिया (गोप्य) समूह आपसमा रणनितिकार गोलमेज समूहको निर्माण गर्दछन्, जहाँ बसेर दुनियाको वर्तमान र भविष्य तय गरिन्छ ।

## महामन्दी (१९२९-३३)

प्रथम विश्वयुद्धको तत्कालपछि फेडरल रिजर्भद्वारा अचानक व्याज दर बढाइयो, जसबाट पैसाको कमी भयो र मन्दी आयो । किन्तु रणनीति बदलेर १९२० को अन्तदेखि १९२९ सम्म सस्तो ऋण दिएर अमेरिकामा पैसाको मात्रालाई ६२ प्रतिशत सम्म बढाइदिए । स्टक मार्केटमा मानिसहरूले धेरै पैसा लगाउन् भनेर शेयरको १०% मूल्य (राशी) मात्र दिएर खरिद गर्ने र बेच्ने नियम बनाए । मानिसहरूले आफ्नो जमिनसम्म बेचेर आफ्नो सारा धनसम्पत्ति यस जुवामा लगाए किनकी त्यस समय हरेक व्यक्तिले यसबाट फाइदा गरेको देखिएको थियो ।

जब मानिसहरूले सारा पैसा यस जुवामा लगाएका थिए तब बैंकर्सले २१ अक्टुबर १९२९ मा आफ्नो सबै पैसा स्टक मार्केटबाट निकालेर यसलाई क्रयास गराइदिए । मानिसहरूको सारा सम्पत्ति एकै दिनमा लुटियो । र साथसाथै ब्याजदर बढाएर पैसाको अझ अधिक कमी गराइदिए यसले गर्दा बजारमा मन्दी आयो । १९२९ देखि १९३३ सम्म महामन्दीको समय चल्यो, जसमा हजारौं मानिस घर विहिन बनेर सडकमा आए । बेरोजगारी एकदम धेरै बढेको थियो र आत्महत्याको शिलशिला सुरु भयो । त्यस समय भिख मागेर खान समेत मुश्किल भएको थियो । अर्थशास्त्रमा नोबेल पुरस्कार बिजेता र शिकागो विश्वविद्यालयमा अर्थशास्त्रका प्राध्यापक रहेका मिल्टन फ्राइडम्यान लेख्छन्, "फेडरल रिजर्भले निश्चित रूपले १९२९-१९३३ मा देशमा मुद्रा संचालनलाई एक तिहाइ कम गरेर महामन्दी (ग्रेट डिप्रेशन) लाई जन्म दिएको हो ।

चार्ल्स भ्याकफेडन

चार्ल्स भ्याकफेडन ले बैंकर्स को विरुद्ध बोलेको मूल्य आफ्नो ज्यान दिएर चुकाउनु पर्‍यो । विषको कारणले उनी अमेरिकी संसदमै उनी मारिए । १० जुन १९३२ मा उनले एक बयान दिएका थिए, "केही व्यक्तिहरूलाई लाग्छ



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कि फेडरल रिजर्भ बैंक अमेरिकी सरकारको संस्थान हो । तर यस्तो होइन । फेडरल रिजर्भद्वारा आफ्नो शक्तिलाई लुकाउने हर सम्भव प्रयास गरिएको छ । तर सच्चाई यो हो कि फेडरल रिजर्भ बैंकले सरकारलाई कब्जा गरेको छ । यो यहाँ सबथोक नियनन्त्रित गर्छ र हाम्रो सबै विदेशी सम्बन्धहरूलाई नियन्त्रित गर्छ । यसले सरकार बनाउछ र गिराउछ पनि ।"

## गोल्ड स्ट्याण्डर्ड को अन्त्य (१९३३)

सन् १९३३ मा गोल्ड स्ट्याण्डडंको अन्त्य गर्न सबैको सुन लुट्नको लागि १० वर्षको जेल सजायको डर देखाएर मानिसहरूबाट सबै सुन हत्याएर लिए । तुरुन्त पछि सुनको मूल्य ३ गुणा बढाइदिए र जनताको हातमा सिर्फ कागजको टुक्रा बाँकी भयो । आज पनि धेरै मानिसहरूलाई र यहाँ सम्म कि केही कम पढेलेखेका अर्थशास्त्रीहरू पनि यही मान्छन् कि पैसा अझै पनि सुनको आधारमा नै बन्छ परन्तु यो कुरा सन् १९३३ भन्दा पछि गोल्ड स्ट्याण्डर्डको अन्त्य भइसक्यो र अझै केही व्यक्तिहरू बिसौं शताब्दी मै बाचिरहेका छन् ।

POSTMASTER: PLEASE POST IN A CONSPICUOUS PLACE.—JAMES A. FARLEY, Postmaster General

**UNDER EXECUTIVE ORDER OF THE PRESIDENT**

Issued April 5, 1933

all persons are required to deliver

**ON OR BEFORE MAY 1, 1933**

all GOLD COIN, GOLD BULLION, AND GOLD CERTIFICATES now owned by them to a Federal Reserve Bank, branch or agency, or to any member bank of the Federal Reserve System.

Executive Order

## जोन एफ. केनेडीं (१९६१-६३)

अब्राहम लिंकनले आफ्नै पैसा बनाएको १०० वर्षपछि एक अर्को राष्ट्रपतिले उनको बाटेमा हिड्ने कोशिश गरे । ४ जुन १९६३ मा केनेडीले एक कार्यकारी आदेश ११११० मा हस्ताक्षर गरे । यस आदेशबाट अमेरिकाको राष्ट्रपतिलाई देश चलाउनको लागि ऋणमुक्त पैसा बनाउने अधिकार प्राप्त भयो । उनले फेरि फेडरल रिजर्भलाई वेवास्ता गर्दै अमेरिकी सरकारको ४ अरब डलर बनाए । जसको आजको मूल्य ६० अरब डलर (लगभग ७० खर्व ८० अर्व रूपैया) छ । एकाएक अमेरिकी अर्थव्यवस्थाले जीवन प्राप्त भयो । यसपछि उनी फेडरल रिजर्भलाई नै समाप्त गर्न चाहेका थिए परन्तु यसभन्दा पहिले नै उनको गोली हानी हत्या गरियो र उनको हत्यापछि आदेश ११११० लाई पनि बन्द गरिदिए ।

जोन एफ केनेडी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक भाषणमा राष्ट्रपति केनेडी भन्छन्, "महिला तथा सज्जन वृन्द, "गोपनीयता" एक स्वतन्त्र र खुल्ला समाजको विरुद्ध छ, र हामी स्वभाविक र ऐतिहासिक स्तरबाट षड्यन्त्रकारी समूह, रहस्यमय शपथ र गुप्त कारबाहीको विरोधी रहेका छौं । आज हामी सबै केही षडयन्त्रकारीहरूको शिकार भएका छौं, जो आफ्नो प्रभाव क्षेत्र विस्तारको लागि मुख्य रूपले गोप्य योजनाहरूमा निर्भर गर्दछन् । यी व्यक्तिहरू आक्रमणको सट्टा घुसपैठमा, चुनावको सट्टमा धम्कीमा, स्वतन्त्रताको विकल्पको सट्टामा तोडफोडमा विश्वास गर्दछन् । यिनीहरूले मानव र भौतिक संस्थानहरूलाई लिएर एक अत्याधिक कुशल सिस्टम बनाएका छन् । जसमा सैन्य, कूटनीतिक, खुफिया, वौद्धिक, आर्थिक, वैज्ञानिक र राजनीतिक शक्ति जोडिएका हुन्छन् । यिनीहरूको तयारी गोप्य राखिन्छ, सार्वजनिक हुँदैन । यिनीहरूको गल्तीहरू दबाएर राखिन्छ, हेडलाइन बन्न दिइदैन । उनीहरूसँग असन्तुष्ट मानिसहरूलाई सदाको लागि चुप गराइन्छ, उनीहरूको प्रशंसा गरिदैन । यिनीहरूको न कुनै खर्चमा प्रश्न उठाइन्छ न त कुनै रहस्य खोलिन्छ । यसकारण म अमेरिकाका जनतालाई जानकारी दिने र सतर्क गर्ने महान काममा तपाईहरूको सहयोग माग्दै छु, ताकी तपाईंको सहयोगको कारणले मलाई विश्वास छ हरेक व्यक्ति त्यही बन्छ, जसको लागि उसले जन्म लिएको छ स्वतन्त्र र स्वावलम्बी ।" फोटो

हत्या हुनुभन्दा ७ दिन पहिले उनले एक वयान दिएका थिए, "यस देशमा हरेक पुरुष, महिला र बच्चालाई गुलाम बनाउने षड्यन्त्र चलिरहेको छ, जसलाई म आफ्नो पद छोड्नुभन्दा पहिले उजागर गरिदिने छु ।" यो बयान दिएको ७ दिनमा उनको हत्या भयो ।

## जर्मनी (१९१९-४५)

जर्मनी नै एक यस्तो देश थियो जसले सही तरिकाले हिटलरको नेतृत्वमा बैंकर्सलाई चुनौती दिने हिम्मत गरेको थियो । प्रथम विश्वयुद्ध भन्दा पछि जर्मनी पुरा बर्बाद भएको थियो । जर्मनीले युद्धको सारा खर्च बेहोर्नुपर्ने थियो, जुन पुरा देशको सम्पत्तीको तीन गुणा थियो । बैंकर्सले जर्मनीको केन्द्रिय बैंकको निजीकरण गरियो । त्यस घटनापछि बेहिसाब पैसा बनाएर 'शर्ट सेल' को लागि उपलब्ध गराइदिए ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसबाट १९२२-२३ मा जर्मनीमा भयंकर आर्थिक संकट आयो जसबाट महंगी नियन्त्रण बाहिर गयो । यसलाई हाइपर इन्फलेशन (Hyperinflation) भनिन्छ । जर्मनीमा थोक मूल्य सुचकांक एकाएक बढ्यो जसलाई तपाई चित्रमा हेर्न सक्नुहुनेछ । बिहानदेखि बेलुकासम्म बस्तुको मूल्य दुईगना हुन्थ्यो । एक समयमा एक डलरको मूल्य ४.३ लाख करोड फ्रयाङ्क भएको थियो । नोटको बण्डल (गड्डी) व्यर्थ भएको थियो । जसबाट बच्चाहरू घर बनाउने खेल खेल्थे जसलाई तपाईं तस्वीरमा हेर्न सक्नुहुनेछ । प्रयांकको मूल्य यति कम भयो कि जर्मनीको १०० लाख करोड प्रयांक सम्मको नोट छाप्नु पऱ्यो यस परिस्थितिको जिम्मेबार बैंकर्स नै थिए ।

रुसका शासक स्टालिनको विरुद्ध बैंकर्सले नै हिटलरलाई खडा गरेका थिए, परन्तु पछि हिटलर नै उनीहरूको सबैभन्दा ठूलो दुश्मन बने, किनकी उनले जर्मन बण्ड बैंकमा नदिएर सिधै जनतामा खर्च गर्न सुरु गरे । हिटलरले जर्मनीको विकास कार्यको लागि १०० करोडको जर्मन बण्ड जारी गरे, जसलाई 'लेवर ट्रेजरी सर्टिफिकेट' भनिन्छ । लाखौं मानिसहरूलाई काममा लगाइयो र सबैलाई 'ट्रेजरी सर्टिफिकेट' द्वारा भुक्तानी गरियो । जब कर्मचारीहरूले यो सर्टिफिकेट वस्तु र सेवाको सट्टामा जनतामा खर्च गरे तब धेरै मानिसहरूले काम पाउन थाले ।

२ वर्ष मै बेरोजगारीको समस्या समाप्त भयो र देश फेरि पनि आफ्नै सामर्थ्यमा खडा भयो । अब उनीहरूसँग एक शक्तिशाली र टिकाउ मुद्रा थियो र महंगी पनि थिएन । जब पुरा दुनिया मन्दी झेलिरहेको थियो, युद्धमा बर्बाद भएको जर्मनी विश्व महाशक्ति बन्न गइरहेको थियो । बैंकर्सले बैंक एकाएक डुब्छ भन्ने भविष्यवाणी गरेका थिए, तर गलत सावित भयो । Tax (कर) नलगाई राज्यको आय एकदम धेरै बढ्यो र जर्मनी समृद्ध भयो ।

## हिटलर (१९३३-४५)

हिटलरको बारेमा एक व्यक्ति लेख्छन्, "जर्मनीले सुन र कुनै ऋण बिना १९३५ देखि १९४५ को लागि आफ्नो पुरा सरकार र युद्ध अपरेशनको खर्च उठायो । युरोपबाट जर्मन शक्तिलाई नष्ट गर्नको लागि र युरोपलाई फेरी बैंकर्सको अधिनमा राख्नको लागि पुँजीवादी र साम्यवादी दुइटै शक्ति एक हुनुपऱ्यो । परन्तु त्यो इतिहास कुनै पनि अर्थशास्त्रको किताबमा पढाइदैन ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिटलर

हिटलर स्वयं भन्छन्, "यदि आवश्यकताले कुनै दिन मानिसहरूको आँखा खोल्यो भने जसरी जर्मनीको मानिसहरूको आँखा खोली दियो तब उनीहरूले देख्नेछन् कि यसै आवश्यकताको मजबुरी (बाध्यता) ले हामीलाई सबैभन्दा पहिले आफ्नो सबैभन्दा महत्त्वपूर्ण पुँजीलाई उपयोग गर्न सिकाइ दिएको छ । जुन कुनै पनि राष्ट्रको कार्य (श्रम) को पुँजी सुनियोजित राष्ट्रिय संसाधन र उद्योगको अगाडि सुन र विदेशी मुद्राको भण्डारको सबै विचार फिक्का (मूल्यहिन) सावित हुन्छ ।

## दोस्रो विश्वयुद्ध (१९३९-४५)

मुसोलिनि र हिटलर

हिटलरले आफ्नो पैसा जारी गरे, यसकारण उनी दुनियाको सबैभन्दा शक्तिशाली व्यक्ति बने । हिटलरलाई रोक्नको लागि र वेहिसाब (अथाहा) सम्पत्ती कमाउनको लागि बैंकर्सद्वारा दोस्रो विश्वयुद्ध गराइयो । जबकी हिटलर युद्ध गर्न चाहदैन थिए तर पनि जबर्जस्ती उनलाई युद्धमा उत्रिन बाध्य पारियो ।

जसको बारेमा बेनफोर्डका राजकुमार होस्टिंग्स रस्सेलले बयान दिए, "पुँजीपतिहरू आफ्नो विरोधीलाई पराजित गर्न (समाप्त पार्न) को लागि र आफ्नो शक्ति अझै धेरै केन्द्रित गर्नको लागि युद्ध चाहन्छन् । हिटलरले अन्तराष्ट्रिय स्तरमा वार्टर व्यापार (लेनदेन को व्यापार) व्यापार मात्र सुरु गरेनन्, बरु उनले एक कदम अगाडि बढेर यो घोषित गरिदिए कि कुनै पनि देशको असली धन उसको संसाधन र वस्तु बनाउने क्षमता हो, यो होइन की जब वस्तु तथा मानिसहरू पनि छन् तर पैसाको अभावको कारण राष्ट्र हितको काम अधुरै रहोस् । यो ब्रिटेन र अमेरिकाका पुँजीपतिहरूको नजरमा अधर्म थियो यदि उसलाई फैलन दिइयो भने उसले उनीहरूको जरा उखालिदिने थियो ।"


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## आजाद हिन्द सरकारको मुद्रा

सुभाष चन्द्र वोसले हिटलरसँग भेटेपछि यो कुरा राम्रोसँग बुझे की हिटलरको शक्तिको असली राज उनको पैसा बनाउने शक्तिमा लुकेको छ। यसकारण जब सुवासचन्द्र वोसले आजाद हिन्द सरकारको नेतृत्व गरे तब सबैभन्दा पहिलें "बैंक अफ इन्डिपेन्डेन्स् बनाएर आफ्नो स्वतन्त्र सरकारको पैंसा बनाउन सुरु गरे। यसबाट अजाद हिन्द फौज (सेना) को शक्ति यति बढ्यो कि त्यस फौंज अंग्रेजको साम्राज्यलाई चुनौती दिँदै हरेक किल्ला जित्दै आयो। यसैकारण अंग्रेज भारत छोडेर गएपछि सुवासचन्द्र वोसको स्वतन्त्र पैसा बनाउने विचारलाई भारतमा आउन दिन चाहदैन थिए। सुवासचन्द्र वोसको बारेमा महत्त्वपूर्ण कुराहरूमा यहि एक कुरा हो जुन भारत सरकार देशका जनतासँग लुकाएर राख्न चाहन्छ।

सुवास चन्द्र वोस र हिटलर

## भारतको कहानी

सन् १७७० मा अंग्रेज भारत आउनुभन्दा पहिले भारतको अर्थव्यवस्था दुनियाको २४.४% आयको साथ विश्वमा अगाडि थियो। भारत कृषिकेन्द्रित एवं उद्योगप्रधान देश थियो। अंग्रेज आउनुभन्दा पहिले व्यापारको लागि पर्याप्त मात्रामा सुनचादीको सिक्काको रूपमा मुद्रा उपलब्ध थियो। राजा जब कर पनि लगाउथे तब धर्म र जनकल्याणको कार्यको माध्यमले फेरि पैसा जनतासम्म पुग्थ्यो। राजा हर्षवर्धनले त हरेक वर्ष आफ्नो धेरै खजाना जनतामा बाँडिदिन्थे।

दादाभाइ नरौजीले पनि अंग्रेजद्वारा भारतमा गरेको लुटलाई आफ्नो पुस्तक "पावर्टी एण्ड अनब्रिटिश रुल एल इन इण्डिया" (Paverty and Unbritish Rule in India) मा उनले लेखेका छन् कि अंग्रेजले सारा कर कृषि उत्पादनको हिस्साको सट्टा सुन चाँदीमा लगाइदिए र सारा धन बाहिर लगे। किसानले सारा कर सुनमा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिनुपर्थ्यो । कृषि उत्पादन बर्बाद भए पनि ऋण लिएर भए पनि कर चाहीं दिनु नै पर्थ्यो, यसकारण उनीहरू ऋणको दलदलमा फस्दै गए । यसबाट मुद्राको मात्रामा कमी भयो र भारतको कृषि र उद्योग नष्ट भएर गयो । त्यसपछि भारत गरिबीको दुश्चक्रमा फस्दै गयो ।

अंग्रेजले भारतबाट जानुभन्दा पहिले त्यस देशमा आर्थिक गुलामीलाई कायम राख्नको लागि सन् १९३९ मा भारतीय रिजर्भ बैंक को स्थापना गरे । सन् १९४७ मा देशलाई तथाकथित (देखावटी) रूपले स्वतन्त्र गरेर आफ्नो व्यवस्था जस्ताकै तस्तै छोडिदिए । भारत स्वतन्त्र भएपछि १९४९ मा रिजर्भ बैंकलाई राष्ट्रियकरण गरियो । परन्तु बैंकको व्यवस्था यथावत थियो । जोन.एफ.केनेडी द्वारा नियुक्त गरिएको भारतका लागि अमेरिकी राजदुत प्रख्यात अर्थशास्त्री जोन केनेथ गोलब्रेजको सल्लाहमा १९६९ मा भारतकी तत्कालिन प्रधानमन्त्री इन्दिरा गान्धीले चौध बैंकलाई राष्ट्रियकरण गरिदिइन् ।

इन्दिरा गान्धीको बारेमा १९७१ मा अमेरिकी राष्ट्रपति निक्सन र राष्ट्रिय सुरक्षा सल्लाहकार हेनरी किसिङ्गरको कुराकानी जसलाई अमेरिका सरकारले सन् २००५ मा सार्वजनिक गरिदियो :

**राष्ट्रपति निक्सन :** यस मामलामा इन्दिरा गान्धी कुतिया (कुकुरनी) हो ।

**किसिङ्गर** : हो, भारतीय हसामी हुन्छन् ।

**राष्ट्रपति निक्सन :** भारतलाई जरुरत छ एक अर्को युद्धको ।

सालेहरूलाई एक युद्ध लड्न छेउ ।

सन् १९७१ मा अमेरिकाले पाकिस्तानलाई सहयोग गरेर युद्धको लागि प्रेरित गऱ्यो र भारत र पाकिस्तानको बीचमा युद्ध भयो तर पाकिस्तानले हारेपछि पाकिस्तान दुई टुक्रा भयो । (पाकिस्तान र बंगलादेश) युद्धको दौरान तेल कम्पनीहरूले अमेरिकाको इशारामा काम गर्दै भारतलाई सहयोग गर्न मनाही गरिदिए, त्यसैले पछि इन्दिरा गान्धीले तेल कम्पनीहरूको पनि राष्ट्रियकरण गरिदिइन् । १९७९ मा भारतमा व्यापार घाटा थिएन र पर्याप्त विदेशी मुद्रा संचित पनि थियो । १९७४ मा अन्तर्राष्ट्रिय बजारमा तेलको कमी छ भनेर तेलको मूल्य चारगुना बढाइदिए । भारतमा विदेशी मुद्राको सञ्चिती ६२१ मिलियन डलर थियो



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर तेलको आयात १२४१ मिलियन डलरको भयो । भारतले विदेशी ऋण लिनुपऱ्यो र अन्तर्राष्ट्रिय मुद्रा कोषले कैयौं सर्त लगाइदियो ।

इन्दिरा गान्धीको भ्रष्टाचारको विरोधमा व्यवस्था परिवर्तनको उद्देश्यले १९७४ मा भारतका लोकनायक जयप्रकाश नारायणको नेतृत्वमा एक व्यापक आन्दोलन भयो । यस आन्दोलनको सुरुवात छात्र आन्दोलनबाट भएको थियो । जयप्रकाश नारायण आफू त इमान्दार थिए,, तर अमेरिकाको सहयोगले केही गलत मानिसहरू आन्दोलनमा आए । १९७७ मा इन्दिरा गान्धीलाई सत्ताबाट हटिन र अमेरिकाका मित्र सत्तामा आए भारत प्रसिद्ध लेखक इंगदाल लेख्छन्, "हेनरी किसिङ्गरको ठूलो हात थियो, ब्रिटिशको गहिरो समन्वय को साथमा ।"

सन् १९९१ मा राजीव गान्धीको मृत्युको पछाडि पनि यिनीहरूकै हात थियो, किनकी राजिव गान्धीले उनीहरूलाई साथ दिइरहेका थिएनन् । सन् १९९१ मा भारतमा आर्थिक संकट खडा गरेर भारतलाई वैश्वीकरणको दुश्चक्रमा फसाइदिए । यसमा प्रमुख भूमिका रकफेलरको सिटी बैंकले खेलेको थियो ।

सन् २००४–२०१४ मा मनमोहन सिंहलाई प्रधानमन्त्री बनाएर भारतलाई खुब लुटे । कोइला घोटालामा मनमोहन सिंहको नाम पनि उजागर भएको छ । मनमोहन सिंह पहिले विश्व बैंकमा काम गर्थे, पछि यिनीहरूले उनलाई रिजर्भ बैंकको जर्भर्न बनाइदिए । एक समय यस्तो थियो कि सरकार जाहे जुनसुकै दल वा गठबन्धनको बनोस् वित्तमन्त्री मनमोहन सिंह नै बन्थे । भारतमा प्रधानमन्त्री, वित्तमन्त्री, भारतीय रिजर्भ बैंकका गभर्नर, वित्त सचिव, क्याविनेट सचिव र विदेश सचिव जस्ता पदमा कुनै पनि व्यक्ति अमेरिकाको सहमति बिना बस्न पाउदैन र अमेरिकाको विदेश नीति बैंकर्सको गोप्य समूहले तय गर्छ ।

मनमोहन सिंह सरकारको विरुद्ध भ्रष्टाचार, कलोधन, आदि मुद्दामा भएको आन्दोलनको कारण जनता र खासगरी युवाहरू, जागरुक भएर सडकमा आएका थिए । यसै लहरले २०१४ मा नरेन्द्र मोदीलाई प्रंधानमन्त्री बनाइदिए तर व्यवस्था परिवर्तन नगरेर उनी त झन "New World Order" लाई खुलेर समर्थन गर्दै छन् ।

तपाईंलाई (कौतूहल) जिज्ञासा भयो होला फेरी यो "New World Order के हो ?" यसलाई पछि बुझाइने छु । तपाई अघि बढ्दै बुझ्दै जानुहुन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## भारतको भूमि अधिग्रहणः किसान मुक्त भारत

भारतका किसानको जमिन हत्याउने र कृषि अर्थव्यवस्थालाई नै समाप्त पार्ने उद्देश्यले अंग्रेजले १८९४ मा भूमि अधिग्रहण नियम बनाएको थियो । यसको कारणले इंग्ल्याण्डको कारखाना र खेत मालिकलाई धेरै फाइदा भएको थियो तर भारतीय किसान लगातार यसको विरोधमा लडिरहे । २९४७ पछि पनि यो कानुन भारतमा लागू भइरहेको छ ।

मनमोहन सिंहको नेतृत्वको संयुक्त प्रगतीशील गठबन्धन सरकारको विरुद्ध जनताको आक्रोशलाई देख्दा लाग्थ्यो । की २०१४ को चुनावमा यसको गतिलो हार हुने बाला छ । संभावित हारबाट बच्नका लागि र किसानको संघर्षबाट आफ्नो सत्ता जाने सम्भावना देखेर सोझा मतदातालाई लोभ्याउने विचारले २०१३ मा सरकारले यसमा केही हदसम्म बदलेर किसानको हितमा बनायो ।

कांग्रेस मुक्त भारतपछि मोदीको अर्को उद्देश्य थियो किसान मुक्त भारत । यसकारण ३१ डिसेम्बर २०१४ मा मोदी सरकारले पुँजीपतिहरूको मार्गदर्शनमा एक, अध्यादेश जारी गरे जुन १८९४ को भुमी अधिग्रहणको कालो कानुन भन्दा पनि खतरनाक थियो ।

## कोरोना कालमा पनि किसान आन्दोलन

अहिले २०२० देखि आजसम्म पनि भारतको तिनवटा ठाउँमा । गाजीपुर बोर्डर, टिक्री बोर्डर र सिङ्घु बोर्डरमा लाखौँ किसान देशभरिबाट जम्मा भएर प्रदर्शन गरिरहेका छन्, बिना मास्क, विना सोसल डिस्टेन्सीङ्ग, विना स्यानीटाइजर, तथाकथित कोरोनाको प्रोटोकल बिना । तर एक वर्षसम्म एक जनाको पनि कोरोनाबाट मृत्यु भएन अनि कसरी भयो यो प्राणघातक महामारी ? किन भइरहेको छ त किसान आन्दोलन ?

## भारतमा नोटबन्दीको खेल

आफ्नो साम्राज्यलाई बलियो बनाउनको लागि एवं भारतलाई एक गहिरो आर्थिक मन्दीमा धकेल्नको लागि नोटबन्दीको खेल वास्तवमा बैंकर्सको नै एक जानी बुझी गरिएको चाल हो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२००४ मा भारतको कालो धनको आंकडा बाहिर ल्याउनु यिनै बैंकर्सको नै षड्यन्त्र थियो । दुनियालाई नियन्त्रित गर्ने अन्तर्राष्ट्रिय बैंकर्सहरूले जब २००८ मा विश्वस्तरमा मन्दी ल्याउने कोशिश गरे तब अमेरिका त यसको चपेटामा आएको थियो तर भारतमा गोप्य धन भएको कारणले भारतीयलाई खासै असर गरेन । यो दुनियाको शासकहरूलाई मन परेन र उनीहरूले कालो धनको मुद्दा उठाइदिए । उनीहरू गोप्य धनलाई बाहिर निकाल्न चाहन्थे ताकी उनीहरूको बहुराष्ट्रिय कम्पनीहरूसँग प्रतिस्पर्धा गर्नको लागि कोही पनि नरहोस् । पहिले 'जन धन योजना' को माध्यमले बैंकमा खाता खोल्न लगाउने र सबैलाई बैंकमा आश्रित गराउने उनीहरूको योजनाबद्ध गरिएको रणनीति हो । अब भारतमा मन्दी र महंगीको माध्यमले मानिसहरूलाई नियन्त्रित गर्न झन सजिलो भयो किनकी उनीहरूलाई हरेक भारतीयको क्षमता थाहा भयो कि को सँग, कुन शहरमा लगभग कति पैसा छ । अर्को कुरा मानिसहरूसँग जति पनि सुन चाँदी इत्यादी छ, त्यो पनि लुट्ने पुरा तयारी यिनीहरूको चलिरहेको छ । यिनीहरूले पहिले पनि गोल्ड मनिटाइजेसन स्किमको माध्यमले एक पटक कोशिश गरिसकेका हुन तर त्यसमा असफल भए, ,तर छिट्टै यिनीहरूले कुनै न कुनै तरिकाले देशका मानिसहरूको सबै सुन चाँदी पनि बाहिर निकाल्ने छन् । साथै आउदो समयमा मानिसहरूको सबै पैसा डिजिटल गरेर आधार कार्डसँग जोडिदिन्छन् । र कागजको नोट नै समाप्त गरिदिने छन् । (यो सिर्फ भारतमा मात्र होइन नेपाल सहित पुरा विश्वमा हुनेछ) त्यस दिन विश्वको गुलामी पक्का हुनेछ र यी विदेशीशक्तिले सधैँ सधैँको लागि संसारमा शासन स्थापित गर्नेछन् । फेरि जुन देशभक्तले विदेशी शक्तिको विरोध गर्नेछन्, उसको आर्थिक बहिस्कार गरिनेछ ।

## नेपालको कहानी

सनातन नेपाली सभ्यता, राजतन्त्र र संस्कृतिको लामो ५ हजार वर्ष पुरानो नेपालको इतिहास हेर्दा नेपालको सिमाना पश्चिममा पञ्जाबको सतलज नदी, पूर्वमा वर्तमानको आसाम (कामरूप) र दक्षिणमा गंगा नदीदेखि उत्तरको मैदानी भूभागमा बसोबास गरेका विभिन्न भाषा, वंश, सभ्यता, संस्कृति, धार्मिक पद्धति मान्ने मानिसहरूको भौगोलिक सामिप्यता अन्तरक्रिया एवं त्यस भूगोलले निर्माण गरेका खास विशेषताहरूको एक रूपताबाट बनेको ऐतिहासिक राज्य हो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथर्ववेदको परिशिष्टमा त्यस बेलाका प्रभावशाली ६ वटा देशहरूमध्येमा नेपालको पनि चर्चा गरिएको छ । भारतको प्राचीन मौर्य शासन कालमा त्यहाँका जैन साधु भद्रवाहु नेपालमा आएको चर्चा जैन तथा बौद्ध साहित्यमा पाइन्छ । बौद्ध ग्रन्थहरूमा गौतम बुद्धले उत्तर भारतमा धर्मोपदेश दिइरहेको समयमा भारतीय व्यापारीहरू बौद्ध भिक्षुहरूसँग नेपाल आएको चर्चा छ । कौटिल्यको अर्थ शास्त्रमा नेपालमा पाइने राडी, छाला, रत्नहरूको निकै प्रशंसा गरिएको छ ।

वार्हस्पत्य अर्थशास्त्रमा नेपालको परिधी ४ सय योजन बताइएको छ । भारतमा मौर्य साम्राज्य भएको बेला चन्द्रगुप्तका छोरा समुद्र गुप्तले आफ्नो छिमेकी देश नेपाल कामरूप (अहिलेको आसाम) देखि कर्तृपुर (अहिलेको कुमाउ) सम्म फैलिएको कुरा उल्लेख गरेका छन् । भारतमा मगध साम्राज्यको शासनकालमा नेपालको पश्चिमी सिमाना जम्मु-काश्मिर थियो । स्कन्ध पुराणमा नेपालका गाउँहरूको संख्या १ लाख रहेको उल्लेख गरिएको छ ।

त्यसबेला नेपालको आर्थिक अवस्था निकै राम्रो थियो भन्ने कुरा हाम्रा प्राचीन मन्दिरहरूमा प्रयोग भएको सुन चाँदीले पनि प्रष्ट हुन्छ । पहिलेको मन्दिरहरूमा गजुर सुनको मूर्ति सुनको छाना तामा, पित्तल जस्ता धातुबाट निर्मित हुनुले पनि पहिले नेपाल गरिब देश त थिएन भन्ने प्रष्ट बुझ्न सकिन्छ । यी तथ्यहरूबाट के स्पष्ट हुन्छ भने नेपाल भन्ने देश अहिले अस्तित्वमा देखिएका देशहरूमा सबैभन्दा पुरानो देशहरूमध्येको एक हो । जुनबेला यसको प्रसिद्धि चरम उचाइमा थियो त्यो बेला अहिलेका कुनै पनि दक्षिण एसियाली देशहरू अस्तित्वमा थिएनन् । केन्द्रिय प्रशासन कमजोर भएका बेला यो विभिन्न प्रशासनिक राज्यहरूमा विभाजित हुने क्रम बढ्यो ।

पछि पृथ्वीनाराण शाहको नेतृत्वमा पुन एकीकरण गरिएको नेपाल कपटपूर्ण सुगौली सन्धीपछि नेपालमा राजनैतिक रूपमा हस्तक्षेप हुन सुरु भयो । साथै राणाहरूको शासनकालमा उनीहरूले जनहितमा काम नगर्ने र सुविधाभोगी हुने चरित्रले नेपाल आर्थिक रूपले कमजोर हुँदै गयो त्यसपछि वैदेशिक ऋण लिन सुरु गरियो ।

नेपालले पहिलो पटक वि.सं. २००७ सालमा अमेरिकासँग Point four program अन्तर्गत २२००० डलर ऋण लिएको देखिन्छ र त्यसपछि विश्व बैंक,



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एशियाली विकास बैंक लगायतबाट ऋण थपिँदै गयो । नेपालको हित विपरीतका शर्तहरूमा बाँधिदै गयो । हामीले पहिल्यै पनि बताइसकेका छौं कि ऋण लिँदाका सर्तहरू निकै खतरनाक हुने गर्छन् जस्तै आफ्नो मुद्राको अवमूल्यन गर्ने, उद्योगधन्दाहरू बन्द गर्ने आदि ।

संयुक्त राष्ट्रसंघ कसरी खुलेको भन्ने बारे तपाईले थाहा पाइसक्नु भएको छ । नेपाल पनि संयुक्त राष्ट्र संघको सदस्य बने लगत्तै नेपालमा पनि केन्द्रिय बैंक नेपाल राष्ट्र बैंक खुल्यो र अन्य देशहरू जस्तै नेपाल पनि आर्थिक दलदलमा फस्दै गयो र अहिलेको अवस्थाको बारेमा सबैलाई अवगत नै छ होला । नेपालको वैदेशिक ऋण १६ खर्ब छ । प्रति व्यक्ति वैदेशिक ऋण ५४ हजार छ । सरकारको योजना छ यस वर्ष २०७८/७९ मा थप पाँच खर्ब वैदेशिक ऋण थप गरी २१ खर्ब पुऱ्याउने । यदि त्यसो भएमा नेपालको ऋण २१ खर्ब र प्रतिव्यक्ति वैदेशिक ऋण ७२ हजार हुनेछ र हामी झनै दलदलमा फस्दै जानेछौं ।

हरेक समस्याहरूको जरैदेखि समाधान हामी पनि गरंसीले जस्तै र हिटलरले पहिलो विश्वयुद्धमा बर्बाद भएको जर्मनीलाई दुई वर्षमा महाशक्ति बनाएको जस्तै आफ्नै ऋणमुक्त पैसा बनाएर गर्न सक्छौं ।

## राजा महेन्द्रको हत्या

महेन्द्र राजा भएपछि धेरै सुधारका कामहरू भए । उनले देश र जनताको पक्षमा काम गरेर आफ्नो देशको स्वाभिमान गुम्न नदिएकै कारण उनी शत्रुहरूको आँखाको कसिङ्गर बनिरहे । वि.सं. २०१३ सालमा नै झण्डै नेपालको अस्तित्व मेटिइसकेको थियो । राष्ट्रगुरु योगी नरहरीनाथ र राजा महेन्द्रले इण्डियन प्रान्त हुनबाट नेपाललाई जोगाएर संयुक्त राष्ट्र संघमा दर्ता गराए । राजा महेन्द्र नेपाल माथिको धेरै विदेशी षड्यन्त्रबाट धेरै नै सचेत थिए । इण्डियन प्रान्त हुनबाट त नेपाल जोगियो तर त्यसपछि नै वैदेशिक हस्तक्षेप बढ्न सुरु भयो । RAW र CIA को धेरै काम सफल हुन नदिएपछि महेन्द्रलाई पाखा लगाउने योजना बन्यो र CIA एजेन्ट हर्वट क्लेन सहित टोलीलाई नेपाल पठाइयो । उनीहरूले चितवनको सौराहमा टाइगर टप नामको होटेल खोलेर बसे र त्यही होटेलमा हर्वट क्लेनसँग बसेर खाना खाएको भोलिपल्टै राजा महेन्द्र मुटु दुख्यो भनेर थला परेका हुन् र केही दिनमै उनको दियालो बंगलामा प्राण त्यागे । तर डाक्टरहरूले हार्ट अट्यांक भएको भनि



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाणपत्र बनाए । राजा महेन्द्रलाई मर्करी खुवाइएको थियो भन्ने पनि सुन्नमा आएको थियो । राजा महेन्द्रको मृत्युपछि टाइगर टप होटेल बेलायती नागरिकलाई बेचेर अमेरिकीहरू नेपाल छोडेर गए ।

## दरबार हत्याकाण्ड

राजा महेन्द्रको हत्यापछि राजा बनेका राजा विरेन्द्र पनि उनीहरूको लागि सोचेजस्तो सजिलो पाएनन् । त्यसपछि संकट उनीमाथि सर्‍यो । उनले खम्पा विद्रोह निस्तेज पारे, नेपाललाई शान्ति क्षेत्र प्रस्ताव गरे । अमेरिकी सैन्य गुटमा रहने कुरा सोझै इन्कार गरिदिए । नेपाल शान्ति क्षेत्र हो भनिदिए । प्रलोभनमा पारेर धर्म परिवर्तन गराउनेलाई जेल चलान गरिदिए । त्यसपछि CIA, RAW र भ्याटिक्यान मिलेर बंशनास गर्ने 'राजदरबार हत्याकाण्ड'को डिजाइन बन्यो । २०५७ सालमा विदेशीलाई नागरिकता दिन बनाउन लागिएको नागरिकता विधेयक रोके । हतियार विदेशबाट नकिन्ने र नेपालमै बनाउने योजना पनि बनाएका थिए राजा विरेन्द्रले उनले त्यस बेला माओवादीको कथित जनआन्दोलन कताबाट परिचालित छ भन्ने सुइँको पाइसकेका थिए । विदेशीका हरेक डिजाइनमा हिमाल झै अडिग भइ त्यसलाई निस्तेज पार्ने आँट राखेकोले अब राजसंस्था नै समाप्त पार्नु पर्ने निर्णयमा षड्यन्त्रकारीहरू पुगे ।

भ्याटिक्यानको जोसुहा–२ प्रोजेक्ट अन्तर्गतको लगानीमा ऋष्क ले योजना बनाएपश्चात इण्डियाले सहयोग गरेर नेपाली सेनाको समेत संलग्नतामा 'दरबार हत्याकाण्ड' घटाइयो ।, स्मरण रहोस् त्यसबेला इण्डियामा भा.ज.पा.को अटल बिहारी बाजपेयीको सरकार थियो । त्यही भाजपा जसको अहिले इण्डियामा मोदीको सरकार छ ।

जोसुहा–२ प्रोजेक्ट अन्तर्गत तत्कालीन प्रधान सेनापति प्रज्वल शमशेरले हजारौं करोड रूपैयाँ लिएर त्यो घटनामा पूर्ण सहयोग गरेका थिए । RAW का प्रमुख P.K.Hornis Tharakan दरबार हत्याकाण्डको समयमा नेपाली सेनाका कर्नेल दिलिप शमशेर जबराको विशालनगरको घरमा बसेको कुरा 'सरोजराज अधिकारीले जासुसीको जालो' मा लेखेका छन् । डा. राजकुमार पोखरेलको 'नारायणहिटी दरवार र देशभक्तको अवसान' पुस्तकमा दरवार हत्याकाण्ड भन्दा पूर्व DIG अशोक श्रेष्ठको नेतृत्वमा रहेको प्रहरीको समूहलाई २ महिना अगाडि नै सेनाले दरबारमा प्रहरी आवश्यक नरहेको भनेर हटाएको थियो भन्ने कुरा उल्लेख छ ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दरवार हत्याकाण्ड भन्दा पहिला भक्तपुर अस्पतालको लागि एक भुकम्प निरोधक भवनको निर्माण चल्दै थियो जसको लागि अमेरिकाको अलास्का ८४ डिभिजन बटालियन बाट ३४ सेना आएका थिए । वेली नाइटिङ्केल I परियोजना अनुरूप त्यो भवन निर्माण चल्दै थियो । दरबार हत्याकाण्डको भोलिपल्टै त्यो परियोजना सम्पन्न नगरी अमेरिकीहरू फर्किए ।

यसै सन्दर्भमा पूर्व अमेरिकी ने बि. लेखक तथा पत्रकार वायड म्याडसनले आफ्नो आलेखमा बताएका थिए, "२०५८ वैशाखतिर वेली नाइटिङ्केल I नाम राखिएको गोप्य मिशनमा अमेरिकी साइकोलोजीकल अपरेशन (Psyop) सेनाहरू भुकम्प सम्बन्धी तालिम दिने भनेर नेपाल आएका थिए ।"

Psyop सेनाहरू मानसिकता बदल्न र प्रोपोगाण्डा बनाउन तयार पारिएका हुन्छन् । त्यसै अनुसार साराको मानसिकता दीपेन्द्र तिर केन्द्रित गरियो । तर दीपेन्द्रको मुकुण्डोधारी अमेरिकी Psyop सेनाले हत्याकाण्ड मच्चाएका थिए । त्यो दीपेन्द्रको मुकुण्डो फ्रान्समा बनेको भन्ने पनि सुन्नमा आएको छ ।

यदि दीपेन्द्रले त्यो हत्याकाण्ड मच्चाएको भनेर जनमानसले नपत्याएमा पारसका लफडाका कर्म र ज्ञानेन्द्र पहिले पनि राजा भैसकेकाले फेरि राजा बन्ने महत्त्वाकांक्षा नै त्यस घटनाको कारण हो भन्ने एवं उनीहरूलाई बदनाम गर्न सके नेपालमा राजतन्त्रको जग कमजोर बन्ने साइकोलोजिकल अपरेशन अनुसार ज्ञानेन्द्रको परिवारलाई जिवित नै छोडेर बाँकी सबैलाई मारियो । अन्य जिवित प्रत्यक्षदर्शीको बयानलाई आधार मानेमा दीपेन्द्रको नकावधारीको कारण दीपेन्द्रलाई नै दोषी देखाइयो । साइकोलोजिकल अपरेशनको प्रपञ्च अनुसार ज्ञानेन्द्रको छवि खराब भयो । जसले नेपालमा दरबारको जग कमजोर हुन पुग्यो ।

राजा ज्ञानेन्द्रलाई भुट्यान सरह सेना र वैदेशिक मामिला इण्डियाले हेर्ने एवं अन्य चलखेल गर्ने प्रस्ताव राखेका थिए तर ज्ञानेन्द्रले त्यो इन्कार गरिदिए । साथै इण्डियाको दबदबा हटाउन चीनलाई पनि सार्कमा सामेल गर्नुपर्छ भन्ने प्रस्ताव गरे । त्यसपछि चीनको दुस्मन पश्चिमा र इण्डिया मिलेर नेपालबाट राजसंस्था हटाउनको लागि २०६२/६३ आन्दोलन आफ्नै दलालहरूबाट गराए । त्यसपछिको इतिहास सबैलाई थाहा नै छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## इकोनोमिक हिटम्यान

अमेरिकाका पूर्व राष्ट्रपति 'जोन एडम' लेख्छन् "कुनै पनि राष्ट्रलाई गुलाम बनाउनको लागि दुई तरिका छन् । एक तरबारको धारबाट (हतियारबाट) र अर्को उसलाई ऋणको जालमा फसाएर ।" यस ऋणको जालमा गुलाम बनाउने प्रक्रियालाई विश्व प्रसिद्ध लेखक 'जोन पर्किन्स' ले आफ्नो पुस्तक 'कंफेशन्स अफ एन इकोनोमिक हिटम्यान' मा प्रष्ट रूपमा लेखेका छन् । जोन पार्किन्स पहिले यिनै व्यक्तिहरूको लागि काम गर्थे परन्तु पछि आफ्नो गल्तीको महसुस भयो तब जोनले यी व्यक्तिहरूको विरुद्ध लेख्न सुरु गरे । उनी बताउछन् कि पहिले स्रोत संसाधनले सम्पन्न कुनै राष्ट्र खोजिन्छ । अनि उसलाई विश्व बैंक वा आ.एम.एफ. (IMF) को माध्यमले विकासको नाममा ठूलो ऋण दिलाइन्छ । जबकी पैसा 'सरकार तथा जनता'लाई होइन बरु बहुराष्ट्रिय कम्पनीलाई जान्छ । अन्तर्राष्ट्रिय व्यापारको लागि डलर आधारित अर्थव्यवस्थाको कारण ऋण डलरमा दिइन्छ, यसकारण ऋण र त्यसको ब्याज डलरमा नै चुक्ता गर्नुपर्ने हुन्छ ।

यदि कुनै पनि देश एकपटक ऋणको जालमा फस्यो भने सम्झनुहोस् 'स्वाहा' ऋण त चुक्ता गर्न सकिदैन तब उनीहरू 'जोन पर्किन्स' जस्तै इकोनोमिक हिटम्यानलाई पठाउछन् । र ती देशका मुख्य नेतृत्वहरूलाई ब्ल्याकमेल गर्ने गर्छन् ।

जोन पर्किन्स

यसप्रकारले ति देशमा सुधारको नाममा थुप्रै सर्तहरू लगाएर उनीहरू पुरा देशको स्वामी बन्ने गर्छन् ।

ती शर्तहरू अनुसार उनीहरू त्यस देशको मुद्राको मूल्य अवमूल्यन गराउछन्, जसको कारणले देशको स्रोत संसाधनलाई सस्तो मूल्यमा लुट्न सकियोस् स्रोत संशाधन नै देशको असली सम्पत्ति हो यदि त्यही लुटियो भने देश बच्न (जोगिन) मुस्किल हुनेछ ।

केही अन्य शर्तहरूमा उनीहरू वैस्वीकरणको चक्रब्यूहमा फसाएर प्रत्यक्ष विदेशी लगानी (Foreign Direct Investment FDI) को माध्यमले बहुराष्ट्रिय कम्पनीको लागि बैंक बिजुली प्रणाली, जलवोर्ड विमा कम्पनीहरू खोला नदी, खानी आदि बेच्नको लागी दबाब दिन्छन् । उनीहरू यो पनि चाहन्छन् कि त्यस



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देशले उनीहरूलाई युद्धमा साथ देओस् । उनीहरूको लागि आफ्नो देशमा उत्तर एटलान्टिक संधि संगठन (नर्थ एटलान्टिक ट्रीटी अर्गनाइजेशन नाटो) अथवा अमेरिकी सेनाको सैन्य अड्डा (मिलिटरी वेस) को निर्माण गरोस् र संयुक्त राष्ट्रसंघको मतदानमा उनीहरूलाई साथ दिन बाध्य गराउछन् ।

यदि कुनै देशले यी शर्तहरूलाई मान्दैन तब यिनीहरू जोन पार्किन्स जस्तै इकोनोमिक हिटम्यानलाई पठाउछन् । इकोनोमिक हिटम्यान पहिलृ त्यस देशका नेताहरूलाई भ्रष्ट गरेर आर्थिक साम्राज्यको अधिनमा रहेर उनीहरूको इशारामा काम गर्नको लागि मनाउने गर्छन् । यदि कुनै नेता फेरी पनि मान्दैन भने उनीहरूलाई मार्नको लागि मानिस पठाउँछन् । अथवा देशको सत्ता उखालेर फाल्नको लागि जनता वा सेनाबाट बिद्रोह गरउने गर्छन् । यदि देशको जनता र सेनाले पनि नेतालाई साथ दिए भने र नेता बाँचे भने त्यस देशलाई बदनाम गरेर युद्धको माध्यमले आफ्नो काम सफल बनाउछन् । MCC के हो विचार गर्नुस्, त्यसमा भएका शर्तहरू खोज्नुस् । MCC मा भएका गतिविधिहरूलाई विश्लेषण गर्नुस् ।

## इरान (१९५३) र ग्वाटेमाला (१९५४)

सन् १९५१ मा इरानमा एक राष्ट्रवादी नेता मोहम्मद मोसादेज इरानका जनताद्वारा चुनिएर इरानका राष्ट्रपतिमा निर्वाचित हुन्छन् । निर्वाचित भए लगतै मोसादेगले आफ्नो देशका जनतालाई गुलामीबाट मुक्त गराउने अभियान सुरु गरे । त्यस समय इरानको तेलमाथि ब्रिटेनको एकछत्र राज थियो र इरानको तेलको व्यापारबाट भएको नाफाको केवल ८ देखि १६ प्रतिशत मात्र इरानलाई दिइन्थ्यो । इरानको सम्पदालाई निर्मम तरिकाले लुटिएको थियो । तब मोसादेवले हिम्मत देखाउँदै अंग्रेजसँग इरानको तेल व्यापार र तेल उद्योगमा ५० प्रतिशतको हिस्सेदारी मागे । तर घमण्डमा चुर भएका अंग्रेजले मोसादेगको यस प्रस्तावलाई नकारिदिए । अंग्रेजको यस व्यवहारलाई देखेर मोसादेगले तुरुन्त इरानको तेल उद्योगलाई राष्ट्रियकरण गर्नको लागि संसदलाई मनाए र मतदान गराएर संसदमा पास पनि गराए । यो सबै देखेर अमेरिका र ब्रिटेनलाई असहय भयो किनकी यदि इरानको

मोहमद मोसादेग



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेलको राष्ट्रियकरण भएमा अमेरिका र ब्रिटेन इरानलाई कहिल्यै पनि लुट्न पाउँदैन थिए । यो देखेर अमेरिकाको खुफिया एजेन्सी CIA र ब्रिटेनको त्यस समयको प्रधानमन्त्री विस्टन चर्चिलले इरानमा सत्ता परिवर्तन गराउनको लागि एक संयुक्त अभियानको सुरुवात गरे । पहिलो प्रयासमा त उनीहरू असफल भए किनकी मोसादेगको पछाडि पूरै इरान खडा थियो । आम जनता मोसादेगलाई नै नेता मान्थ्यो । तर सन् १९५३ मा अमेरिकाको करोडौं डलरको साथमा CIA एजेन्ट 'कर्मीट रुजवेल्ट' लाई इरान पठायो र इरानमा विद्रोह गरायो । विद्रोहमा मोसादेगलाई सत्ताबाट हटाएर 'मोहम्मद रजा पहल्बी' को एक कटपुतली सरकारलाई इरानको गद्दीमा बसाल्यो । यस कठपुतली सरकार बने लगत्तै अमेरिकाले पनि यस लुटमा आफ्नो हिस्सेदारी पेश गऱ्यो । र तेल उद्योग ४०% को हिस्सेदार बन्यो । ४०% नै ब्रिटिश तेल कम्पनीलाई मिल्यो, १४% हिस्सेदारी रोयल डच सेलको भयो भने ६% फ्रेन्च पेट्रोलियम कम्पनीले पायो अर्थात् इरानको जनताको हातमा केही पनि भएन । इरानको जनतालाई भोकमरी र लाचारीको जीवन जिउनको लागि छोडिदिए ।

## सुलेमानी देशभक्त की आतंकारी

तर अमेरिकाको यस तानाशाही व्यवहारलाई जवाफ दिए अर्का एक राष्ट्रवादी नेताले, जसको नाम थियो ऐयद रोहल्ल खुमेनी । रोहल्ला खुमेनी इरानका जनताको लागि मसिहा (भगवान) जस्तै बनेर आए र मोहम्मद रजा पहल्भीको कठपुतली सरकारको विरुद्ध उनले देशभरि ठूलो आन्दोलन सुरु गरे । इरानमा त्यस समय एक मात्र नारा गुन्जन्थ्यो । Death to America ! Death to Israel ! अर्थात् अमेरिकाको मृत्यु होस् ! इजरायलको मृत्यु होस् ! सन. १९७७ देखि १९७९ सम्म चलेको यस क्रान्तिलाई इस्लामिक क्रान्ति भन्ने गरिन्छ । इरानका जनताले रजा पहल्वीलाई गद्दीबाट हटाएर रोहल्ला खुमेनीलाई देशका सर्वोच्च नेता बनाइ दिए । खुमेनीले सबैभन्दा पहिले देशमा बैंकिङ्ग प्रणालीमा बदलाब गरेर ऋणमा आधारित पैसा बनाउन बन्द गरेर इस्लामिक बैंकिङ्गको जग बसाए । तर अमेरिका कुनै न कुनै बहानामा इरानसँग युद्धको लागि निहुँ खोज्दै थियो, सिधा युद्धमा जान कुनै बहाना नहुनाले अमेरिकाले इरानभित्र आतंकवादलाई बढावा दिन सुरु गऱ्यो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पैसाको मदतले आतंकवादी संगठन बनाइयो र इरानभित्र अशान्ति फैलाइयो । यस आतंकवादको मदतले नै इरानका कैयौं राष्ट्रपतिहरूको हत्या गरियो ।

सन् १९८९ मा रोहल्ला खुमेनी पश्चात आयतुल्ला खुमेनी इरानका सर्वोच्च नेता बने र आज पनि इरानका सर्वोच्च नेता उनी नै हुन् । इरानमा राष्ट्रिय सेनाका नेता पनि उनी नै हुन् । इरानभित्र अमेरिकाद्वारा पालिएका आतंकवादीहरूलाई खतम गर्नको लागि आयातुल्ला खुमेनीले मेजर जनरल काशिम सुलेमानीलाई जिम्मेवारी दिए । त्यसपछि सुलेमानीले लगातार आतंकवादीहरूलाई सफाया गर्न पनि सुरु गरे । इरानमा गत ३० वर्ष (३ दशक) देखि यस्तो कुनै सेनाध्यक्ष आएको थिएन जसले यति कम समयमा धेरै मात्रामा आतंकवादीहरूको सफाया गरेको होस् । बस, यसै कारणले अमेरिकाको आँखामा काशिम सुलेमानी विजिरहेको थियो । जुन आतंकवादीहरूको सफाया काशिम सुलेमानीले गर्दै थिए, तिनै आतंकवादीहरूको नेता बताएर पहिले त अमेरिकाले सुलेमानीको बद्नाम गरायो र फेरि अमेरिकाको लागि खतरा बताएर सुलेमानीलाई ड्रोन हमलामा हत्या गरिदियो । "भनिन्छ यदि कुनै कुकुरलाई मार्नुछ भने त्यसलाई पहिले पागल साबित गर अनि फेरि त्यसलाई गोली हान ।" कोही तिम्रो विरुद्ध केही पनि बोल्ने छैन ।

अमेरिका इरानसँग सिर्फ यसकारण युद्ध गर्छ किनकी इरान आफ्नो तेललाई अन्तर्राष्ट्रिय बजारमा डलर र युरोमा बेच्न चाहदैन तर अमेरिका आफ्नो डलरको गुण्डागर्दीलाई यथावत राख्न चाहन्छ । यदि इरानले आफ्नो तेललाई डलरमा बेच्न बन्द गरेमा नेपाल अन्य जस्ता देश जो इरानसँग आफ्नो तेल खरिद गर्छ ति देश अमेरिकाको यस गुलामीबाट मुक्त हुनेछन् । यसकारण अमेरिका हमेशा इरानमाथि दबाब बनाइरहन्छ । अमेरिकाको सुरुवातदेखि नै यही नीति रहदै आएको छ तर अमेरिका सिर्फ एक मोहरा हो । असलियतमा त त्यसमाथि बसेका केही व्यक्तिहरू नै यो पुरा खेल खेल्ने गर्छन् । यस अघि नै तपाईलाई बताइसकिएको छ कि अमेरिकाको वैदेशिक नीति अमेरिकाले होइन एउटा छुट्टै बैंकर्सको समूहले बनाउने गर्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## ग्वाटेमाला (१९५१)

यस्तै एक अर्को घटना सन् १९५१ मा ग्लाटेमालामा पनि घट्यो । सन् १९५१ मा ज्याकोभ अरवेन्ज ग्वाटेमालाका राष्ट्रपति बने । ग्वाटेमाला देश त्यस समय युनाइटेड फ्रुट कम्पनीको अधिनमा थियो ।

ज्याकोभ अरवेन्ज

यस कम्पनीले ग्वाटेमालाका जनताको जमिनमा कब्जा गरिराखेको थियो । अरवेन्ज मानिसहरूलाई उनीहरूको जमिन फिर्ता गर्न चाहन्थे र उनले यस कम्पनीको विरुद्ध काम गर्न पनि सुरु गरे । युनाइटेड फ्रुट कम्पनीले एक पब्लिक रिलेशन फर्मको माध्यमले अमेरिकामा एक अभियान सुरु गरिदियो । कि अरवेन्ज रुसको कठपुतली हो र ऊ एक कम्युनिष्ट आतंकवादी पनि हो । यो कम्पनी यस्तो यसकारण गरिरहेको थियो यदि अमेरिकाको सेनाले भविष्यमा ग्वाटेमालाको राष्ट्रपति अरवेन्जलाई सत्ताबाट हटाउन चाहेमा अमेरिकाका आम जनतालाई अमेरिकाको सरकारको त्यस कदम विलकुल उचित लागोस् र आखिर भयो पनि यस्तै अमेरिकाले अरवेन्जलाई मार्नको लागि एजेन्ट पठायो तर अरवेन्ज बाच्न सफल भए । त्यसपछि अमेरिकाले लडाकु विमान पठायो र फेरि सेना नै पठायो र अन्तमा अरवेन्जलाई मार्न सफल पनि भयो ।

यसकारण साथीहरू जुन कुरा मिडियाले दिनरात तपाईलाई देखाइरहेको छ, त्यो कुरा सही नै छ भन्ने जरुरी छैन । त्यसैले थोरै मात्र भए पनि आफ्नो दिमाग खोल्नुस् र आफै रिसर्च गर्नुस् ।

## चिली (१९७३)

राष्ट्रिय शैक्षिक अनुसन्धान तथा प्रशिक्षण परिषद (N.C.E.R.T) कक्षा नौ ( ९) को लोकतान्त्रिक राजनीति-१ (December 2006) को पाठ्यपुस्तक जसमा यो बताइएको छ कि कसरी साम्राज्यवादको विरोध गर्दा चिलीका राष्ट्रपति सल्वाडोर आयन्देको हत्या गरिदिए ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## लोकतन्त्रका दुई कहानीहरू

"मेरो देशका मेहनती मजदुर हो ! चिली र यसको भविष्य एकदम राम्रो छ, यस कुरामा मलाई पुरा विश्वास छ । जब देशद्रोही शक्ति आफ्नो सत्ता पूर्ण रूपले कायम गर्छन्, तब पनि चिलीका जनताले त्यस मुश्किल र अन्धकारपूर्ण परिस्थितिबाट पार पाउनेछन् । हामीले यो कहिल्यै भुल्नुहुँदैन कि ढिलो चाँडो यस्तो स्थिति बन्ने नै छ जसमा स्वतन्त्र जनता राम्रो समाज निर्माणको लागि अगाडि बढ्नेछन् । चिली जिन्दावाद ! चिलीवासी जिन्दावाद ! मजदुर जिन्दावाद !

सेलबाडोर आयन्दे

यो मेरो अन्तिम शब्द हो र मलाई पुरा भरोसा छ कि मेरो बलिदान (त्याग) बेकार जाने छैन र म महाअपराध, कायरता र देशद्रोहको विरुद्ध एक नैतिक शिक्षा बनेर प्रस्तुत हुनेछु ।"

यो सल्वाडोर आयन्देको अन्तिम भाषणको केही अंश हो । उनी दक्षिण अमेरिकी महाद्विपको एक प्रमुख देश, चिलीका राष्ट्रपति थिए । यो भाषण उनले ११ सेन्टेम्बर १९७३ को विहान दिएका थिए । र त्यसै दिन सेनाले विद्रोह गरी उनको सरकारको अन्त्य गरेको थियो । आयन्दे चिलीको सोशलिष्ट पार्टीका संस्थापक थिए र उनले 'पपुलर युनिटी' नामक गठबन्धनको नेतृत्व गरेका थिए । १९७० मा राष्ट्रपतिमा छानिएपछि आयन्देले गरिब र मजदुरलाई फाइदा पुग्ने धेरै कार्यक्रम शुरु गराएका थिए । यसमा शिक्षा प्रणालीमा सुधार, बच्चालाई निशुल्क दुध वितरण र भूमिहिन किसानलाई जमिन बाड्ने आदि रहेका थिए । उनको राजनैतिक गठबन्धन विदेशी कम्पनीद्वारा देशबाट तामा जस्ता प्राकृतिक सम्पदा देशवाहिर लैजाने कामको विरुद्ध थियो । उनको नीतिलाई देशका चर्च, जमिन्दार वर्ग र धनी मानिसहरूले मन पराएका थिएनन् । अन्य राजनैतिक पार्टीहरू उनको विरुद्ध थिए ।

## १९७३ को सैनिक विद्रोह

११ सेप्टेम्बर १९७३ मा आयन्दे ले थाहा पाए कि नौसेनाको एक समूहले बन्दरगाहमा कब्जा गरेको छ । जब रक्षा मन्त्री आफ्नो कार्यालय पुगे तब विद्रोही सेनाको समूहले उनलाई नै गिरफ्तार गर्‍यो । सेनाका अधिकारीहरूले रेडियोको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माध्यमबाट घोषणा गरे र राष्ट्रपतिलाई पद छोड्न धम्की दिए । तर आयन्देले राजिनामा गर्न वा देशबाट बाहिर जान अस्वीकार गरिदिए । फौजले केही गर्नु भन्दा पहिले नै रेडियोमा उनले आफ्नो त्यो सन्देश दिए, जसको केही अंश हामीले अघि पढेका छौं । फेरि फौजले राष्ट्रपति निवासलाई घेर्यो र त्यसमाथि बम बर्साउन थाले । यस सैनिक हमलामा राष्ट्रपति आयन्देको मृत्यु भयो । आफ्नो अन्तिम भाषणमा उनी यसै योगदानको कुरा गरिरहेका थिए ।

११ सेप्टेम्बर १९७३ मा चिलीमा जे जति भयो त्यसलाई सैनिक विद्रोह भन्दछन् । यस विद्रोहको अगुवाई जनरल अगस्तो पिनोशे (Augusto pinochet) ले गरेका थिए ।

अगस्तो पिनोशे

अमेरिकाको सरकार आयन्देको शासनबाट खुशी थिएन उसले विद्रोही गतिविधिमा सहायता गऱ्यो, उनीहरूको लागि पैसा उपलब्ध गराएको थियो । सैनिक विद्राहपछि पिनोशे (Pinochet) देशको राष्ट्रपति बने र उनले १७ वर्षसम्म राज गरे । पिनोशे सरकारले आयन्देको समर्थकहरू र लोकतन्त्रको माग गर्नेहरूलाई दमन गऱ्यो र उनीहरूको हत्या गऱ्यो । दमन तथा हत्या हुनेमा चिलीका वायुसेना प्रमुख जनरल अल्बर्टो बैशेले र अन्य धेरै सैनिक अधिकारी पनि थिए । जसले विद्रोहमा सहभागी हुन अस्वीकार गरेका थिए । जनरल वैशेले की पत्नी र छोरीलाई पनि जेलमा हालेर निकै यातना दिइएको थियो । सेनाले ३००० जनाभन्दा धेरै जनाको हत्या गऱ्यो धेरै वेपत्ता पारिए जसको आजसम्म पनि न कुनै अत्तोपत्तो छैन ।

## इक्वाडोर (१९८१)

ज्याम रोलदासले इक्वाडोरको स्रोत संसाधनलाई जनताको सहयोगको लागि प्रयोग गर्ने पतिज्ञा गरेका थिए । यो सुनिश्चित गर्नको लागि उनी चुनाव लडे र उनी इतिहासकै सबैभन्दा धेरे मत पाएर राष्ट्रपति बने । त्यस समयका 'इकोनोमिक हिट्म्यान' जोन पर्किन्सले उनलाई भने, "यदि तिमी र तिम्रो परिवारले हाम्रो काम गऱ्यो भने ठिक छ, तिमी धेरै धनी बन्न सक्छौं, तर तिमीले त्यो निती अपनाउछौं जुन तिमीले जनतासँग प्रतिज्ञा गरेका थियौं, तब त माफ गर तपाईंले मर्नुपर्ने छ ।"



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा विमान दुर्घटनामा रोलदासको मृत्यु भयो । जब विमान दुर्घटना भयो तब तुरुन्तै पुरा क्षेत्रलाई घेरियो र नजिकैको एउटा सैनिक अड्डाबाट अमेरिकी सेनालाई मात्र त्यहाँ जाने अनुमति थियो । केही व्यक्तिहरूले देखेका थिए कि विमानसँग एक मिसाइल ठोक्कीयो र त्यसपछि विमान तल खसेको हो । यस कुराको वयान दिनुभन्दा पहिले नै दुई मुख्य प्रत्यक्षदर्शी (साक्षी) हरूको पनि कार दुर्घटनामा मृत्यु भयो । अब तपाई नै भन्नुस् त्यो कार दुर्घटना हो वा गराइएको थियो ।

ज्याम रोलदास

## पानामा (१९८१)

पानामाका राष्ट्रपति उमर टोरिजस एकदम चमत्कारी व्यक्ति थिए । उनी वास्तवमा आफ्नो देशको भलाइ गर्न चाहन्थे । जब जोन पर्किन्सले उनलाई घुस दिने कोशिश गरे तब उनले भनेका थिए, "हर जोन, मलाई पैसा चाहिदैन । म वस यही चाहन्छु कि मेरो देशसँग राम्रो व्यवहार गरियोस् । म चाहन्छु कि अमेरिकाले नि सबै विनाशको भरपाइ गरोस जुन उसले मेरा जनताको साथमा गरेको छ । म एक यस्तो स्थितिमा हुन चाहन्छु जहाँ म अन्य ल्याटिन अमेरिकी देशहरूलाई उनीहरूको स्वतन्त्रता दिलाउन र संयुक्त राज्य अमेरिकाको यस भयानक उपस्थितिबाट मुक्त गराउनमा सहयोग गर्न सकुँ । तपाईहरू हाम्रो नराम्रोसँग शोषण गर्दै हुनुहुन्छ । म त सिर्फ पानामा जनताको हातमा पानामा नहर फिर्ता दिलाउन चाहन्छु, र मलाई घुस दिने कोशिश नगर, मलाई एक्लै छोडिदेऊ ।"

उमर टोरिजस

सन् १९८१ को मे महिनामा ज्याम रोलदासको हत्या भएपछि आफ्नो परिवारलाई जम्मा गरेर भने, "शायद अब मेरो पालो हो, तर ठिक छ, मलाई लाग्छ कि म जुन काम गर्नको लागि यहँ आएको थिएँ त्यो गरिसकें । मैले पानामा नहरको लागि फेरि पनि कुराकानी गरिसकें, नहर अब हाम्रो हातमा हुनेछ ।"



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसै वर्ष जुन महिनामा (दुई महिनापछि) उनी पनि एक विमान दुर्घटनामा मारिए । टोर्रीजसको सुरक्षा गार्डले अन्तिम क्षणमा उनलाई एक टेप रेकर्डर दिएको थियो । जसमा बम थियो । यसरी उनी पनि बैंकर्सको शिकार भए ।

## भेनेजुएला (२००२)

सन् १९९८ मा ह्युगो शेवेज भेनेजुएलाका राष्ट्रपति भए र उनी त्यो पनि भेनेजुएला को तेल मुख्य रूपले भेनेजुएलाका जनताको लागि प्रयोग गर्ने प्रतिज्ञाको कारण । त्यसपछि २००२ मा एक सैनिक विद्रोहको कोशिश गरियो, त्यसमा निश्चित रूपले CIA को हात थियो । विपक्षका केही हजार मानिसहरूलाई प्रदर्शन गर्न पठाए र टेलिभिजनको सहयोगमा यस भिडलाई यसरी देखाइयो कि लाखौं जनता क्रान्ती चाहन्छन् । फेरि सेनाका केही भ्रष्ट अधिकारीहरूले शेवेजलाई बन्दी बनाए अनि अमेरिकाको पक्षधर सत्तामा आए, त्यसपछि उनीहरूले 'शेवेज' अमेरिकालाई सुम्पने वाला थिए । यस षड्यन्त्रलाई बुझेर अचानक शेवेज का लाखौं समर्थक सडकमा निस्किए र राष्ट्रपति भवनलाई घेरा हाले । अमेरिकाका पक्षधर भागे र शेवेजलाई जनताले मुक्त गराए । जनताको शक्तिको अगाडि अमेरिका पनि टिकेन र शेवेज यस षड्यन्त्रबाट बाँच्न सफल भए ।

ह्युगो शेवेज

## इराक (२००३)

सद्दाम हुसेन एक समयमा CIA को एजेन्ट थिए र अमेरिकाले नै उनलाई सत्तामा बसाएको थियो । तर उसलाई लाग्यो कि ऊ 'शासक' हो र अमेरिकाको लागि काम गर्न बन्द गरिदियो । उनलाई पहिले त इकोनोमिक हिटम्यानले घुस दिन खोजे तर सद्दाम मानेनन् । उनलाई मार्न अमेरिकाले केही मानिस पठाएको थियो तर हुसेनको सुरक्षा मजबुत भएको कारण उनी बाँचे । अमेरिकाले इराकमा सैनिक विद्रोह गराउन चाह्यो तर सेना र जनताले नै सद्दाम हुसेनलाई साथ दिएकोले, यो पनि हुन पाएन त्यसपछि अमेरिकाले १९९० मा इराकसँग युद्ध गऱ्यो तर यहाँ पनि जिल सकेन ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सद्दाम हुसेन

सद्दामले अन्तर्राष्ट्रिय स्तरमा डलरमुक्त व्यापारको लागि इराकको तेल अरू मुद्राहरूमा दिने घोषणा गरे । यस कदमबाट अमेरिका पूर्ण रूपले बर्बाद हुन सक्थ्यो । अमेरिकाले २००३ म रासायनिक हतियारको डर देखाएर सद्दामलाई बद्नाम गरेर युद्ध सुरु गऱ्यो र यसपटक अमेरिकाले जित्न सक्यो । २००५ मा सद्दाम हुसेनलाई फाँसी दिइएको थियो । र वताइएको थियो कि ऊ अपराधी थियो तर यथार्थत अर्कै थियो । इराकमा युद्ध चलिरहोस् यसकारण एजेन्टको सहायताबाट दुवै तर्फ आर्थिक सहायता गरिन्छ । उदाहरणको लागि २००५ मा २ ब्रिटिश अधिकारीहरूले अरबका मानिसहरूको पोशाक लगाएर सर्वसाधारण मानिसहरूलाई खुलेआम गोली चलाए । पुलिसद्वारा पक्राउ परेपछि उनीहरूलाई बसरा शहरको जेलमा राखियो । ब्रिटिश सरकारले जब आफ्नो दुवै अधिकारीहरूलाई छोड्न भन्यो तब बसरा सरकारले अस्वीकार गरिदियो । तब ब्रिटिश सेना शहरमा ट्याङ्क लगेर जेल तोडिदियो र उनीहरूलाई छुटाएर लग्यो ।

देख्नुभयो त तपाईंले जब कुनै देशको कुनै नेता यिनीहरूको कुरा नमानेर आफ्नो देशको भलाइको लागि केही गर्न चाहन्छु । तब सबैभन्दा पहिले यिनीहरू घुस दिने कोशिश गर्छन्, यदि ऊ बिकेन भने उसलाई मृत्युको डर देखाइन्छ, यदि ऊ डराउदैन भने त्यस देशमा सत्ता परिवर्तन गराउने कोशिश हुन्छ, यदि यसमा पनि असफल भएमा त्यस देशलाई अर्को देशसँग युद्धमा होमिन्छ जस्तोकी इराकको साथमा भएको थियो ।

## सिरिया, लिविया र सुडानको परिदृष्य

मुयमार गद्दाफी

अमेरिकी जनरल वेसले क्लार्कले सन् २००७ को एक अन्तर्वार्तामा बताएका थिए कि "अमेरिकाले २००१ मा ७ देश ( इराक, सीरिया, इरान, लेवलान, लिविया, सोमालिया र सुडान) मा कब्जा गर्ने रणनीति बनाएको थियो ।" यी सात देशमा एक समानता थियो, कुनै पनि देश 'बैंक अफ इन्टरनेशनल सेटलमेन्ट' को सदस्य थिएन । यस तरिकाले उनीहरूको बैंकिङ्ग क्षेत्रमा बैंकर्सको कब्जा थिएन ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गद्दाफीको कार्यकालमा लिबियामा शिक्षा र स्वास्थ्य सबैको लागि निःशुल्क थियो । गाडी र तेलको मूल्य एकदम सस्तो थियो (लगभग १५ रूपैयाँ नेपाली) । यति सम्म कि नवविवाहित दम्पतीलाई गुजाराको लागि ७०,००० दिनार (लगभग ५१ लाख रूपैया) दिने गर्दथे । सन् २०११ मा लिबियामा गद्दाफीको विरुद्ध नाटो (NATO) सेनाले विद्रोहीहरूलाई हात हतियार दिएर विद्रोह गरायो र पुरा विश्वमा यो भनेर साइकोलोजिकल अपरेशन गरियो कि "गद्दाफी एक सुविधाभोगी ( भोगविलासमा मस्त) व्यक्ति थियो, जसलाई मारेर धेरै राम्रो काम गरियो ।"

सुडानलाई पनि दुई भागमा विभाजन गरिदिए । सिरिया लेवनान, इरान र सोमालियामा पनि यिनीहरू (बैंकर्स) ले अशान्ति फैलाइरहेका छन् । किनकी यी सबै देशहरू इस्लामिक बैंकिङ्गका पक्षधर हुन् र आफ्नो देशको तेल डलरमा बेच्न चाहदैनन् । यसबाट अमेरिका बर्बाद हुन सक्थ्यो ।

## मानसिक गुलामी

यिनीहरू दुनियाको लगभग सबै देश, राजनीति, उद्योग, व्यापार, मिडिया, तेल, भोजन, चिकित्सा, शिक्षा, ऐतिहासिक तथ्यहरू र यहाँसम्मकी हाम्रो मानस, सोच र आन्दोलन सम्मलाई नियन्त्रित गर्छन् । यिनीहरू चाहदैनन् कि हामीले आफ्नो बारेमा सोचुन भन्ने यसकारण रक्सी, लागू पदार्थ, टेलिभिजन, मिडिया, पोर्न, तथा जुन चिजले हामीलाई मनोरञ्जनमा व्यस्त बनाउछ ती सबै चिज उपलब्ध गराउछन् ताकी हामी यसबाहिर सोचेर उनीहरूको षड्यन्त्रको विरुद्ध नलागून् । भलाई यसैमा हुनेछ कि तपाईहरू बेलैमा जाग्नुस् (ब्यूँझनुस निद्राबाट) र हेर्नुस् कि केही व्यक्तिहरूले तपाईंको जीवन नियन्त्रित गरिरहेका छन् र तपाईंलाई थाहा पनि छैन ।

## तान्जानियाका राष्ट्रपतिको हत्या (कोरोनाकालमा):

यदि तपाईं देश दुनियाको खबर राख्नुहुन्छ भने तपाईंलाई थाहा होला २०२१ मार्च महिनामा तान्जानियाका राष्ट्रपति गायब थिए । तान्जानियाका जनता बेचैन भएर बारम्बार सरकारसँग आफ्नो राष्ट्रपतिको बारेमा सोधखोज गरिरहेका थिए । त्यसको केही दिनमा तान्जानियाका उपराष्ट्रपतिको बयान आयो कि राष्ट्रपति जोन मागुफुली छिटै नै सबैको अगाडि आउनेछन् । तर १७ मार्च २०२१ मा उनको हार्टअट्याकको कारणले मृत्यु भएको खबर प्रकाशित भयो । तर उनको हत्या भएको थियो । यो जान्नको लागि उनको इतिहास जान्नुपर्ने हुन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जोन मागुफुली

सन् २०१५ मा सत्तामा आएपछि जोनले कडा कदम उठाउन सुरु गरे । तान्जानिया खनिज पदार्थको धनी देश हो, यसकारण विदेशी कम्पनी यहाँको खनिज सस्तोमा लुटेर लादै आएका थिए । तर देशभक्त जोनले यस्तो गर्न मनाही गरिदिए । क्यानडाको एक जमिनबाट सुन निकाल्ने बहुराष्ट्रिय कम्पनी थारीगोल्ड कर्प कोगको उनको झगडा धेरै प्रसिद्ध थियो । जोनले त्यस कम्पनीको मुनाफाको ६०% दावी गरे तर कम्पनीले मानेन र लामो समयसम्मको मोलभाउ पछि यो हिस्सेदारी १७ % मा तय भयो । यस्तै चिनको २ ठूला कम्पनीसँग अघिल्लो सरकारसँग भएको सहमती पनि तोडिदिए किनकी तान्जानियालाई यसबाट केही फाइदा थिएन । उनले आफ्नो देशमा कामचोर कर्मचारीहरूलाई सबै टिभी च्यानलमा लाइभ देखाउँदै जागिरबाट निकालेका थिए ।

जोन मागुफुली आफ्नो देशमा राम्रो कामको सँगसँगै विदेशी शक्तिहरूलाई पनि बुझेका थिए । उनी पश्चिमका देशहरूलाई कहिल्यै पनि विश्वास गर्दैन थिए । किनकी उनले राम्रोसँग बुझेका थिए कि तान्जानियाको गरिबीको मुख्य कारण पश्चिमा नै हुन् । यसकारण आफ्नो पुरा कार्यकालमा एकपटक पनि विदेश भ्रमण गरेनन् । न त UN को कुनै पनि बैठकमा गएनन् । सबै देशमा यस्तै नेता चाहिन्छ जो आफ्नो देशको बारेमा सोचोस् नकी विदेशीको कठपुतली बनेर रहोस् । यी त भए उनको व्यक्तित्वको बारेमा जानकारी अब प्रश्न छ उनको हत्या किन भयो ?

जब २०१९ को अन्त्यतिर जब पुरै विश्वमा कोरोना नामको षड्यन्त्रको सुरुवात भयो तब सबैले जस्तो जोन मागुफुलीलाई पनि यही लाग्यो कोरोना साँच्चै एक महामारी नै हो । र, तान्जानियाको स्कुल र खेलकुद कार्यक्रम बन्द गरे । तर एक महिनामै उनले यो कुरा बुझे कि यो कुनै महामारी होइन बरु एक नाटक हो पुरै विश्वमा मन्दी ल्याउनको लागि । उनले यसको विरोध गर्न पनि सुरु गरे र देशमा लकडाउन हटाए । तर लकडाउन लगाउनको लागि WHO को दबाब बढी नै थियो । तान्जानियाको छिमेकी देशले पनि लकडाउन लगाए र जोनसँग सोधे किन उनले लकडाउन नलगाएको ? तब जोनले भने लकडाउनले तान्जानियाको अर्थव्यवस्था पूर्ण रूपले बर्बाद हुन्छ र जुन छिमेकी देशले लकडाउन लगाएका



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । केही समयमै उनीहरू तान्जानियासँग नै सामान आयात गर्नेछन् भनिदिए । यसमा उनले आफ्नो वक्तव्य पनि दिएका थिए की यो एक युद्ध हो र यो पश्चिमी देशको षड्यन्त्र हो । एक एक गरेर उनले हरेक गलत चिजमा प्रश्न गर्न थाले । उनले भने यस देशमा धेरै पत्याउन नसकिने चिजहरू गरिदै छ । उनले कोरोनाको टेस्टिङ्ग किटमा पनि प्रश्न उठाएका थिए र अन्य जनावर तथा फलफूलहरूको पनि कोरोनाको टेस्ट गर्नको लागि पठाएका थिए । जसमा बाखा र मेवामा कोरोना पोजिटिभ आए लगत्तै उनले कोरोना टेस्ट बन्द गरिदिए र WHO लाई पनि देशबाट बाहिर निकालिदिए । त्यस समय तान्जानिया नै यस्तो देश थियो जुन जोन मागुफुलीको नेतृत्वमा कोरोनाको षड्यन्त्रबाट फसेन । यस्तै बुद्धिमान र देशभक्त नेता नै विश्वका शासकहरूको आँखामा विझाउछन् र यस्तो मान्छे जिउदो रहनुले उनीहरूको षड्यन्त्रमा टिकेको साम्राज्य कुनै पनि बेला नाश हुन सक्छ । यसकारण जुन अहिलेसम्म इतिहासमा हरेक देशभक्त नेताको साथमा भएको थियो त्यो जोन मागुफुलीको साथमा पनि भयो ।

१७ मार्च २०२१ मा यो समाचार आयो कि हार्टअट्याकको कारणले जोनको मृत्यु भयो तर, हार्ट अट्याकको बहानामा उनको हत्या भएको थियो ।

## अफगानिस्तान र अमेरिकी भूमिका

सन् १९८० भन्दा पहिले अफगानिस्तानमा रुसको शासन थियो । त्यस समय त्यहाँ नगन्य मात्रामा अफिमको खेती हुन्थ्यो । तर अमेरिकाको नजर धेरै पहिलेदेखि अफगानिस्तानमा थियो । निकी अफगानिस्तान जस्तो ठाउँ अफिमको लागि उपयुक्त थियो । अफगानिस्तानमा घुस्नको लागि अमेरिकाले पैसा लगानी गरेर अफगानीहरूलाई रुसको विरुद्ध खडा गरिदियो र सन् १९७९ मा युद्ध सुरु भयो । यसै दौरान अमेरिकाले पैसा दिएर सोझा साझा अफगानीहरूद्वारा अफिमको खेती गराउन सुरु गरिदियो । अमेरिका आएपछि अफगानिस्तान सन. १९८६ मा विश्वको ४०% अफिमको उत्पादक बन्यो र यो आंकडा बढेर सन् १९८९ मा ८०% सम्म पुग्यो । सन् १९९६ मा तालेवान अफगानिस्तानको सत्तामा आए र सन् २००० सम्म एकदम ठूलो मात्रामा अफिमको खेतीमा रोक लगाइदियो र यहाँसम्म कि धेरै अफिमको खेतमा आगोसम्म लगाइदिए । तालेवानको यो कामबाट अमेरिका छटपटाउन थाल्यो किनकी यदि तालेवानले अफगानिस्तानमा अफिमको खेती हुन नदिएमा उसको अर्बौं डलरको हिरोइनको व्यापार ध्वस्त हुन्थ्यो । क्यानडाका अर्थशास्त्री मिशेल चोसुडब्स्कीले सन् २००५ मा बताएका थिए, "हेरोइनको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवसायबाट तालेवानलाई फाइदा थिएन जस्तो अमेरिकी सरकार र अन्तराष्ट्रिय समुदायले दाबी गरेका छन्, बरु यसको विलकुल वितरित यस अवैध व्यापारको मुनाफा पश्चिमी देशमा बसेका शक्तिशाली अपराधी व्यापारीहरूले कमाउछन् । अमेरिकाको सरकारले CIA र पेन्टागन यस बहुअरब डलर व्यापारलाई पुरा समर्थन गर्छन् जुन कमोडिटी (Commodity) को मूल्यमा तेल र हतियार पछि तेस्रो नम्बरमा आउछ ।" तालेवानीले अफिममा रोक लगाएपछि जुन अफिमको उत्पादन ३००० टन भन्दा धेरै भइरहेको थियो अब त्यो ९४% घटेर १८५ टल भन्दा पनि कम हुन थाल्यो । यस अफिमको धन्दामा अमेरिकाको बैंक घराना र केही नेताहरूको पनि हिस्सेदारी थियो । जसबाट उनीहरूले हरेक वर्ष ५०० अरब डलरको मुनाफा कमाउने गर्दथे ।

आफ्नो यस कालो धन्दालाई बचाउनको लागि अमेरिकाले आफ्नै एक CIA एजेन्ट ओसामा विन लादेनको नाम लिएर आफ्नै देशमा २००१ मा सेप्टेम्बर ११ (ट्वीन टावर)को हमला गराइदियो । र आतंकवाद समाप्त गर्ने नाममा फेरि अफगानिस्तानमा छिर्यो । अमेरिका अफगानिस्तानमा आए लगत्तै फेरि अफिमको खेतीले रेकर्ड कायम गर्न थाल्यो ।



Source: Afghanistan Opium Survey 2017 report

हेर्नुस् अफगानिस्तानमा अफिम खेतीको ग्राफ जहाँ तालेवानले रोक लगाउनुभन्दा पहिले सन् २००० सम्म ८२००० हेक्टर जमिनमा अफिमको खेती भइरहेको थियो । त्यसपछि २००१ मा त्यो घटेर ८००० हेक्टर भयो । तर फेरि अमेरिका अफगानिस्तानमा प्रवेश गरे लगत्तै सन् २००२ मा ७४००० हेक्टरमा खेती हुन थाल्यो र वर्षेनी त्यो बढ्दै गयो । आज अफगानिस्तान विश्वभरिमा ९०% भन्दा पनि धेरै हेरोइनको निर्यातकर्ता छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन् २०१७ को प्रेस टिभी द्वारा बताइएको थियो कि, "अमेरिकाले अफगानिस्तानमा घुसपैठ आफ्नो हेरोइनको व्यापार बचाउनको लागि गरेको थियो र अब यस व्यापारबाट हरेक वर्ष डेढ खरब (१५० अरब) डलर कमाइरहेको छ ।"

यो सबै बताउन यसकारण पनि जरुरी छ कि मिडिया रातदिन अमेरिकाको गुणगान गाएर यहि बताइरहन्छ कि अमेरिका जस्तो शान्तिप्रिय देश अरू कुनै छैन । अमेरिका त्यसै कुनै देशमा घुस्दैन लोकतन्त्रको रक्षा गर्नको लागि घुस्छ जस्ता के के बताइरहन्छ । "तर यी दलाल मिडिया यो कुरा कहिल्यै बताउँदैनन् । कि असलियतमा अमेरिका अफगानिस्तानमा लोकतन्त्रको रक्षा गरिरहेको थियो कि तालेवानसँग आफ्नो अफिम खेतीको रक्षा गरिरहेको थियो ।"

अब अफगानिस्तानमा जे जति भइरहेको छ, यसको पछाडि कुनै न कुनै षड्यन्त्र पक्का छ किनकी अमेरिका अचानक त्यहाँबाट जानु अफगानिस्तानको सेनाले आत्मसमर्पन गर्नु, अफगानिस्तानबाट पश्चिमा देशहरूको राजदूतावासका व्यक्तिहरू पहिल्यै कुनै जानकारी बिना त्यहाँबाट फिर्ता जानु यो सबै त्यसतर्फ इशारा गर्दै छ कि यो पुरा षड्यन्त्र पहिल्यैदेखि नै योजनावद्ध थियो ।

किनकी अमेरिकी सेनाले त २०११ मा नै ओसामा विन लादेनलाई मारिसकेको बताएको थियो भने १० वर्षदेखि अमेरिकी सेना अफगानिस्तानमा के गरिरहेको थियो ? र विन लादेन मारियो भन्ने खबर पनि अमेरिका आफैले फैलाएको थियो । जबकी लादेनको मृत शरीर कहिल्यै पनि कसैलाई पनि देखाइएन । र जब मानिसहरूले विन लादेनको मृत शरीरको बारेमा सोधे तब अमेरिकाले यो भनिदियो कि मृत शरीर त हामीले समद्रमा फालिदियौं ।, वास्तवमा साउदी अरबमा जन्मिएको ओसामा विन लादेनलाई सन् १९७९ मा साउदी अरबबाट अफगानिस्तान पुऱ्याउने अमेरिका नै हो । ताकी अफगानिस्तानबाट रुसको शासन समाप्त गर्न सकियोस् । हेर्नुस् अमेरिकाका पूर्व सुरक्षा सल्लाहकार जेविग्न्यु ब्रिजेन्स्की ओसामा विन लादेनको साथमा जब कि वास्तवमा अमेरिकाले ओसामा विन लादेनलाई कहिल्यै मारेको नै छैन र यो पनि हुन सक्छ कि ऊ अझै जिबितै छ र सबै देखिरहेको पनि हुन सक्छ । यसकारण मिडियाले जे देखाउँछ आँखा चिम्लेर विश्वास गर्न बन्द गर्नुस् आफ्नो दिमागले पनि सोच्नुस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## वर्तमान परिदृश्यः युक्रेन र रसिया

अहिले विश्वका शासकहरूको पूर्ण रूपले नियन्त्रणमा नभएका देशहरू रसिया र चीन हुन् । र ती दुवै देशलाई आफ्नो पूर्ण रूपले नियन्त्रणमा राख्नको लागि अमेरिकालाई मोहरा बनाएर अनेक हत्कण्डा अपनाइरहेका हुन्छन् । त्यसैको साथै NATO, क्वाड, युरोपियन युनियन आदिको माध्यमबाट पनि खेल खेलिरहेका हुन्छन् । त्यसैको लागि रसियाका आसपासका देश र चीनको आसपासका देशहरूमा कुनै न कुनै बहानामा अशान्ति मच्चाइरहेका हुन्छन् ।

रसियाका राष्ट्रपति पुटिनले एकवर्ष अगाडि एक आधिकारिक बयान दिएका थिए कि रसियामा रोथशिल्ड नियन्त्रित बैंकिङ्ग प्रणाली लागू हुन दिन्न भनेर । रसिया जस्तो ठूलो देशको आर्थिक साम्राज्य उनीहरूको नियन्त्रणबाट गुम्ने डरले रसियालाई चौतर्फी घेर्न वरिपरिका धेरै देश NATO मा सामेल गराइसकेका छन् । र अमेरिकाले युक्रेनलाई पनि NATO मा सामेल गराउन चाहन्छन् तर रुस युक्रेन नाटोमा सामेल नहोस भन्ने चाहन्छ । रुस विरुद्ध युक्रेनलाई लैजानको लागि उनीहरूले कुनै राजनीतिक पृष्ठभूमि नभएका एक हास्य कलाकारलाई राष्ट्रपति बनाई रुस विरुद्ध प्रयोग गर्न थाले । यसैको परिणाम हो हालको रुस र युक्रेनको समस्या । तर सधैँ दलाली मात्रै गर्ने गद्दार मिडियाहरूले यो सत्य कुरा कहिल्यै नबताउने र रुसलाई एक तानाशाहीको रूपमा मात्रै देखाइरहेका छन् । जसरी एक हास्य कलाकारले राजनीति र कुटनीति नबुझी अमेरिकाको इशारामा लागेर छिमेकी प्रति विचार नपुऱ्याउँदा युक्रेनका जनता आज रगतको आँशु रुन बाध्य भएका छन् । त्यसैगरी चीन विरुद्ध नेपालमा पनि दलालहरू मार्फत् नेपालको संविधानभन्दा माथि हुनेगरी र अमेरिकाको भविष्यमा बन्ने कानुन पनि मान्य हुने गरी MCC पास गराएका छन् । अब हामी नेपालीले समयमै विचार नगर्ने हो भने अहिलेको युक्रेनको स्थितिमा नेपाल पनि छिट्टै नै पुग्ने कुरामा कुनै संका नै गर्न पर्दैन ।

यो MCC चीन घेर्ने हिन्द प्रशान्त रणनीतिको रूपमा रहेको कुरा हाम्रा दलाल नेताहरूले लुकाए पनि अमेरिकीहरूले नै बारम्बार यसबारे प्रष्ट रूपमा बताएका छन् । अब युक्रेनको हालको अवस्था, इराक, सुडान, इरान जस्ता देशहरूको अवस्थामा हामी पुग्दै छौं । बेलैमा सचेत बनौं । अब विदेशी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दलालहरूको भर परेर बस्ने समय छैन । अब सबै समस्याहरूलाई जरैदेखि उखालेर फाल्ने र आफ्नो भविष्य सुनिश्चित गर्नुको विकल्प छैन ।

अब विदेशी, दलाल मुक्त अपराधी मुक्त नेपाल बनाउन सबै मिलेर अघि बढौं आउनुहोस् हातेमालो गरौं ।

## प्रमुख उद्देश्यः एक नयाँ विश्व व्यवस्था

आफ्नो यस व्यवस्थालाई चलाइ राख्नको लागि ति व्यक्तिहरू कुनै प्रकारको व्यवधान होस् भन्ने चाहँदैनन् । यसकारण उनीहरू विश्वमा एक सरकार, एक सेना, एक भाषा, एकै मुद्रा र एक बैंक बनाउने प्रक्रियामा छन् ।




जेम्स बारबर्ग, (बारवर्ग बैंकिङ्ग परिवारका एक सदस्य) लेख्छन्, तिमीहरू यसलाई मन पराउन या मन नपराउ, एक विश्व सरकार बन्छ । सवाल सिर्फ यति मात्र हो कि यो सरकार विजय बाट बन्छ वा सहमतिबाट ।

डेविड रकफेलर भन्छन्, "हामीलाई बस एक विशाल संकट चाहिएको छ त्यसपछि सबै देशले विश्वको नयाँ व्यवस्था एक विश्व सरकार स्वीकार गर्नेछन् ।"

कोरोना यसै विश्व व्यवस्थाको लागि तयार गरिएको संकट हो । कोरोनाको समाधान खोप होइन खोप तपाईलाई अझै बिरामी बनाएर मार्ने हतियार हो ।

## समाधान

के राजनैतिक सत्ता परिवर्तन गरेर मात्र, व्यवस्था परिवर्तन नगरी कुनै प्रकारको परिवर्तन ल्याउन सम्भव छ ? जबकी हामीलाई थाहा छ कि कुनै पनि व्यवस्थाको मूलमा अर्थव्यवस्था नै हुन्छ । व्यवस्थाको पिरामिडमा बैंकिङ्ग व्यवस्थालाई परिवर्तन के कुनै प्रकारको समाधान सम्भव छ ?

सर जोशिया स्टम्प



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाधान को तरिकाको लागि सर जोशिया स्टम्प, (बैंक अफ इंग्ल्याण्डका निर्देशक र १९२० मा ब्रिटेनका दोस्रो सबैभन्दा धनी व्यक्ति) टेक्सस विश्वविद्यालयमा १९२७ मा दिएको भाषण, 'आधुनिक बैंकिङ्गले प्रणालीले जादुगरी तरिकाले पैसा बनाउछ । यो प्रक्रिया सायद जादुको अहिले सम्मको सवैभन्दा ठूलो आविस्कार हो । बैंकिङ्गको कल्पनामा अन्याय छ र यो पापमा जन्मिएको हो । बैंकर्स पृथ्वीका मालिक हुन् । यदि यसलाई उनीहरूसँग खोस तर पनि उनीहरूलाई पैसा बनाउने अधिकार दिएर राख तब उनीहरू कलमको एक झड्कासँगै धरतीलाई फेरि खरिद गर्न पर्याप्त पैसा बनाइदिन्छन् । उनीहरूसँग यो महान शक्ति (पैसा बनाउने शक्ति) खोसियो भने फेरि यो दुनिया धेरै खुसियाली र बस्नको लागि एक सुन्दर ठाउँ हुनेछ (स्वर्ग हुनेछ) । तर यदि तपाई बैंकर्सको गुलाम बनि रहन चाहनुहुन्छ र आफ्नै गुलामीको लागत भुक्तानी गरिरहन चाहनुहुन्छ भने बैंकर्सलाई पैसा बनाउने र त्यसलाई नियन्त्रित गर्ने शक्ति दिएरै बस्नुहोस् ।"

## गरंसीको अनुभव

गरंसी ब्रिटिश च्यानलको एउटा सानो द्विप राष्ट्र हो । १८१६ मा गरांसीको १९,००० पाउण्डको ऋण थियो र आय ३००० पाउण्ड थियो, जसमा २,४०० पाउण्ड ऋण तिर्नमा जान्थ्यो । बेरोजगारीको कारण मानिसहरू द्विप छोडेर जान थाले । त्यसपछि सरकारले ६,००० पाउण्डको ऋणमुक्त नोट छाप्यो र सबैले रोजगारी पाउन थाले । फेरि १८२० मा ४५०० पाउण्ड, १८२१ मा १०,००० पाउण्ड, १८२४ मा ५,००० पाउण्ड, १८२६ मा २०,००० पाउण्ड र १८३७ मा ५०,००० पाउण्ड जारी गरेको थियो । १९१४ मा गरंसीले १४२००० पाउण्डको योजना आगामी ४ वर्षको लागि बनायो र कहिल्यै पछाडि फर्केर हेर्नुपरेन । गरंसीले १९५८ सम्म कूल ५४२,००० पाउण्ड जारी गरेको थियो । गएको २०० वर्षमा पैसाको मात्रा २५ गुणा भयो तर महंगीको अत्तो पत्तो छैन । आज ५२१५३१ पाउण्ड (७२६९१डलर) वार्षिक प्रतिव्यक्ति आयको साथमा गरंसी विश्वमा ११ औं स्थानमा छ । जबकी नेपाल ११५५ डलरको साथमा १८२ औं स्थानमा छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## छ मागहरू

हामी चाहन्छौं कि नेपालको संसदबाट एक विल (कानुन) पास होस् । जसको अन्तर्गत यी नियमहरू समावेश गरियोस्:

(१) नेपालसरकारले नै देशको लागि ऋणमुक्त पैसा बनाओस् । जारी गरोस, व्यावसायिक बैंक वा केन्द्रिय बैंकले होइन ।

(२) अंश रिजर्भ बैंकिङ्ग (Fraction Reserve Banking) प्रणालीलाई १०० प्रतिशत रिजर्भ बैंकिङ्ग बनाइयोस् ।

(३) सट्टाबजारी (Derivatives) पूर्ण रूपले बन्द होस् ।

(४) अन्तर्राष्ट्रिय व्यापार डलरमुक्त बनाएर नेपाललाई अमेरिकाको चंगुलबाट मुक्त गराइयोस् ।

(५) नेपालले आजसम्म गरेका/गर्नुपरेका सबै असमान सन्धीहरू खारेज होस् ।

(६) राष्ट्रलाई पहिलो प्राथमिकताको सिद्धान्त अवलम्बन गरियोस् ।

## भविष्यको नेपाल र रणनीति

बर्बादीं तर्फ जाँदै गरेको नेपालमा यो कानुन बनेपछि नेपालको तस्विर बदलिनेछ र देशमा निम्नलिखित परिवर्तन हुन सुरु हुनेछ ।

- महंगी मुक्त, मन्दी मुक्त, बेरोजगारी मुक्त, गरिबी मुक्त, ऋण मुक्त तथा करमुक्त नेपाल
- व्यापारी, किसान तथा सबै जनता ऋणमुक्त हुनेछन् र छिटो प्रगति गर्नेछन् ।
- युवाहरूलाई निश्चित रूपले रोजगारी मिल्नेछ, वैदेशिक रोजगारी समाप्त हुनेछ ।
- समृद्ध र सुखी नेपाल ।
- स्वतन्त्र र स्वावलम्बी नेपाल ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदि सर्वोच्च अदालतमा एक जना पनि इमानदार न्यायधिवक्ता छन् भने सर्वोच्च अदालतले यस सम्पूर्ण व्यवस्थालाई असंवैधानिक घोषित गरोस् । किनकी यस व्यवस्था नेपालको संविधानको स्वतन्त्रताको अधिकारको विरुद्ध छ र यसले हाम्रो मुलभूत अधिकारहरूको हनन गरेको छ ।

## सीधा कुरा

साथीहरू सिधा कुरा यो हो की केही पनि नगरी त 'परिवर्तन' हुँदैन र बाहिरबाट कोही आएर परिवर्तन गरिदिने पनि होइन, यदि बाहिरबाट कसैले गऱ्यो नै भने पनि त्यो परिवर्तन हाम्रो हितमा हुँदैन त्यो त सबैलाई थाहा नै छ । अब समग्रमा भन्नुपर्दा हामीले नै केही गर्नुपर्छ । बिना संगठित भई लडाइ जित्न सकिन्न यो सबैलाई थाहा छ र संगठन बनाउनको लागि चाहिन्छ देशको लागि पुरा जीवन समर्पण गर्न पछि नहटने केही देशभक्त व्यक्तिहरू ।

१. सबैजना जागरुक बनौं

२. सबैजना संगठित बनौं

३. अब अर्को तेस्रो विकल्प देशका सबै जनतालाई जागरुक बनाउनको लागि यो पुस्तक सबैको हातमा पुऱ्याउन सहयोग गरौं किनभने आर्थिक सहायता भन्दा प्रभावकारी उपाय सबैलाई जागरुक बनाउन हो । किनकी जानकारी नै सबैभन्दा ठूलो हतियार हो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# खण्ड (ख): कोरोनापछिको आगामि विश्व

## एजेन्डा -२१: फाँसीवादी सिद्धान्त

विश्वका अकुत धनसम्पदा भएका विशिष्ट भनिने मानिसहरूले एउटा समूह छ, जसलाई गोलमेज समूह, विल्डरवर्ग ग्रुप आदि नामले चिनिन्छ । उनीहरूले पुरै विश्वलाई संयुक्त राष्ट्रसंघ, विश्व बैंक, WHO,IMF, Bank of International settlement, मिडिया फेडरल बैंकिङ्ग, युद्ध, उपभोक्तावाद, पोर्न बजारबाद, क्रिकेट, मनोरञ्जन आदिद्वारा अप्रत्यक्ष रूपले आफ्नो कब्जामा पारेका छन् ।

ब्राजिलको रियो दि जेनेरियोमा सन् १९९२ को संयुक्त राष्ट्रसंघको शिखर सम्मेलनमा १७८ देशहरूको सहमतीमा लक्ष्य निर्धारण गरियो । जसलाई 'एजेन्डा-२१ सतत विकास' भनिन्छ । यसमा उनीहरूले आफ्नो बदनियतलाई 'संसारलाई राम्रो बनाउने गुलियो चास्नीमा पकाएर, १७ सतत विकास लक्ष्य' विश्व सामु प्रस्तुत गरे ।

त्यसको उद्देश्य विश्वका सम्पूर्ण धनसम्पदा, जल, जमिन, जंगल, जनावर तथा मानिस आदिमाथि अधिपत्य कायम गर्नु हो । वैश्विक जनसंख्य कम गरी बँचेका मानिसहरूलाई गाउँ खाली गराएर विश्वभरिमा ९३ वटा मेगासिटीमा 5G को निगरानीमा राख्नु हो ।

### 5G हो ठूलो गुलामी

5G ले तपाईंको प्रत्येक चिजको निगरानी गर्ने छ । यसले सम्पूर्ण सूचनाहरूलाई केन्द्रिय स्रोतसम्म पुऱ्याइदिने छ । प्रत्येकको डाटा एकत्रित गर्नु त्यसमाथि निगरानी राख्नु पुँजीवादको सिद्धान्त हो । मेगा सिटी, सेटलमेन्ट जोन, स्मार्ट विकास यो सबै 'एजेण्डा- २१' को हिस्सा हो । मोवाइल, इन्टरनेट आदिद्वारा मानिसहरूलाई फाँसीवादी व्यवस्था सित जोडिदै छ । खोपसित 5G को धेरै गहिरो सम्बन्ध छ ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**अकालमा मृत्युः-**

5G को टावरहरूबाट मानिससहित प्रत्येक प्राणीको स्वास्थ्य खराब हुन्छ । रोग प्रतिरोधात्मक शक्ति तथा प्रजनन क्षमता नष्ट हुन्छ । मस्तिष्क रोग, क्यान्सर आदि रोग हुन्छ । यसले सूजन (Inflammation) र हाइपोक्सिया रोग पनि उत्पन्न गर्छ । विदेशहरूमा यसको तिव्रताका साथ विरोध भइरहेको छ, ठाउँ ठाउँमा 5G टावरहरूमा आगो समेत लगाइएको छ ।

**5G फाँसीको साङ्गलोः**

संयुक्त राज्य अमेरिका पूर्व राष्ट्रिय सुरक्षा सल्लाहकार जेविग्न्यु ब्रिजेन्स्कीले विटवीन टु एजेस (Between to Ages) नामको आफ्नो पुस्तकमा भनेका छन्- "भविष्यमा यान्त्रिक युग (Technetronic Era) मा मानिसहरूलाई अत्याधुनिक यन्त्रको उपयोग गरी निगरानी तथा नियन्त्रणमा राखिने छ ।"

RFID नामक माइक्रो चिप मानिसमा लगाइनेछ । यसबाट तपाईंको सम्पत्ती, जग्गा जमिन, घर, बैंक अकाउण्ट आदि सबै जोडिएको हुनेछ । यो चिप सरकार आदिको सर्वरसित जोडिनेछ । लुट, बलात्कार आदिको सुरक्षाको बहानामा सबैलाई अनिवार्य गरिनेछ । नगद रूपैयाँ पैसा बजारबाट हटाइनेछ, सबैथोक डिजिटल हुनेछ ।

कोरोना खोप ID नागरिकता भैं सबैठाउँमा अनिवार्य गरिनेछ । यसको अर्को चरण निश्चित रूपमा RFID माइक्रो चिपको हुनेछ ।

**धेरै ठूलो षड्यन्त्रः**

एजेण्डा-२१ एउटा षड्यन्त्र हो, यो मानिसहरूलाई सुख समृद्धि तथा विकासको नीति होइन । निश्चित रूपले गोलमेज सम्मेलन गरिन्छ, जसमा मानिसहरूको समान भागीदारी देखाइन्छ । तर सत्यता त के हो भने यो एउटा फाँसीवादी सिद्धान्त हो, जो पुरै विश्वलाई अँध्यारोमा राखेर गोपनीय कार्य गरिरहेको छ । एजेन्डा-२१ (एजेन्डा 20 – 30) लाई लागू गर्नमा हरेक देशका जस्तै हाम्रा नेताहरू पनि आँखा चिम्लेर लागिपरेका छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एजेण्डा-२१ को कानुन कस्तो छ भने तपाईं आफ्नो जग्गा जमिन घर सबै छोडेर आफैं यिनीहरूले बनाएको मेघा सिटिमा जानका लागि बाध्य हुनु हुनेछ, कुनै हतियारधारी को डर त्रास बिना । त्यहाँ मात्र तपाईंको निगरानी, निगरानी, सधैं उनीहरूको तपाईंमाथि निगरानी रहनेछ ।

**Un Agenda 2021/30**

1. One world Government (एक विश्व सरकार):
2. One world Cashless Currency (एक विश्व डिजिटल मुद्रा)
3. One world Central Bank (एक विश्व केन्द्रीय बैंक)
4. One world Military (एक विश्व सेना)
5. The End of National Sovereingnty (राष्ट्रिय सार्वभौमिकताको अन्त्य)
6. The End of All Privately owned property (व्यक्तिगत सम्पत्तिको अन्त्य)
7. The End of the Family Unit (एकल परिवारको अन्त्य)
8. Depopulation, control of population growth & population density (जनसंख्या घटाउने, जनसंख्या वृद्धि र जनघनत्व नियन्त्रण गर्ने)
9. Mandatory Multiple vaccine (जबर्जस्ती धेरै भ्याक्सिन लगाउने)
10. Universal basic Income (austerity) (कठोरताका साथ विश्वव्यापी सामान आम्दानी कायम गर्ने)
11. Microchipped Society for purchaising, travel tracking & controling (केही किन्न तथा घुम्नको लागि माइक्रोचिप लगाउनुपर्ने र त्यसैबाट निगरानी तथा नियन्त्रण गर्ने)
12. Implementation of a world social credit system (Like china has) (चिनमा भएजस्तो ऋण प्रणाली विश्वभरी लागू गर्ने)
13. Trillions of appliances hooked into the 5 G Monitoring system (Internet of Things) (खरबौं 5 G बाट चल्ने उपकराहरूको माध्यमले सधैं निगरानी राख्ने)
14. Government raised children (बच्चाहरू सरकारले हुर्काउने)


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

15. Government owned and controlled schools, colleges & Universities (स्कुल, कलेज तथा विश्वविद्यालयहरू सबैको सरकारले स्वामित्व लिने र नियन्त्रण गर्ने)
16. The End of private transportation, owning cars etc. (निजी सवारी साधन लिन नपाउने जस्तै साइकल, मोटरसाइकल, कार आदि)
17. All Businesses owned by Government & Corporations. (सबै व्यापार व्यवसाय सरकार तथा कर्पोरेटहरूले मात्रै चलाउने)
18. The Restriction of non essential air travel (अनाववश्यक हवाइ यात्रामा प्रतिबन्ध लगाउने)
19. Human beings concentrated into human settlement zones, cities (मानिसहरूलाई निश्चित ठाउँ वा निश्चित सहरमा मात्रै बस्न दिने)
20. The End of Irrigation (सिंचाइको सुविधा अन्त्य गरिदिने)
21. The End of Private farms & grazing lovestock. (निजी खेतबारी तथा चरी चरनको अन्त्य गर्ने)
22. The End of single family homes (एउटा परिवारले छुट्टै घर बनाउन नपाउने/घर नहुने)
23. Restricted land use that serves human needs (मानिसहरूको आवश्यकताको लागि जग्गा जमिन प्रयोग गर्न नपाउने)
24. The ban of natural non synthetic drug & naturopathic medicine (सबै प्राकृतिक, बिना केमिकलको औषधी र अन्य नेचुरोप्याथी औषधीहरूलाई प्रतिबन्ध लगाउने)
25. The End of fossil fuels (जैविक उर्जा प्रयोग गर्न नपाउने)

**गाउँ उजाडिनेछ:**

७५% अमेरिकन बस्तीलाई त्यहाँका शहरहरूमा स्थानान्तरित गरिएको छ बाँकी २५% गाउँको आवादीलाई पनि शहरमा स्थानान्तरित गर्ने काम तिव्रताका साथ चलिरहेको छ । यस्तो उनीहरूले नेपालसहित प्रत्येक देशमा गर्दै छन् । अधिकांश मानिसहरू यस सत्यतासँग अन्जान छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**हामीले के गर्ने:**

यस षड्यन्त्रको बारेमा एकअर्कालाई सुचित गर्नुपर्छ । स्वतन्त्रता हाम्रो जन्मसिद्ध अधिकार हो । हाम्रो अवश्य नै जित हुनेछ । आफ्नो आवाज टड्कारो पार्नुपर्छ । सम्पूर्ण विश्वका मानिसहरूले यसको विरोध गरिरहेका छन्, अब हामी पनि जाग्नुपर्छ । सञ्चार मिडिया यिनीहरूको धेरै ठूलो हतियार हो । तपाईंले यस्ता सम्पूर्ण जानकारी आफैं एकत्रित गर्नुपर्छं । कुनै प्रेस तथा मिडियाले त आफ्नो मालिकको कुरा मात्रै भट्याउछन् ।

**एजेण्डा-२१ को इतिहास**

सन् १८८० को सेरोफेरोमा सेसिल रोड्स ९ग्० लाई रोथशिल्ड परिवारले आर्थिक लगानी गरेर यस उद्देश्यको लागि काम गर्न लगाए कि एक वैश्विक सरकार होस्, जसले मुद्रा, सेना तथा पूरै विश्वमाथि नियन्त्रण गरोस्, जहाँ आफ्नै नीतिहरू निर्धारण होस् । यसै उद्देश्यका साथ पछि रकफेलर फाउण्डेशन, कार्नेगी, फोर्ड फाउण्डेशन, आदि जोडिन पुगे । वर्तमानमा विल गेट्स, मार्क जुकरवर्ग, क्लिन्टन फाउण्डेशन आदिको यसमा सक्रिय भूमिका छ । उनीहरूले आफ्नो उद्देश्य पूर्तिको लागि एजेन्डा-२१ को नारा दिएका छन् । विगतका दुइवटै विश्वयुद्ध यसै उनीहरूद्वारा नै गराइएको थियो ,। वैश्विक स्तरमा विश्व बैंक, WHO,UN, UNPE, UNDP,UNEP युनिसेफ आदि संगठन बनाइएका छन् । यी संगठनहरू माथिबाट हेर्दा त हितकारी छन्, तर तिनका माध्यमले मानिसहरूको जीवनको प्रत्येक क्षेत्रलाई नियन्त्रित गरिंदै छ, जसले गर्दा सम्पूर्ण विश्वमाथि कब्जा गर्न सकियोस् । वास्तवमा यसको जग भने एमशेल रोथशिल्डले सन् १७७० देखि नै तयार पारिएको थियो ।

## रोथशिल्डले तयार गरेको नयाँ विश्व व्यवस्था (सन् १७७३)

सन् १७७० मा एमसेल रोथशिल्डले यहुदी परिवारमा जन्मिएका तथा यहुदी तालिम प्राप्त एडम वाइजप्ट (Adam Weishaupt) लाई इलुमिनाटी (Illuminati) नामको संस्था गठन गर्नका लागि नियुक्त गरे । साथसाथै संसारलाई नियन्त्रणमा राख्नको लागि सैतानी विचारधारालाई पुनर्जीवित र आधुनिकीकरण गरेर लागू गरे ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसैगरी सन् १७७३ मा एमशेल रोगशिल्डले अन्य १२ सबैभन्दा धनी व्यक्तिहरूलाई फ्र्याङ्कफोर्ड (अमेरिकाको केन्टकी राज्यको राजधानी) मा भेला गरेर आफ्नो परम लक्ष्य एक विश्व व्यवस्था (New World Order) को लागि आफ्नो स्रोतसाधन लगानी गर्न प्रस्ताव गऱ्यो । यसबाहेक उसले विश्वभरिको धनसम्पत्ती, प्राकृतिक सम्पदा र जनशक्तिलाई नियन्त्रण गर्नको लागि २५ वटा कुख्यात योजनाहरू पनि प्रस्तुत गऱ्यो ।

**२५ योजनाहरू:**

१. प्राज्ञिक बहस (शास्त्रार्थ) भन्दा पनि हिंसा र आर्तकवादलाई प्रयोग गर्ने ।

२. राजनैतिक शक्तिलाई कब्जा गर्नको लागि उदारवाद (Liberalism) प्रचार गर्ने ।

३. हरेक देशमा जातीय युद्ध भड्काउने

४. राजनीतिज्ञहरूलाई अनैतिक बनाएर धुर्त, भ्रामक र भ्रष्ट बनाउने ।

५. पुरानो सबै व्यवस्था तथा शक्तिहरू भत्काउने र सबै व्यवस्था तथा संरचना अर्को बनाउने (Great Reset)

६. जबसम्म सारा शक्ति आफ्नो हातमा निहित हुँदैन तबसम्म अदृश्य रहने ।

७. निरपेक्ष निरंकुता बिना कुशल शासन गर्न सकिँदैन । त्यसैले जनतालाई नियन्त्रण गर्नको लागि भिड मनोविज्ञानको प्रयोग गर्ने ।

८. अल्कोहल रक्सी लागूपदार्थ, नैतिक भ्रष्टता र सबै प्रकारका दुव्यवहारको पक्षमा वकालत गर्ने साथै युवाहरूलाई भ्रष्ट बनाउन सेक्स पोर्न र ड्रग्स व्यवस्थित रूपमा प्रयोग गर्ने ।

९. कागजात र सर्वभौमसत्ता सुरक्षित गर्ने बहानामा कुनै पनि माध्यमबाट सम्पत्ति कब्जा गर्ने ।

१०. युद्धहरू भड्काउने र शान्ति सम्मेलनलाई नियन्त्रण गर्ने जसले गर्दा कुनै पनि लडाकुले आफ्नो भू-भाग प्राप्त गर्न हामीसँग ऋण लिनु परोस् र हाम्रो अधिनमा बस्नुपरोस् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११. सार्वजनिक कार्यालयका लागि उम्मेदवारहरू छान्ने "जो हाम्रो आदेशहरू प्रति वफादार र आज्ञाकारी हुनेछन्, त्यसैले तिनीहरू सजिलैसँग हाम्रो खेलमा प्यादाको रूपमा प्रयोग गर्न सकिन्छ ।"

१२. सार्वजनिक सूचनाका सबै स्रोतहरू नियन्त्रण गर्ने, र प्रपोगाण्डा फैलाउनको लागि प्रेस/संचार माध्यमलाई प्रयोग गर्ने । जब यो उभेलमा पर्छ तब आरोपहरूबाट मुक्त भइन्छ ।

१३. जनताहरूलाई उनीहरू अपराधीहरूको शिकार भएको विश्वास दिलाउने । त्यसपछि आफ्नो आदेश पुनस्थापित गर्ने र मुक्तिदाताको रूपमा स्थापित हुने ।

१४. आर्थिक मन्दी/विशमता सिर्जना गर्ने । मानिसहरूलाई नियन्त्रण गर्नको लागि भोकमरीको प्रयोग गर्ने ।

१५. परोपकारको पर्दा ओढाएर आफ्नो यहुदी भौतिकवादी विचारधारा अन्य जातीमा पनि फैलाउनको लागि ग्राण्ट ओरियन्ट लजहरूमा फ्रिमेसनरीहरूलाई प्रयोग गर्ने ।

१६. सारा संसारलाई धार्मिक बाटोबाट च्युत गराइदिने र गलत आस्था स्थापित गरिदिने ।

१७. व्यवस्थित धोका उच्च स्वरमा वाक्यांशहरू र लोकप्रिय नाराहरू प्रयोग गराउने । प्रतिज्ञा गरेको कुराको सधैँ विपरीत गराउने र यसको कुनै प्रयोजन छैन भन्ने बनाउने । (जनतालाई सधैँ धोका मात्रै)

१८. आतंकको शासन स्थापित गराउन सबैभन्दा किफयती तरिका 'तिव्र रूपमा नियन्त्रण' गर्ने ।

